# अध्याय : एक

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **निम्न माध्यमिक तहमा व्याकरण शिक्षण कार्यकलापहरूको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम्.एड्.) दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा के कस्ता कार्यकलापहरू गराइन्छन् । व्याकरणको अवधारणा विद्यार्थीलाई गराउँदा के कस्ता समस्याहरू देखिन्छन् । उक्त समस्याको समाधान गर्न कस्ता पद्धतिहरू अपनाइएको छ भन्ने सन्दर्भमा प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ ।

क) निम्न माध्यमिक तहका पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक अभ्यासहरूको शिक्षण कसरी गरिन्छ ?

ख) पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक नमुना सामग्री पाठ्यक्रम अनुरूप छन् ?

ग) व्याकरण शिक्षण गर्दा कस्ता शिक्षण विधिको प्रयोग गरिन्छ ?

घ) तालिम प्राप्त र अप्राप्त भाषा शिक्षकहरूले व्याकरण शिक्षण गर्दा अपनाउने कार्यकलापहरूमा के-कस्तो भिन्नता छ ?

## १.४ शोधपत्रका उद्देश्यहरू

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) निम्न माध्यमिक तहका भाषा पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक अभ्यासहरूको शिक्षण के कसरी भएका छन् पत्ता लगाउनु,

ख) पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक नमुना सामग्री पाठ्यक्रम अनुरूप भए नभएका पत्ता लगाउनु,

ग) निम्न माध्यमिक तहमा व्याकरणात्मक शिक्षणमा शिक्षकहरूले अपनाउने विधिहरूको अध्ययन गर्नु,

घ) तालिम प्राप्त र अप्राप्त भाषा शिक्षकहरूले व्याकरण शिक्षण गर्दा अपनाउने कार्यकलापहरूको फरक पहिचान गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि विषयमा शोधकार्य गर्नुभन्दा पहिला उक्त क्षेत्रमा यसभन्दा अगाडि के-कस्ता कार्य भए ? के-कस्ता उपलब्धि प्राप्त भए ? पूर्ववर्ती कार्यहरूले के-कस्ता निष्कर्ष र सुझाव दिए ? सो क्षेत्रमा अझै पनि के-कस्ता समस्याहरू छन् ? भन्ने कुराको विश्लेषण गरी नयाँ कार्य थाल्नु उपयुक्त हुन्छ, यही नै पूर्वकार्यको अध्ययन हो । यस अध्ययनले यसभन्दा अगाडि भए गरेका सम्पूर्ण जानकारी प्राप्त हुनाको साथै अध्ययनका सबल र दुर्बल पक्षहरू समेत थाहा पाइन्छ । पूर्वकार्यको समीक्षाबाट अध्ययनीय विषयको अनावश्क पुनारावृत्ति नहुने, नयाँ अध्ययनको सैद्धान्तिक आधार प्राप्त हुने, अनावश्यक काममा अलमलिनु नपर्ने, अध्ययनका क्रममा प्राप्त भएका तथ्य तथ्याङ्कको विश्लेषण गर्ने आधार तयार हुने जस्ता महत्त्वपूर्ण उपलब्धि प्राप्त गर्न सकिन्छ ।

भाषा र व्याकरणको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भाषाबिना व्याकरणको अस्तित्व हुँदैन भने व्याकरणबिनाको भाषा पनि सार्थक हुन सक्दैन । अत : सरकारी कामकाजको भाषा र नेपाली भाषाको शैक्षिक प्रयोजनमा समानता ल्याउनका लागि व्याकरण शिक्षण गर्नु अपरिहार्य देखिन्छ । नेपाली भाषा शिक्षणको सन्दर्भमा वि.स. २०२८ पछि निर्मित पाठ्यक्रममा भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरूकै माध्यमबाट व्याकरण सिकाउने दृष्टिकोण राखिएको पाइन्छ । निम्न माध्यमिक तहमा पाठ्यपुस्तकमा समाविष्ट व्याकरणतत्त्वहरूको सैद्धान्तिक ज्ञानमा बढी जोड दिनुभन्दा पाठमा प्रयुक्त शब्द, वाक्य आदि भाषिक एकाइहरू भित्र भाषाको व्यवस्था खोज्ने, शब्द, वाक्य आदि भाषिक एकाइहरूभित्र भाषाको व्यवस्था खोज्ने, पहिल्याउने तथा बुझ्ने र त्यसलाई अभ्यास गराउनु सान्दर्भिक हुन्छ भन्ने परिवर्तित धारणा वर्तमान पाठ्यक्रमले अघि सारेको  पाइन्छ । निम्न माध्यमिक तहमा व्याकरणका कोरा नियम सिकाउनु

भन्दा व्याकरणलाई भाषासँग एकिकृत गरी सिकाउनु उपयुक्त मानिन्छ । व्याकरण शिक्षणबाट नै भाषिक प्रयोगमा हुने कमजोरीहरू निराकरण गर्न सकिन्छ । विश्वविद्यालय तहको नेपाली भाषा सबल शुद्ध र प्रयोगिक हुनपर्छ । उच्च स्तरीय बोध तथा अभिव्यक्ति क्षमताको विकास गर्न स्तरीय भाषिक क्षमता अभिवृद्धिका लागि विद्यालय तहमा व्याकरण शिक्षण कार्यकलापहरू गरिन्छ ।

अतः व्याकरण शिक्षणमा देखिएका यावत् विसङ्गति र अन्योलग्रस्त पक्षहरूको निराकरण गर्न व्याकरण शिक्षण सम्बन्धी अनुसन्धान आवश्यक छ । व्याकरण शिक्षण सम्बन्धी केही अनुसन्धान पनि भएका छन् । ती अनुसन्धानलाई सम्भव सामग्रीहरूको आधारमा संक्षिप्त रूपमा यसरी प्रस्तुत गरिएको छ ।

**क) व्याकरण शिक्षणका क्षेत्रमा भएका सैद्धान्तिक अध्ययनहरू**

**अ) केदार प्रसाद शर्मा र माधवप्रसाद पौडेल** (२०६०), **"नेपाली भाषा र साहित्य शिक्षण",** पुस्तकमा निम्न माध्यमिक तहदेखि व्याकरण शिक्षण व्याकरण शिक्षण आवश्यक भएको कुरा उल्लेख गरेको पाइन्छ । उक्त तहमा व्याकरण शिक्षण गर्दा सरलबाट जटिल हुनुपर्ने, आगनात्मक विधि अपनाउनु पर्ने, व्याकरणात्मक प्रयोग र अभ्यासलाई बढी जोड दिई सामान्य नियम निर्माण र पालना गर्न सक्ने अभिप्रायामा व्याकरण शिक्षणलाई लिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

**आ) यादव प्रकाश लामिछाने** (२०६२), **नेपाली भाषा शिक्षण परिचय** पुस्तकमा भाषालाई शासित र व्याकरणलाई शासक भनी उल्लेख गरेको पाइन्छ । यसैगरी व्याकरण शिक्षणका निगमन विधि, आगमन विधि, भाषासंसर्ग विधि तथा भाषा पाठ्यपुस्तक विधिहरू समेत उल्लेख गरेको पाइन्छ ।

**इ) हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्मा** (२०६२), **'प्रारम्भिक नेपाली शिक्षण'** पुस्तकमा व्याकरण प्रयोगात्क हुनुपर्ने, व्याकरणका नियम घोकेर भाषामा सुधार नआउने, व्याकरणका नियम अमूर्त हुने, प्राथमिक तहमा व्याकरणको सैद्धान्तिक पठनपाठन औचित्यपूर्ण नहुने, कुरा उल्लेख गर्दै कार्यमूलक व्याकरणमा जोड दिनुपर्ने बताइएको छ । उक्त पुस्तकमा सूत्र

वा नियमद्वारा, उादहरणद्वारा, भाषाको शुद्ध प्रयोगद्वारा र भाषा पाठ्यपुस्तकद्वारा व्याकरण सिकाउन सकिने कुरा उल्लेख गरेको पाइन्छ ।

**ख) नेपाली भाषा र व्याकरण शिक्षण अन्तर्गत भएका विधि तथा कार्यकलाप सम्बन्धी शोधपत्रगत अध्ययन**

अ) **हिमलाल न्यौपाने (२०५७) ले "कक्षा नौ र दसको नेपाली पाठ्यक्रममा प्रयुक्त व्याकरण अभ्यासहरूको अध्ययन"** शीर्षकमा शिक्षा शास्त्र सङ्कायको स्नातकोत्तर तहमा शोधकार्य गरेका छन् । उक्त शोधपत्रमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले प्रयोग गरेका व्याकरण शिक्षण विधिहरूलाई प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको आधारमा तुलनात्मक अध्ययन, विश्लेषण गरेको पाइन्छ । भाषा शिक्षण विद्यार्थी केन्द्रित नभएको, शैक्षिक सामग्रीको कमजोर प्रयोग, विद्यार्थी सक्रियतामा कमी, मूल्याङ्कन पक्ष कमजोर रहेको कुरा उक्त शोधपत्रमा उल्लेख छ ।

आ) **सीता सुवेदी (२०६०) ले कक्षा नैामा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन** शीर्षकमा शोधपत्र प्रस्तुत गरेको पाइन्छ । उक्त शोधपत्रमा व्याकरण शिक्षण गर्दा उपयुक्त शिक्षण विधिको प्रयोग गर्न नसकेको, शैक्षिक सामग्रीको अपूर्णता रहेको, कक्षागत कार्यकलाप प्रभावकारी हुन नसकेको, मूल्याङ्कन प्रथा कमजोर भएको, तालिम अप्राप्त शिक्षकले निगमन विधिको उपयोग बढी गरेको तथा गृहकार्य जाँची पृष्ठपोषण प्रदान नगरेको जस्ता पक्षलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी कक्षामा कमजोर विद्यार्थीलाई ध्यान दिएर कक्षा शिक्षण र कार्यकलापको उपयोग गर्नुपर्ने, पाठ्यवस्तु अनुसार सान्दर्भिक शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने, व्याकरणतत्त्वमा प्रशस्त अभ्यास गराउनुपर्ने, तालिम अप्राप्त शिक्षकलाई तालिम प्रदान गर्नुपर्ने तथा सरकारी विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूलाई शिक्षणमा प्रभावकारीता ल्याउन आवश्यक निर्देशन दिने र अनुगमन गर्नुपर्ने सुझाउहरू प्रस्तुत गरिएको छ ।

इ) **शिवराम मरहठ्ठा (२०६१) ले" चितवन जिल्लाका सरकारी विद्यालयमा कक्षा नौ मा अध्ययन गर्ने थारूभाषी विद्यार्थीहरूले वर्णविन्यासका क्षेत्रमा गर्ने त्रुटिहरूको अध्ययन** "शीर्षकमा शोधपत्र प्रस्तुत गरेका छन् । उक्त शोधपत्रमा दोस्रो भाषाको रूपमा नेपाली

भाषा शिक्षण गर्दा के-कस्ता समस्याहरू देखिएका छन् र त्यसको निराकरण गर्न आवश्यक पर्ने शिक्षण विधि र कार्यकलापमा ध्यान दिनुपर्ने, दोस्रो भाषाको रूपमा नेपाली भाषा सिकाउदा प्रशस्त अभ्यास गराउनुपर्ने मातृभाषी शिक्षकको व्यवस्था गर्नुपर्ने जस्ता सुझाउहरू दिइएका छन ।

यसरी नेपाली भाषा र व्याकरण शिक्षण कार्यकलापका सन्दर्भमा केही अनुसन्धान भएतापनि निम्न माध्यमिक तहमा अध्यापन हुने व्याकरण शिक्षण कार्यकलापको बारेमा एकातर्फ अन्योल छ भने अर्कोतर्फ एकरूपता पनि हुन सकेको छैन । त्यसैले हालसम्म अध्ययन नभएको उक्त शीर्षकमा शोधकार्य गर्न लागिएकोले व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापको सुव्यवस्थित, तुलनात्मक र विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य तथा महत्त्व

भाषालाई स्तरीय, व्यवस्थित, शुद्ध र मानक बनाउनका लागि र भाषामा त्यस किसिमको क्षमता अभिवृद्धिका निम्ति व्याकरण शिक्षण कार्यकलाप आवश्यक र अनिवार्य हुन्छ । व्याकरणले नै कुनै पनि भाषालाई व्यवस्थित, शुद्ध, स्पष्ट सम्प्रेष्य र दीर्घकालीन बनाउँछ । त्यसैले भाषा र व्याकरणवीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । सही ढङ्गबाट व्याकरण शिक्षण गरियो भने मात्र शिक्षार्थी भाषामा दक्ष बन्न सक्छ । कालान्तरमा त्यही शिक्षार्थी भाषाको विज्ञ ज्ञाता पनि बन्न सक्छ । व्याकरणको प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञान हुनु जरुरी हुन्छ ।

भाषाको मानक रूप निर्धारण गरी शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउनु जरुरी देखिन्छ । पाठ्यक्रमले तोकेको लक्ष्य पूरा गर्न पनि उचित शिक्षण सिकाइ कार्यकलाप हुनुपर्दछ । भाषा शिक्षकहरूले विद्यार्थीहरूमा व्याकरण शिक्षण गर्दा के-कस्ता शिक्षण विधिहरू प्रयोग गर्ने गरेका छन ? त्यसको ज्ञान हुनु अत्यावश्यक देखिन्छ । निजी तथा सरकारी क्षेत्रमा शिक्षकले व्याकरण शिक्षण गर्दा अपनाउने विधिहरूमा के-कस्ता समानता र अन्तर पाइन्छन ? तालिम प्राप्त र अप्राप्त शिक्षकले गरेका शिक्षण कार्य बीचको विभेद कस्तो किसिमको छ ? सबै जानकारी हुनु आवश्यक देखिन्छ । त्यस्तो किसिमको पृष्ठपोषण र रणनीतिले विद्यार्थीका सिकाइ कार्यकलापमा सहयोग पुऱ्याउँछ भन्ने लगायतका पक्षहरूको समुचित उत्तर यस शोधकार्यमा खोजिएको छ ।

कुनै पनि कुराको अध्ययनको आफ्नै महत्व हुन्छ । समग्रमा यस अध्ययनको औचित्य तथा महत्त्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) विद्यालय तहमा व्याकरण शिक्षण गर्दा कस्ता किसिमका कार्यकलापहरूको उपयोग गरियो र गरिन्छ भन्ने कुराको अध्ययन गर्नु,

ख) व्याकरण शिक्षणले विद्यार्थीलाई स्तरीय, मानक र शुद्ध गरी भाषाको शब्द, अर्थ तथा अभिव्यक्तिमा अभ्यासिक बनाउन सक्छ कि सक्दैन सो कुराको अध्ययन गर्नु,

ग) विद्यार्थीहरू आफूले पढेका भाषाको भाषिक संरचना र व्याकरणात्मक तत्त्वको प्रयोग गर्न सक्षम छन् कि छैनन् भन्ने कुराको अध्ययन गर्नु,

घ) विद्यालय तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षक, अध्ययन गर्ने अध्येता तथा नेपाली भाषा र व्याकरणसँग चासो राख्ने जोसुकैलाई यस अध्ययनले सहयोग पुऱ्याउनु,

ङ) भविष्यमा नेपाली भाषा र व्याकरण अध्ययन गर्ने अध्ययेताका लागि भावी शैक्षणिक योजना र रणनीति तयार गर्न मार्ग निर्देश गर्नु ।

यसर्थ व्याकरण शिक्षणलाई भाषा वैज्ञानिक, प्रयोगिक विधिबाट कक्षा कार्यकलाप प्रस्तुत गर्न यस प्रकारको शोधकार्यले ठूलो सहयोग पुऱ्याउँछ । निम्न माध्यमिक तहमा व्याकरण शिक्षण कार्यकलापहरूको अध्ययन शीर्षकसँग प्रत्यक्ष सम्बन्धित अनुसन्धान कार्य हालसम्म नगरिएकाले यसको औचित्य तथा महत्त्व स्वतः प्रष्ट हुन्छ ।

## १.७ शोधकार्यको क्षेत्र र सीमा

विद्यार्थीमा व्याकरण सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको अभिवृद्धिका लागि शिक्षकहरूद्वारा अपनाइने विधि तथा कार्यकलापहरू, विद्यालयको भौतिक सुविधा, शैक्षिक सामग्रीको उपलब्धता लगायतका पक्षहरूको बारेमा गहिरो अध्ययन हुनु आवश्यक हुन्छ । यति हुँदाहुदै पनि ती सम्पूर्ण कार्यको अध्ययन विविध कारणले गर्दा सम्भव नभएकाले यस शोधकार्यको क्षेत्रलाई निम्नानुसार सीमाबद्ध गरिएको छ ।

**क**) प्रस्तुत अध्ययन चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित कक्षा छ, सात र आठमा अध्ययापनरत दस जना शिक्षकहरूका व्याकरण शिक्षण कार्यकलापको प्रश्नावली एवम् कक्षा अवलोकनमा सीमित रहेको छ ।

**ख**) यस अध्ययनमा दसओटा निम्न माध्यमिक तहमा कार्यरत शिक्षकहरूमा पाँचजना सामुदायिक र पाँचजना संस्थागत विद्यालयलाई अध्ययनको सीमा कायम गरिएको छ ।

**ग**) निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले शिक्षण गर्दा अपनाउने कार्यकलापको अध्ययनमा प्रस्तुत शोधपत्र सीमित रहेको छ ।

**घ**) प्रस्तुत अध्ययन उक्त तहका शिक्षकहरूका कक्षा अवलोकन, प्रश्नावली र अन्तर्वाताबाट प्राप्त सूचनाहरू र तथ्याङ्कको व्याख्या विश्लेषणमा सीमित रहेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्य मूल रूपमा क्षेत्रीय सामग्री सङ्कलन विधि, सर्वेक्षण विधि र आँशिक रूपमा पुस्तकालयीय अध्ययन विधिमा आधारित छ । अध्ययनका क्रममा निम्न लिखित चरणमा शोधकार्य सम्पन्न गरिएको छ :

### १.८.१ जनसङ्ख्या छनोट तथा प्रतिनिधि नमुना

चितवन जिल्लाको पूर्वी क्षेत्रमा पर्ने झुवानी स्रोतकेन्द्र अन्तर्गत अवस्थित दस जना निम्न माध्यमिक तहमा अध्यापनरत शिक्षकहरू र विद्यालयलाई यसमा समावेश गरिएको छ ।

### १.८.२ सामग्री निर्माण

प्रस्तुत शोधकार्यलाई आगाडि बढाउन स्वीकृत ढाँचामा शिक्षकहरूका निम्ति कक्षा अवलोकन फाराम र प्रश्नावली तयार पारिएको थियो । ती निम्नानुसार रहेका छन् :

**क**) प्रश्नावली अन्तर्गत कक्षा छ, सात र आठमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकका सामान्य सूचना, शिक्षकले शिक्षणका क्रममा निर्माण गरेका शैक्षिक सामग्री, शैक्षणिक योजना, कक्षा कार्यकलाप, शिक्षण गर्दा अपनाइएका विधिहरू, व्याकरण शिक्षणको प्रभावकारीता, विद्यालयको शैक्षिक वातावरण जस्ता पक्षहरू समावेश गरिएको छ ।

ख) कक्षा छ, सात र आठका नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले कक्षा शिक्षण गर्दाका समयमा शोधकर्ता आफैं उपस्थित भई कक्षा अवलोकन फाराम भर्ने काम गरियो । यस क्रममा अवलोकन फाराममा कक्षाको सिकाइ वातावरण, शिक्षकको व्यक्तित्व,

कक्षा शिक्षणको सुरुआत, शैक्षणिक योजना, गृहकार्य, विद्यार्थी मूल्याङ्कन, व्याकरण शिक्षणको प्रभावकारीता जस्ता पक्षहरू समावेश गरिएको थियो ।

### १.८.३ सामग्रीको पूर्व परीक्षण

शोधकार्यका लागि निर्माण गरिएका प्रश्नावली चितवन जिल्लाको पूर्वी क्षेत्रका दुईओटा सरकारी र दुई ओटा निजी विद्यालयका चारजना शिक्षकलाई नमुनाका रूपमा फाराम भराउने कार्य गरियो । यसैगरी उक्त चारओटै विद्यालयमा कक्षा शिक्षणको क्रममा शोधकर्ता स्वयम् उपस्थित भई कक्षा अवलोकन गर्ने कार्य पनि गरियो । यसरी नमुना परीक्षण गरिसके पश्चात शोध निर्देशकको निर्देशनानुसार प्रश्नावली र कक्षा अवलोकन फाराममा आवश्यक सुधार गरियो र सामग्री कार्यान्वयनका लागि तयार पारियो ।

### १.८.४ परीक्षणको कार्यान्वयन

प्रस्तुत शोधकार्यको उद्देश्य पूरा गर्नका लागि शोधकर्ता स्वयम् प्रतिनिधि नमुना स्थलहरूमा गई कक्षा अवलोकन फाराम र प्रश्नावलीको उपयोगद्वारा सूचना सङ्कलन गरियो । यसको लागि उक्त विद्यालयहरूमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने दस जना शिक्षकहरूलाई प्रश्नावली भर्न लगाइ त्यसबाट तथ्य सङ्कलन गर्ने कार्य गरियो ।

### १.८.५ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

शोध सामग्रीको कार्यान्वयन प्रश्चात प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन अध्ययनका क्रममा प्राप्त भएका तथ्यहरूलाई वर्णनात्मक प्रविधि अपनाएर व्यख्या तथा विश्लेषण गरियो । यस क्रममा प्राप्त भएका तथ्यहरूमध्ये शोधकार्यमा प्रत्यक्ष रूपमा सहयोगी हुने सूचनाहरूलाई मात्र उपयुक्त अंश मानेर व्याख्या तथा विश्लेषण गरियो । सङ्कलित सूचना तथा तथ्याङ्कहरूलाई व्याख्या विश्लेषण गर्नको लागि विभिन्न शीर्षक दिई तालिकामा आवद्ध गरिएको छ । यसैगरी प्रश्नावली र कक्षा आवलोकनबाट प्राप्त तथ्यहरूको प्रतिशत निकालियो । त्यसपछि उक्त प्रतिशतका आधारमा तुलना तथा व्याख्या विश्लेषण गरी निष्कर्ष सहित सुझाउहरू प्रस्तुत गरियो ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्न लिखित अध्यायमा केन्द्रित रहेको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : व्याकरण शिक्षणको सैद्धान्तिक परिचय

अध्याय तीन : प्रश्नावलीबाट प्राप्त तथ्यहरूको व्याख्या तथा विश्लेषण

अध्याय चार : कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको व्याख्या तथा विश्लेषण

अध्याय पाँच : शिक्षक प्रतिक्रिया तथा कक्षा अवलोकनको तुलनात्मक विश्लेषण

अध्याय छ : निष्कर्ष र सुझाउहरू

सन्दर्भग्रन्थ सूची

परिशिष्टहरू

# अध्याय : दुई

## सैद्धान्तिक परिचय

### २.१ व्याकरणको परिचय र परिभाषा

भाषा विचार सम्प्रेषणको सशक्त माध्यम हो । भाषा खास किसिमको व्यवस्थाबाट व्यवस्थित हुन्छ । भाषामा निहित व्यवस्थाको वर्णनलाई व्याकरण भनिन्छ । (**अधिकारी र शर्मा, २०६२**) सबै भाषाको आ-आफ्नो व्याकरण हुन्छ । भाषा शिक्षणमा व्याकरणको महत्त्वपूर्ण स्थान रहन्छ । सबै भाषामा ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ जस्ता पक्षहरूको व्यवस्था हुन्छ । यस्ता व्यवस्थाहरू आफैमा नियमबद्ध हुन्छन् । समयको गति सँगसँगै भाषामा पनि परिवर्तन हुँदै जान्छ । यसरी परिवर्तित भाषालाई समय सापेक्ष र अनुशासित बनाउने काम व्याकरणले गर्दछ । भाषाका लेख्य र कथ्य गरी दुई रूप हुन्छन् । यिनीहरूको पनि आ-आफ्नै अस्तित्व रहेको छ । भाषाको कथ्य रूप अनौपचारिक हुन्छ । भाषालाई व्यवस्थित गर्ने काम लेख्य रूपले गरेको हुन्छ । लेख्य भाषाको मानक रूप हो । भाषाको यस्तो मानक रूपको लागि व्याकरणको आवश्यकता पर्दछ । व्याकरणले भाषाभित्र रहेको व्यवस्था तथा नियम बुझ्न सहयोग गर्दछ । यसबाट अझ स्पष्ट, शुद्ध र स्तरीय रूपमा भाषाको प्रयोग गर्न सहयोग मिल्दछ ।

व्याकरण के हो ? भन्ने विषयलाई स्पष्ट यहाँ विभिन्न शब्दकोश, व्याकरणकार तथा भाषाविदहरूले दिएका परिभाषालाई उल्लेख गर्न सान्दर्भिक ठानिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) भाषाका वर्ग, रूप, शब्द, वाक्यांश र वाक्य आदिमा अन्तर्निहित भाषाको व्यवस्थाभित्र रहेका नियमहरूको उदाहरण सहित वर्णन तथा व्याख्या भएको पुस्तक नै व्याकरण हो । (**नेपाली शब्दकोश, २०६१**)

ख) कुनै भाषाका शब्द तिनका रूप, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमहरूको निरूपण गर्ने शास्त्र व्याकरण हो । ( **नेपाली शब्दकोश, २०१९**)

ग) भाषाको शब्द, वाक्य आदिको शुद्धता आदि निरूपण गर्ने नियम, शास्त्र वा विद्या व्याकरण हो । ( **नेपाली शब्दसागर, २०५७**)

घ) विभिन्न वर्ण, शब्द, रूप शब्दभेद, प्रकृति, प्रत्यय, धातु, धातुरूप, वाक्य, वाक्य भेद तथा कुन ठाउँमा कस्तो रूप प्रयोग गर्नुपर्छ भन्ने कुरालाई विस्तारपूर्वक वर्णन गरिएको शास्त्र नै व्याकरण हो । (**वृहत नेपाली व्याकरण** (२०३३), **ने.रा.प्र.प.**)

ङ) शब्दको उत्पत्ति, रूप, अर्थ विभाग, र वाक्यमा प्रयोग एवम् सम्बन्धको व्यवस्था गर्ने प्रक्रिया, शब्दशास्त्र, भाषातत्त्व, व्याकरण हो । ( **नेपाली शब्दभण्डार, २०६२**)

**च) व्याकरणले भाषालाई शुद्ध रूपमा बोल्न र लेख्नका लागि सहयोग पुऱ्याउँछ । (बराल र एटम (२०६५), सरल माध्यमिक व्याकरण ।**

छ) भाषामा निहित व्यवस्थाको वर्णनलाई व्याकरण भनिन्छ । **अधिकारी र शर्मा (२०६२ : १२६)**

## २.२ व्याकरण शिक्षणको प्रयोजन

भाषा र व्याकरण एक अर्काका अन्तर सम्बन्धित विषय हुन् । भाषा शिक्षणका सन्दर्भमा व्याकरण शिक्षणको महत्त्वपूर्ण स्थान हुन्छ । व्याकरणले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा कुशलता प्रदान गर्दछ । "व्याकरणमा खास परिभाषिक शब्दभित्र रहेर भाषाका नियमहरूको वर्णन हुन्छ र ती नियमले भाषालाई नियमित बनाउनुपर्छ । **अधिकारी ( २०३९:२१७) नेपाली भाषा शिक्षण** । व्याकरणलाई भाषाको शासक र भाषालाई शासितका रूपमा स्वीकार गर्न सकिन्छ । व्याकरण शिक्षणको प्रमुख प्रयोजन विद्यार्थीलाई सैद्धान्तिक ज्ञान सिकाउनु नभई सिकाइका क्रममा आइपर्ने समस्याहरूलाई निराकरण गर्नु, सिकाइलाई सरल बनाउनु, भाषा प्रयोगको शुद्धता र उपयुक्ततता प्रति सचेतना प्रदान गर्नु, व्याकरणका नियमलाई भाषाको प्रयोगसँग सम्बन्धित गराएर बुझ्ने क्षमताको विकास गर्नु, भाषाको प्रयोगमा आएका समस्यालाई विद्यार्थी स्वयम्ले हल गर्न सक्ने बनाउनु, व्याकरणिक सुझका साथ-साथै विद्यार्थीलाई भाषा सिकाउनु आदि रहेको पाइन्छ । नेपाली भाषा र व्याकरण शिक्षणका सन्दर्भमा परम्परागत र आधुनिक मान्यता रहेको पाइन्छ । परम्परागत मान्यताले भाषालाई शुद्ध र स्पष्ट रूपमा लेख्न र बोल्न सिकाउने विषय नै व्याकरण हो भन्दछ । यस धारणाले व्याकरणको औपचारिक शिक्षणमा जोड दिएको छ । परम्परागत मान्यता अनुसार व्याकरणको औपचारिक शिक्षण बिना भाषा शुद्धसँग बोल्न र लेख्न नसकिने हुनाले कुनैपनि भाषाका वक्ताले शुद्ध भाषाको प्रयोगका लागि व्याकरण जान्नु आवश्यक मानिएको छ । आधुनिक मान्यता अनुसार भाषा सँगँगै व्याकरण स्वतः सिकिन्छ । व्याकरण भाषासँग अन्तर्निहित हुन्छ । व्याकरणलाई

भाषिक सीप विकास गर्ने अभिन्न अङ्ग बनाएर भाषा सम्बद्ध उपयोगी साधनका रूपमा हेरिनु पर्दछ भन्ने मान्यता रहेको छ ।

व्याकरण अन्य विधाका तुलनामा बढी सैद्धान्तिक र नियमबद्ध हुने गर्दछ, जसको कारण सिकाइ निरसिलो हुन पुग्दछ । व्याकरण शिक्षण गर्दा उपयुक्त शिक्षण विधिका साथसाथै विद्यार्थीको रुचि, चाहना, क्षमता, उमेर, स्तर, साँस्कृतिक तथा पारिवारिक विभिन्नतालाई ख्याल गर्नुपर्ने  हुन्छ । व्याकरण शिक्षणमा हुने निरासता हटाउन शिक्षकले रोचक ढङ्गले शिक्षणको अभ्यास गर्नुपर्दछ । यसको लागि शिक्षकले व्यकरण शिक्षणको प्रयोजन बुझ्नु अनिवार्य हुन्छ । विद्यार्थीमा पनि व्याकरणिक नियमहरू बुझ्नको लागि आवश्यक भाषिक तथा व्याकरणिक पृष्ठभूमिको विकास भएको हुनुपर्छ । विद्यार्थीलाई भाषिक नियम र विशेषता पत्ता लगाउने, शुद्ध, भाषिक रूपको प्रयोग गर्ने, भाषा- भाषा बीचको भाषिक संरचना थाहा पाउने, भाषाको स्थानीय र मानक भेदवीचको संरचना छुट्टयाई मानक रूपमा प्रयोग गर्न सक्षम बनाउने जस्ता प्रयोजनका लागि व्याकरण शिक्षण गरिदै आएको पाइन्छ । यसरी हेर्दा व्याकरणले भाषाका शुद्ध-अशुद्ध, शिष्ट-अशिष्ट, सही-गलत, उपयुक्त-अनुपयुक्त र मानक-अमानक रूपको प्रयोग गर्ने सचेतता प्रदान गर्दछ ।

निम्न माध्यमिक तहमा पुगिसकेका शिक्षर्थीमा व्याकणिक नियमहरू बुझ्नका लागि आवश्यक पृष्ठभूमिलाई ध्यानमा राखेर उनीहरूको क्षमता अनुसार विभिन्न कार्यकलापको प्रयोग गरी व्याकरण शिक्षण गर्नुपर्ने हुन्छ । व्याकरणलाई सैद्धान्तिक रूपमा सिकाउनु भन्दा प्रयोगात्मक रूपमा सिकाउनु बढी प्रभावकारी हुने हुँदा कतिपय अवस्थामा देखिने भाषिक त्रुटिलाई सुधार्न पनि व्याकरण शिक्षणका कार्यकलापहरू सहयोगी हुन्छन् । भाषाको कुन प्रयोग के-कस्ता प्रसङ्गमा उपयुक्त हुन्छ भन्ने कुराको समाधान गर्नका लागि व्याकरणको सैद्धान्तिक ज्ञान मात्र पर्याप्त हुने हुँदा यसका लागि व्याकरणका शिक्षण अपेक्षित ठानिन्छ । व्याकरणले भाषालाई शिष्ट, मार्यादित, सभ्य र व्यवस्थित बनाउने हुँदा पनि व्याकरण शिक्षण बढी उपयोगी मानिन्छ । व्याकरण शिक्षणको मुख्य प्रयोजन भनेको विद्यार्थीलाई आफ्नो भाषामा अन्तर्निहित व्याकरणतत्त्वको निरीक्षण, परीक्षण र व्यवस्थित स्वम् विश्लेषण गर्ने क्षमताको विकास गराउने हो भने व्याकरण शिक्षणले नै विद्यार्थीलाई शुद्ध तथा परिष्कृत भाषा प्रयोग गर्ने क्षमताको विकास गराउँछ ।

## २.३ व्याकरण शिक्षणका प्रमुख विधिहरू

### २.३.१ आगमन विधि

आगमन विधि उन्नाइसौं शताब्दीमा देखा परेर बीसौँ शताब्दीमा पूर्ण विकसित भएको पछिल्लो र आधुनिक विधि हो । भाषा र व्याकरणको औपचारिक शिक्षणमा कम महत्त्व दिने यस विधिले भाषा प्रयोगका आधारमा सिकिन्छ भन्ने मान्यतालाई अपनाएको पाइन्छ । "आगमन विधिको मुख्य उद्देश्य विद्यार्थीहरूलाई त्यस्तो स्थिति सिर्जना गरिदिनु हो जसमा उनीहरू आफै व्याकरणका नियमले काम गरको हेर्न सकून ।" **आचार्य र गौतम** ( **२०६५:१५३**) । वर्णनात्मक भाषाविज्ञान निकट रहेको आगमन विधिले व्यवहारवादी मनोविज्ञानले निर्देश गरेका सिकाइका नियम तथा सूत्र र बालमनोविज्ञानका अवधारणाालाई पछ्याउने काम गरेको छ । आगमन विधिले बढीभन्दा बढी विद्यार्थी केन्द्रित शिक्षण प्रक्रियालाई महÎव दिन्छ । यो विधि अबलम्बन गरी व्याकरण शिक्षण गर्नका लागि विद्यार्थीको भाषिक पृष्ठभूमिको विकास भएको हुनुपर्दछ । भाषाका व्याकरणतत्व सिकाउनका लागि विभिन्न उदाहरण प्रस्तुत गर्ने, विद्यार्थीलाई बढी सक्रिय गराउने शिक्षणका सूत्र अनुसार सरलबाट जटिलको क्रममा शिक्षण गर्ने, बालमनोविज्ञानलाई आत्मसात गर्दै सिकाइ प्रक्रिया अगाडि बढाउने विधि नै आगमन विधि हो । व्याकरण भाषा सापेक्ष हुन्छ तर भाषा व्याकरण सापेक्ष हुदैन भन्ने वास्तविकतालाई यस विधिले अङ्गिकार गरेको हुन्छ । आगमन विधि मुख्यगरी उदाहरणमा आधारित भएको बढी सरल, सुबोध, रोचक, सिकाइमा विद्यार्थी सहभागीता अत्यधिक हुने, सिकाइ चिरस्थायी हुने सिकाइको सीपपरक अभ्यासमा जोड दिने र उपयोगी हुन्छ । प्रशस्त उदाहरणको प्रस्तुतीकरण गर्नुपर्ने भएकोले यो विधि बढी अनुभवमा आधारित पनि रहेको छ । दिइएका उदाहरणका आधारमा व्याकरणकातत्त्वहरू सिकाइने र त्यही उदाहरणकै आधारमा विद्यार्थीलाई नियम पत्ता लगाउन लगाइन्छ । यस विधिको माध्यमबाट व्याकरण शिक्षण गर्दा तथ्य, प्रमाण एवम् उदाहरणको प्रयोग हुने हुनाले सिकाइ सरल, सुबोध तथा रोचक हुनाको साथै विद्यार्थीको सिर्जनात्मक क्षमता पनि बढ्छ । "आगमन विधिको मूल उद्देश्य शिक्षार्थीहरूलाई त्यस्तो स्थिति सृजना गरिदिनु हो जसमा उनीहरू आफै व्याकरण नियमले काम गरेको हेर्न सकून, उनीहरूले सिकेका व्याकरणात्मक धारणाको सामान्यीकरण गर्न सकून र आवश्यकता परेमा परिभाषा तथा नियमसमेत बनाउन सकून ।" **अधिकारी** (**२०३९:२३१**) ।

आगमन विधिको मुख्य उदेश्य सिकाइमा विद्यार्थीलाई बढी भन्दा बढी सहभागी गराइ उनीहरूको सिर्जनात्मक क्षमता बढाउनु हो । यसबाट विद्यार्थीहरू आफै व्याकरणको परिभाषा र

नियम बनाउन सक्षम हुन्छन् । यस विधि अनुसार सिकाइका नियम तथा सूत्रका आधारमा सिकाइ हुन्छ । शिक्षणका दृष्टिकोणले यस विधि अनुसार व्याकरण शिक्षण गर्दा समय धेरै लाग्ने, शिक्षकले पनि बढी नै परिश्रम गर्नुपर्ने भएतापनि विद्यार्थीमा उत्सुकता, रोचकता बढ्ने र उनीहरूलाई सिकाइमा बढी नै सहभागी गराउन सकिन्छ । यसै हुनाले वर्तमान सन्दर्भमा पनि यस विधिलाई लोकप्रिय विधिका रूपमा लिइएको पाइन्छ ।

### २.३.२ निगमन विधि

निगमन विधि व्याकरण शिक्षणको सवैभन्दा प्राचीन शिक्षण विधि हो । सिद्धान्तलाई सिकाइको पहिलो दिशा मान्दै त्यसपछि प्रयोग पक्षमा जाने यो विधि परम्परागत शिक्षणका क्रममा निकै लोकप्रिय रहेको विधि हो । व्याकरणको औपचारिक शिक्षणमा महÎव राख्ने निगमन विधिले भाषा र व्याकरण शिक्षणको आधुनिक कालमा पनि संज्ञात्मक मनोवैज्ञानिक पक्षतिर झुकाव राखेको देखिन्छ । निगमन विधि अनुसार शिक्षण गर्दा सर्वप्रथम नियम वा सूत्र अनि त्यसका आधारमा उदाहरण र त्यसलाई पुष्टि गर्ने काम गरिन्छ । यो विधि सिकाइका सुत्रका आधारमा सरलबाट जटिल, ज्ञातबाट अज्ञात नभई जटिलबाट सरल र अज्ञातबाट ज्ञानतर्फ हुने भएकाले यसलाई अमनोवैज्ञानिक विधि पनि मानिन्छ । व्याकरणका नियमहरू कण्ठ गर्नुपर्ने, शिक्षक बढी सक्रिय हुने, काम दक्ष शिक्षकले पनि सिकाउन सक्ने, शिक्षण सामग्रीको न्यून प्रयोग हुने जस्ता सीमितताले गर्दा यो विधि तल्लो कक्षा र तहका विद्यार्थीका लागि भने उपयुक्त मानिदैन । सूत्रका आधारमा भाषिक विशेषताको सामान्यीकरण गर्नुपर्ने भएकाले यो विधि बौद्धिक प्रकृतिको मानिन्छ । यसले विद्यार्थीको भाषा पृष्ठभूमि तथा पूर्वज्ञानलाई कम महÎव दिन्छ । "यसको शिक्षण प्रक्रिया अज्ञात कुराबाट ज्ञात कुरातिर उन्मुख हुने हुनाले यसलाई सामान्यतः अमनोबैज्ञानिक विधि पनि भनिन्छ । " **अधिकारी** (२०३९:२३४) ।

निगम विधि धेरै पुरानो विधि भएकाले यसको सुरुवातको समय यकिन छैन । विश्व जगतको पूर्वीय र पश्चात्य दुवै क्षेत्रमा व्याकरणको रचना हुन थाले पश्चात यो विधिको सुरूआत भएको अनुमान गर्न सकिन्छ । पूर्वमा संस्कृत र पश्चिममा ग्रीक, ल्याटिन, अंग्रेजी भाषाको शिक्षण क्रमैसँग निगमन विधिको प्रयोग अस्तित्वमा आएको पाइन्छ । शिक्षकको सक्रियता र कण्ठस्थीकरण प्रवृत्तिलाइ प्रोत्साहन दिने यो विधि नेपालको सन्दर्भमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजन लागू हुनुभन्दा पूर्वसम्म बढी नै प्रचलित भएको पाइन्छ । वर्तमानमा पनि उच्च तहमा शिक्षण गर्दा यही विधिको बढी प्रयोग गरिएको पाइन्छ भने तल्ला

कक्षाहरूमा पनि व्याकरण शिक्षणका क्रममा यही विधिलाई कुनै न कुनै रूपमा अपनाइएको पाइन्छ ।

**२.३.३ भाषासंसर्ग विधि वा भाषाविधि**

प्रस्तुत विधि व्याकरण शिक्षणको आधुनिक विधि हो । भाषा र व्याकरणलाई बिल्कुलै अभिन्न मान्ने दृष्टिकोण भाषासंसर्ग वा प्रत्यक्ष भाषा विधिमा भेटिन्छ । व्याकरणको औपचारिक शिक्षण बिनानै भाषाको सीप विकास गर्न तथा भाषामा देखा पर्ने त्रुटिहरूको निराकरण गर्न सकिन्छ भन्ने दृष्टिकोण उक्त विधिमा अन्तर्निहित छ । व्याकरणलाई पाठ्यपुस्तकमा पाठसंग सम्बन्धित गराएर व्याकरणात्मक धारणा विकास गर्न जोड दिने यस विधिले व्याकरणको औपचारिक शिक्षणलाई महÎव दिँदैन । उपयुक्त भाषिक वातावरण पाएमा विद्यार्थीले गल्ती नगरी भाषा सिक्न सक्दछन् । उनीहरूले भाषाका साथै उपयुक्त व्याकरणात्मकतत्त्वहरू समेत सिक्न, बुझ्न र प्रयोग गर्न सक्छन् । व्याकरण सिक्नु नै भाषालाई राम्रो बनाउनु हो । त्रुटिबिना नै भाषा सिक्न सकेमा व्याकरणको औपचारिक शिक्षण आवश्यकता पर्दैन । यस विधिका पक्षहरू स्तरीय, शुद्ध, र उपयुक्त पाठ्यसामग्री निर्माण गरेर कक्षामा व्याकरणसम्मत भाषाको प्रयोग गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छन् । "शिक्षणका क्रममा प्रशस्त श्रव्य-दृश्य सामग्रीको भाषिक प्रयोग गरेर तथा यस्तै अन्य विभिन्न प्रक्रिया र साधानहरूको प्रयोग गरेर विद्यार्थीलाई व्यापक भाषिक संसर्गमा ल्याउने कार्यकलापहरू अपनाउन यो विधिले जोड दिन्छ । " **आचार्य र गौतम (२०६५:१५६)** । यस विधिमा विभिन्न श्रव्य-दृश्य माध्यमको उपयोग र कक्षामा पनि भाषिक अनुसरण र अभ्यासमा बढी जोड दिइन्छ । यसैगरी यस विधिले व्याकरणको शुद्ध, स्तरीय र शिष्ट प्रयोगलाई बढी नै महत्त्व दिन्छ । यस विधिले भाषाको प्रसङ्ग अनुकुलको प्रयोगलाई मुख्य विषय ठान्दछ । व्याकरणको औपचारिक शिक्षणले भने प्रसङ्ग अनुकूल भाषिक प्रयोगलाई वेवास्ता गर्न सक्छ । यस विधिको प्रमुख मान्यता प्रयोग र अभ्यासबाट भाषाको व्याकरण सिकिन्छ भन्ने हो । यसका लागि अलग्गै र औपचारिक व्याकरण पुस्तक आवश्यक हुँदैन । पहिलो र दोस्रो भाषा सिक्नका लागि पनि सिकाइको प्रांरम्भिक आवस्थामा यस विधिलाई महÎवपूर्ण मानिन्छ । यद्यपी यस विधिका केही सीमितताहरू पनि रहेका छन् । सिकारूको भाषाको विकास राम्रो हुन सक्छ तर सिकेका कुराको व्याख्या विश्लेषण गर्ने, स्मरण गर्ने र पूर्ण ज्ञानको विकास भने सिकारुमा हुँदैन । यसका साथै भाषाको उपयुक्त ढङ्गले प्रयोग गर्ने, ज्ञान, सीप भएतापनि व्याकरणगत रूपले अरू कसैले प्रयोग गरेको भाषाको व्याख्या विश्लेषण गर्न र वुझ्न भने कठिन हुन्छ ।

### २.३.४ भाषा पाठ्यपुस्तक विधि

व्याकरणलाई अलग्गै पाठ्यपुस्तकबाट नभई भाषा पाठ्यपुस्तककै प्रयोग गरी शिक्षण गरिने विधि भाषा पाठ्पुस्तक विधि हो । २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि व्याकरणलाई भाषा शिक्षणको अभिन्न अङ्ग बनाउन भाषा पाठ्यपुस्तकका अभ्यास स्तम्भमा नै व्याकरणात्मक तत्त्वलाई समावेश गरिएको छ । यसबाट व्यवहारिक तथा प्रयोगात्मक पक्षलाई विशेष महÎव दिइ अभ्यासलाई जोड दिने अपेक्षा राखेको बुझिन्छ । व्याकरणलाई छुट्टै पाठ्यपुस्तकमा नराखी भाषा पाठ्यपुस्तकबाट नै व्याकरण सिकाउनुको मुख्य आधार पनि व्याकरण भाषा भित्रै छ, भाषा व्याकरणबद्ध छ भन्ने दृष्टिकोणसँग सम्बन्धित छ । तसर्थ व्याकरणको प्रयोगात्मक ज्ञानको लागि भाषा पाठ्यपुस्तक विधिको उपयोग गर्नु तर्कसंगत नै मानिन्छ ।

भाषा पाठ्यपुस्तक विधि आगमन, निगमन वा प्रत्यक्ष विधिको समिश्रण हो । यसमा सुरूमा पाठ्यपुस्तकमा प्रयोग गरिएका उदाहरणमा अभ्यास गराइन्छ, त्यसपछि नियमीकरण गर्ने क्रममा नियम सिकाइन्छ, स्पष्ट पार्ने गरिन्छ । तत्पश्चात सबलीकरणको रूपमा पाठ्यपुस्तकमा समाविष्ट व्याकरिणक पक्षको खोज गर्न लगाइन्छ । यसमा आगमन तथा सिद्धान्त प्रयोगको उच्च स्थान रहेको पाइन्छ । त्यसै हुनाले पाठ्यपुस्तक विधिमा सिद्धान्त र परिभाषा सिकाउनुका अतिरिक्त त्यसको प्रयोग पनि साथसाथै गरिने गरिन्छ । सामान्यतः विविध अवसर र सुविधाबाट समेत बञ्चित भएका ठाँउमा पनि यो प्रविधिबाट व्याकरण सिकाउन सकिने भएकाले नेपालको परिवेशमा यो उपयुक्त सावित हुन पुगेको छ । “भाषा पाठ्यपुस्तकद्वारा व्याकरण सिकाउनु भनेको नै व्याकरणको सैद्धान्तिक बोझ कम गर्ने र यसलाई प्रयोगविहिनतामा नसिकाइने दृष्टिकोण हो ।” **अधिकारी** (२०३९:२४१) । निम्न माध्यमिक एवम् माध्यमिक तहमा शिक्षार्थीहरूमा भाषा प्रयोग सम्बन्धी क्षमताको विकास गर्न यो विधि झन प्रभावकारी हुन्छ । शिक्षार्थीले के के सिक्ने र शिक्षर्थीलाई के कति र कसरी सिकाउने ? आदि कुराको निश्चित गर्न भाषा पाठ्यपुस्तकले सहयोग पुऱ्याउछ । यसका साथै सुपरिवेक्षण, मूल्याङ्कन र निरीक्षण सबै कार्यका लागि मार्ग निर्देशन गर्ने कार्य यसले गर्दछ । विद्यालयमा भाषा पाठ्यपुस्तकबाट व्याकरण सिकाउने कुरा सैद्धान्तिकता र प्रयोगमूलकताको समिश्रणको रूपमा रहेको पाइन्छ । व्याकरणात्मक धारणालाई प्रयोगमूलक ढङ्गले सिकाउने कुरामा पाठ्यपुस्तक उन्मुख हुनु नै यस विधिको विशेषता मान्न सकिन्छ ।

## २.४ व्याकरण शिक्षण गर्दा अपनाइने प्रमुख कार्यकलापहरू

भाषा र व्याकरणको वीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । व्याकरणले नै कुनै पनि भाषालाई व्यवस्थित, नियमबद्ध तथा प्रभावकारी बनाउन सहयोग पु¥याउँछ । त्यसैले हरेक शिक्षालय भित्र व्याकरण शिक्षण गर्ने क्रममा विशेष ध्यान पु¥याइएन भने लक्षित भाषिक उद्देश्य पूर्ण हुनै सक्दैन । साहित्यिक विधाहरू मध्ये कथा, कविता, नाटक लगायतका विधाहरू शिक्षण गर्ने क्रममा धेरैजसो निगनात्मक विधिलाई अवलम्बन गरी सैद्धान्तिक कार्यकलापहरूमा बढी ध्यान दिइन्छ भने व्याकरण शिक्षण गर्ने क्रममा आगमन विधिलाई विशेष महत्त्व दिएर प्रयोगात्मक कार्यकलापमा विशेष ध्यान पु¥याउनु पर्दछ । शिक्षार्थी स्वयम्लाई अभ्यास गर्न लगाउने, परिभाषा भन्न लगाउने, शब्द खेल अभ्यास गराउने लगायतका कार्यकलापहरू गरेको खण्डमा मात्र व्याकरण शिक्षण प्रभावकारी हुन्छ ।

**व्याकरण शिक्षणका केही कार्यकलापहरू निम्न लिखित छन्**

### २.४.१ उदाहरणको प्रस्तुतीकरण

व्याकरण शिक्षण गर्ने क्रममा कक्षाकोठामा विद्यार्थी समक्ष प्रशस्त उदाहरणहरू प्रयोग गर्नुपर्दछ । शीर्षकसँग प्रत्यक्ष सान्दर्भिक उदाहरणहरू आगनात्मक विधिद्वारा कक्षाकोठाभित्र कार्यकलापको रूपमा प्रस्तुत गरिएमा शिक्षार्थीलाई लक्षित ज्ञान प्राप्त गराउन सहयोग मिल्दछ ।

### २.४.२ अभ्यासको पुनरावृत्ति

व्याकरण शिक्षणका लागि आवश्यक कार्यकलापमध्ये अभ्यासको पुनरावृत्ति पनि महÎवपूर्ण पक्ष हो । **"अनम्यासे विषं विद्या अजिर्णे भोजनं विषं"** भनेझैं अभ्यास नगराइएको शिक्षण कार्य विष बराबर हुने भएकाले छनोट गरिएका शीर्षकलाई पुनः अभ्यास गराउनुपर्ने हुन्छ ।

### २.४.३ छलफल र प्रश्नोत्तर

व्याकरण शिक्षणका लागि आवश्यक कार्यकलापमध्ये छलफल र प्रश्नोत्तर पनि महÎवपूर्ण कार्यकलाप हो । छनोट गरिएको शीर्षकमा विद्यार्थीलाई आवश्यकता अनुसार छलफल र प्रश्नोत्तर गर्नुपर्दछ । शिक्षार्थीहरूलाई आवश्यक छलफल र प्रश्नोत्तर गराइएन भने लक्षित ज्ञान तथा सिकाइ उपलब्धि हाँसिल गर्न कठिन हुन्छ ।

### २.४.४ परिभाषाको प्रयोग

शिक्षार्थीलाई आगनात्मक विधिबाट शिक्षण गरिएतापनि व्याकरण विधाको सैद्धान्तिक अवधारणा बुझ्न परिभाषा पनि आवश्यक पर्ने भएकाले आवश्यकता अनुसार परिभाषालाई पनि कार्यकलापको रूपमा प्रयोग गर्नुपर्ने हुन्छ ।

### २.४.५ शैक्षिक सामग्रीको प्रयोग

शैक्षिक सामग्री बिनाको कक्षा शिक्षण सङ्गीत बिनाको गीत झैँ हुन पुग्छ । विषयबस्तुलाई प्रभावकारी, स्थायी तथा आकर्षक बनाइ शीर्षकको धारणा सफल बनाउन, आवश्यकता अनुसार विषयवस्तुसँग सन्दर्भमा राख्ने किसिमको विविध किसिमका शैक्षिक सामग्रीहरूको प्रयोगलाई कार्यकलापको रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

### २.४.६ समूह कार्य

व्याकरण शिक्षणका लागि प्रयोग गर्न सकिने कार्यकलापहरू मध्ये समूह कार्य पनि महत्त्वपूर्ण पक्ष हो । शिक्षार्थीलाई विभिन्न समूहमा विभाजन गरी समूहमा अनुच्छेद, शब्दसमूह, वाक्यसमूह आदि दिएर पनि प्रतिस्पर्धाको भावना जगाइ समूहकार्य कार्यकलाप गराएर पनि व्याकरण शिक्षणलाई प्रभावकारी बनाइ लक्षित उद्देश्य प्राप्त गर्न सकिन्छ ।

### २.४.७ खेल विधिको प्रयोग

व्याकरण शिक्षणका लागि प्रयोग गर्न सकिने कार्यकलापहरूमध्ये खेलविधि पनि एक हो । शिक्षर्थीलाई नाम, सर्वनाम, लगायतका शीर्षकमा गोलाप्रथा मार्फत खेलाएर तथा कोठेपद प्रतियोगिता, हिज्जे प्रतियोगिता जस्ता खेलहरूको कार्यकलापबाट व्याकरण शिक्षण गर्न सकिन्छ ।

### २.४.८ तुलनात्मक भाषिक प्रस्तुति

एउटा भाषा र अर्को भाषाको उदाहरण दिएर तथा फरक भाषा प्रयोग गर्ने शिक्षार्थीलाई भाषा प्रयोग गर्न लगाएर पनि व्याकरण शिक्षण गर्न सकिन्छ । त्यसैले तुलनात्मक भाषिक प्रस्तुति पनि व्याकरण शिक्षणको मुख्य कार्यकलाप हो । यसभन्दा बाहेक पनि अवस्था र परिवर्तनका आधारमा अन्य उपयुक्त कार्यकलापहरू पनि गर्न सकिन्छ ।

# अध्याय : तीन

## प्रश्नावलीबाट प्राप्त तथ्यको व्याख्या तथा विश्लेषण

### ३.१ परिचय

यस शोधपत्रमा शोधको उद्देश्यअनुरूप निम्न माध्यमिक तहमा भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले अपनाउने शिक्षण कार्यकलापहरूको अध्ययन गरिएको छ । यस क्रममा दस जना शिक्षकहरूबाट आवश्यक तथ्याङ्कहरूको सङ्कलन गरी त्यस तथ्याङ्कलाई प्रतिशतका आधारमा व्याख्या तथा विश्लेषणको विस्तृत विवरण निम्नानुसार क्रमशःप्रस्तुत गरिएको छ ।


### ३.२ प्रश्नावलीबाट प्रात तथ्यहरूको व्याख्या तथा विश्लेषण

निम्न माध्यमिक तहमा भाषा तथा व्याकरण शिक्षण गर्ने दस जना शिक्षहरूलाई प्रश्नावली भराँउदा तीन जना महिला र सात जना पुरुष रहेका थिए । ती शिक्षकमध्ये पाँच जना सरकारी र पाँच जना निजी विद्यालयमा शिक्षण गर्ने शिक्षक रहेका थिए । सरकारी विद्यालयमा शिक्षण गर्ने तहगत रूपमा स्थायी रहेका थिए भने निजी विद्यालयमा शिक्षण गर्ने सबै शिक्षक स्वभाविक रूपमा अस्थायी थिए । सरकारी विद्यालयमा शिक्षण गर्ने तीन जना शिक्षकमध्ये दुई जना महिला र तीन जना पुरुष रहेका थिए । निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकमध्ये एक जना महिला र चार जना परुष रहेका थिए । अधिकांश शिक्षकहरूले कक्षा छ देखि दससम्म शिक्षण गर्ने गरेको पाइयो भने केही निम्न माध्यमिक तहसम्म मात्र सञ्चालित विद्यालयमा चार देखि आठ सम्म शिक्षण गरेको पाइयो । अध्ययनमा परेका उपर्युक्त दस जना शिक्षकमध्ये सबैको मातृभाषा नेपाली रहेको पाइयो । उपर्युक्त शिक्षकहरूमध्ये ७०% तालिम प्राप्त र ३०% तालिम अप्राप्त शिक्षक रहेको पाइयो । तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक सङ्ख्या र प्रतिशतलाई तल वृत्त चित्र- १ र तालिका- १ मा देखाइएको छ ।

वृत्त चित्रः-

| क.स | विद्यालय | शिक्षक सङ्ख्या | | जम्मा शिक्षक सङ्ख्या |
|---|---|---|---|---|
| | | तालिम प्राप्त | तालिम अप्राप्त | |
| १ | सरकारी विद्यालय | ४ | १ | ५ |
| २ | निजी विद्यालय | ३ | २ | ५ |
| | जम्मा | ७ | ३ | १० |
| | **प्रतिशत** | **७०%** | **३०%** | **१००%** |

**तालिका १.तालिम प्राप्त र अप्राप्त शिक्षक सङ्ख्या**




निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने दस जना शिक्षकहरूलाई भराइएको प्रश्नावलीबाट प्राप्त सूचनाहरूलाई चारओटा पक्षमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ, जसमा (१) शैक्षणिक योजनाःयस अन्तर्गत वार्षिक कार्य-योजना, एकाइ योजना र दैनिक योजना (२)शैक्षिक सामग्रीः यस अन्तर्गत दैनिक उपयोगमा आउने र पाठसँग सम्बन्धित अन्य शैक्षिक सामग्री । (३) शिक्षण सिकाइ कार्यकलापः यस अन्तर्गत व्याकरण शिक्षण गर्दा कक्षाभित्र गरिने सम्पूर्ण शिक्षण सिकाइ कार्यकलाप र (४) व्याकरण शिक्षणका


विधिहरू यस अन्तर्गत आगमन, निगमन, भाषा पाठ्यपुस्तक तथा प्रत्यक्ष र भाषासंसर्ग विधि रहेका छन् ।


### ३.२.१ शैक्षणिक योजना


शैक्षणिक योजनाले शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउँछ । विनायोजना गरिएको काम सफल हुँदैन । शिक्षणका क्रममा पनि योजना निर्माण गर्नु आवश्यक हुन्छ । बिनायोजना कुनै पाठ्यवस्तु वा पाठयांश शिक्षण गर्नु र योजना बनाएर कुनै पाठ्वस्तु वा पाठ्यांश शिक्षण गर्नुमा प्रशस्त भिन्नता हुन्छ । शैक्षणिक योजनाले प्रभावकारी शिक्षण विधिहरूको प्रयोग र सञ्चालनमा शिक्षकहरूलाई मार्ग निर्देश गरेको हुन्छ । शिक्षणकार्यको सफलता र प्रभावकारिता असल शैक्षणिक योजनामा निर्भर हुन्छ । शैक्षणिक योजनाभित्र वार्षिक कार्ययोजना,एकाइ योजना र दैनिक पाठयोजना रहेका छन् । यस क्रममा प्रस्तुत शोधपत्रमा नमुना छनोट गरिएका विद्यालयमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूलाई भराइएको प्रश्नावलीबाट प्राप्त योजना निर्माण सम्बन्धी प्रतिक्रिया र तथ्यहरूलाई तल तालिका २ र वृत्त चित्र२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २: शैक्षणिक योजना**

| क्र.स | योजनाको प्रकार | प्रश्नावलीमा शिक्षकले दिएको प्रतिक्रया | |
|---|---|---|---|
| | | योजना बनाएको छ | योजना बनाएको छैन |
| १ | वार्षिक कार्ययोजना | ८०% | २०% |
| २ | एकाइ योजना | ७०% | ३०% |
| ३ | दैनिक पाठयोजना | ८०% | २०% |




तालिका दुई अनुसार ८०% शिक्षकहरूले वार्षिक कार्ययोजना बनाउने गरेको पाइयो । त्यसैगरी ७०% शिक्षकहरूले एकाइ योजना र ८०% शिक्षकहरूले दैनिक पाठयोजना बनाउने गरेको पाइयो । प्रश्नावलीको तथ्याङ्कलाई हेर्दा वार्षिक कार्ययोजना, दैनिक पाठयोजना र एकाइ

योजना निर्माण गर्ने शिक्षकहरूको सङ्ख्या सन्तोषजनक रहेको पाइयो । प्रश्नावलीमा अधिकांश शिक्षकले शैक्षिक सत्रभित्र पाठयांशका पाठ्यवस्तु,पाठयांश शिक्षण गरी सिध्याउन, समय र पाठयवस्तुबीच सन्तुलन कायम गर्न र शैक्षिक गतिविधिको रूपरेखा प्रस्तुत गर्न वार्षिक कार्ययोजना अपरिहार्य रहेको हुन्छ भनी प्रतिक्रिया दिएको पाइयो ।


### ३.२.२ शिक्षण सामग्री

शिक्षण सामग्री शिक्षण सिकाइलाई सहज,प्रभावकारी,दिगो,रोचक र उपयुक्त ढङ्गबाट अगाडि बढाउन प्रयोग गरिने सामग्री हो । शिक्षणको क्रममा उपयुक्त सन्दर्भमा शिक्षण सामग्रीको प्रयोग गरेको खण्डमा यसले सिकाइलाई बढी सरल र स्पष्ट पार्ने काम गर्दछ । शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूको सहभागिता बढाउन र प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यांश र पाठयवस्तु अनुरूपका नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूलाई भराइएको प्रश्नावलीबाट शिक्षण सामग्री सम्बन्धी प्रतिक्रिया र तथ्यलाई तल तालिका ३ र वृत्त चित्रमा प्रस्तुत गरिएको छ :

**तालिका ३: शैक्षिक सामग्री**

| क.स | शैक्षिक सामग्री | प्रतिशत |
|---|---|---|
| १ | दैनिक उपयोगमा आउने शैक्षिक सामग्रीको मात्र उपयोग | ३०% |
| २ | दैनिक उपयोगमा आउने बाहेक शैक्षिक सामग्रीको उपयोग | ७०% |

**वृत चित्र २ : शैक्षिक सामग्री**




प्रश्नावलीबाट प्राप्त तथ्याङ्क अनुसार ३०% शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्री पाठ्यपुस्तक,चक,डस्टर(पुछेत्रो), कालोपाटी बाहेक अन्य कुनै पनि शैक्षिक सामग्रीको उपयोग गरेको पाइएन । ७०% शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्री बाहेकका विभिन्न खालका चित्र, शब्दपत्ति, अर्थपत्ति, वाक्यपत्ति, गोजी तालिका, कार्डहरू, फलाटिन पाटी, सन्दर्भ पाठ्यपुस्तक र चार्टहरूको प्रयोग गर्ने गरेको पाइयो ।

### ३.२.३ शिक्षण सिकाइ कार्यकलापहरू

शिक्षण सिकाइ कार्यकलाप शिक्षणका क्रममा कक्षा भित्र गरिने क्रियाकलापको समष्टि हो । व्याकरण शिक्षणलाई बढी प्रभावकारी बनाउन शिक्षकले विद्यार्थीको स्तर, रुचि, चाहना, आवश्यकता, क्षमता, उमेर,पूर्वभाषिक अनुभव,साँस्कृतिक पृष्ठभूमि, मातृभाषा र वैयक्तिक गुणलाई ख्याल गरी विभिन्न कार्यकलाप अपनाउनु पर्ने हुन्छ । यस क्रममा यस तहमा व्याकरण शिक्षण गर्दा शिक्षकहरूबाट के-कस्ता कार्यकलापहरू अपनाउने गरिएको छ भन्ने कुरालाई सम्बन्धित शिक्षकहरूलाई भराइएको प्रश्नावली र कक्षा अवलोकन गरी प्राप्त भएको तथ्याङ्क र प्रतिक्रियाको व्याख्या तथा विश्लेषण यस खण्डमा गरिएको छ ।

### ३.२.३.१ शब्दवर्ग शिक्षणका कार्यकलापहरू

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले शब्दवर्ग शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यलाई तल तालिका ४ मा प्रस्तुत गरिएको छ :

**तालिका ४: शब्दवर्ग शिक्षणका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | धेरै जसो | कहिलेकाहीँ | ज्यादै कम | गरिदैन |
|---|---|---|---|---|---|
| क) | प्रत्येक शब्दवर्गका प्रशस्त उदाहरण विद्यार्थीहरूलाई नै भन्न लगाउने | ८०% | २०% | ०% | ०% |
| ख) | प्रत्येक शब्दवर्गको परिभाषा विद्यार्थीहरूलाई भन्न लगाई शब्दवर्गको वर्गीकरण गर्न लगाउने | ४०% | २०% | ४०% | ०% |
| ग) | विद्यार्थीहरुलाई पाठयपुस्तकको कुनै अनुच्छेद पढन लगाउने त्यहाँ भएका सबै वर्गका शब्द रेखाङ्कित गरी तिनीहरूको वर्गीकरण गर्न लगाउने । | ३०% | २०% | ५०% | ०% |
| घ) | शब्दवर्गको वर्गीकरण र परिभाषा शिक्षक आफैँले भनिदिने । | ६०% | २०% | २०% | ०% |
| ङ) | शिक्षक आफैँले सबै समस्याको समाधान गरिदिने । | १०% | ३०% | २०% | ४०% |

तालिका ४ अनुसार ८०% शिक्षकले प्रत्येक शब्दवर्गका प्रशस्त उदाहरण विद्यार्थीहरूलाई भन्न धेरैजसो लगाउने, २०% शिक्षकले कहिलेकाहीँ लगाउने गरेको पाइयो । ४०% शिक्षकले शब्दवर्गको वर्गीकरण र परिभाषा विद्यार्थीहरूलाई भन्न धेरै जसो लगाउने, २०% शिक्षकले कहिलेकाहीँ लगाउने र ४०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । ३०% शिक्षकले शब्दवर्गको परिभाषा र वर्गीकरण आफैँले धेरै जसो भनिदिने २०% शिक्षकले कहिलेकाहीँ भनिदिने, ५०% शिक्षकले ज्यादै कम भनिदिने गरेको पाइयो । ६०% शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकका पाठबाट शब्दवर्ग टिप्न लगाइ त्यसको वर्गीकरण गर्न धेरैजसो लगाउने, २०%

शिक्षकले कहिलेकाहीँ गर्न लगाउने, २०% शिक्षकले शब्दवर्ग सम्बन्धी सबै समस्याको समाधान गरिदिने ३०% शिक्षकले कहिलेकाही गरिदिने, २०% शिक्षकले ज्यादै कम गरिदिने र ४०% शिक्षकले समाधान नगरिदिने गरेको पाइयो ।

### ३.२.३.२ काल र पक्ष शिक्षणका कार्यकलापहरू

निम्न माध्यमिक तहको व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा,उनीहरूले काल र पक्ष शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्याङ्कलाई तालिका ५ मा देखाइएको छ ।

**तालिका ५: काल र पक्ष शिक्षणका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क) | भूत, वर्तमान र भविष्यत् काल तथा तिनीहरूका विभिन्न पक्ष जनाउने क्रियापद का प्रशस्त उदाहरण पाठ्यपुस्तकका पाठ बाट विद्यार्थीहरूलाई खोज्न र लेख्न लगाउने | ८०% | २०% | ०% | ०% |
| ख) | विद्यार्थीलाई नै काल र पक्षका परिभाषा नियम र संरचना खोज्न, पढ्न र लेख्न लगाउने । | ३०% | ६०% | १०% | ०% |
| ग) | शिक्षक आफैंले सबै काल र पक्षका प्रशस्त उदाहरण बोर्डमा लेखिदिने र सबैको परिभाषा, नियम र संरचना बताइदिने । | ९०% | १०% | ०% | ०% |
| घ) | विद्यार्थीहरूलाई सबै काल र पक्ष जनाउने विभिन्न वाक्यहरू दिने र निर्देशनका आधारमा वाक्य परिर्वतन गर्न लगाउने । | ५०% | ५०% | ०% | ०% |
| ङ) | विद्यार्थीहरूलाई वर्तमान,भूत र भविष्यत् काल र पक्षका १।१ वटा गरी तीनवटा अनुच्छेद लेख्न लगाउने । | ६०% | ३०% | ०% | १०% |

तालिका -५ अनुसार ८०% शिक्षकहरूले भूत,वर्तमान र भविष्यत् कालका प्रशस्त उदाहरण विद्यार्थीहरूलाई धेरैजसो खोज्न,भन्न र लेख्न लगाउने र २०% शिक्षकले कहिलेकाहीँ लगाउने गरेको पाइयो । ३०% शिक्षकले विद्यार्थीहरूलाई नै काल र पक्षको परिभाषा,नियम र संरचना धेरैजसो बताउन लगाउने, ६०% शिक्षकले कहिलेकाहीँ लगाउने र १०% शिक्षकले कहिलेकाँही बताइदिने गरेको पाइयो । ५०% शिक्षकले सबै काल र पक्षका वाक्यलाई निर्देशनका आधारमा परिर्वतन गर्न धेरै जसो लगाउने र ५०% शिक्षकले कहिलेकाहीँ लगाउने गरेको पाइयो । यसैगरी ६०% शिक्षकले विद्यार्थीहरूलाई सबै काल र पक्षको प्रयोग गरी एक-एक अनुच्छेद लेख्न धेरैजसो लगाउने ३०% शिक्षकले कहिलेकाहीँ लगाउने र १०% शिक्षकले नगर्ने गरेको पाइयो ।

### ३.२.३.३ पदसङ्गति शिक्षणका कार्यकलापहरू

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले पदसङ्गति शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यलाई तालिका ६ मा देखाइएको छ :

**तालिका ६: पदसङ्गति शिक्षणका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क) | लिङ्ग,वचन पुरुष र आदर नमिलेका वाक्य बोर्डमा लेख्न र विद्यार्थीलाई ती वाक्य मिलाउन लगाउने । | ७०% | ३०% | ०% | ०% |
| ख) | पदसङ्गति मिलेका र नमिलेका वाक्य वोर्डमा मिसाएर लेखिदिने र विद्यार्थीलाई ती वाक्य छुट्याएर मिलाइ लेख्न लगाउने । | ९०% | ०% | १०% | ०% |
| ग) | विद्यार्थीलाई पदसङ्गतिको परिभाषा भन्न लगाउने । | ५०% | ५०% | ०% | ०% |
| घ) | शिक्षक आफैले पदसङ्गतिको परिभाषा बताइदिने । | १०% | ६०% | २०% | १०% |
| ङ) | विद्यार्थीलाई पदसङ्गति नमिलेका वाक्य र पाठ्यपुस्तकका अभ्यासमा दिइएका वाक्यमा प्रशस्त अभ्यास गराउने । | ०% | १००% | ०% | ०% |
| च) | विद्यार्थीलाई लिङ्ग,वचन,पुरुष,आदर मिलाएर कुनै एक राष्ट्रिय व्यक्तित्वका बारेमा दुई अनुच्छेद लेख्न लगाउने । | ५०% | १०% | ४०% | ०% |

तलिका ६ अनुसार ७०% शिक्षकले लिङ्ग,वचन,पुरुष र आदर नमिलेका वाक्य वोर्डमा लेख्न र विद्यार्थीलाई ती वाक्य मिलाउन धेरैजसो लगाउने र ३०% शिक्षकले कहिलेकाहीँ लगाउने गरेको पाइयो । ९०% शिक्षकले पदसङ्गति मिलेका र नमिलेका वाक्य मिलाएर वोर्डमा लेखिदिने र विद्यार्थीलाई मिलाउन धेरैजसो लगाउने र १०% शिक्षकले ज्यादै कम गर्न लगाउने गरेको पाइयो । ५०%शिक्षकले विद्यार्थीलाई पदसङ्गतिको परिभाषा भन्न धेरैजसो लगाउने र ५०% शिक्षकले कहिलेकाहीँ लगाउने गरेको पाइयो । १०%शिक्षकले आफैले पदसङ्गतिको परिभाषा धेरैजसो भनिदिने, ६०%शिक्षकले कहिलेकाहीँ भनिदिने, २०% शिक्षकले ज्यादै कम भनिदिने र १०% शिक्षकले नगराएको पाइयो । ७०% शिक्षकले पदसङ्गति नमिलेका वाक्य र पाठ्यपुस्तकमा अभ्यासमा दिएका वाक्यमा अभ्यास धेरैजसो गराउने र ३०% शिक्षकले कहिलेकाहीँ गराउने गरेको पाइयो । यसैगरी ५०% शिक्षकले विद्यार्थीलाई लिङ्ग,वचन,पुरुष र आदर मिलाएर कुनै राष्ट्रिय व्यक्तित्वको बारेमा एक अनुच्छेद लेख्न धेरैजसोले लगाउने १०% शिक्षकले कहिलेकाहीँ र ४०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो ।

### ३.२.३.४ कारक र विभक्ति शिक्षणका कार्यकलापहरू

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेका प्रश्नावलीका आधारमा उनीहरूले कारक र विभक्ति शिक्षण गर्दा अपनाउदै आएका कार्यकलापहरूको तथ्यलाई तल तालिका ७ मा देखाइएको छ ।

**तालिका ७ : कारक र विभक्ति शिक्षणका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क) | कर्ता कर्म,करण,सम्प्रदान,अपदान र अधिकरण कारकका प्रशस्त उदाहरण शिक्षकले बोर्डमा लेखिदिने र विद्यार्थीलाई त्यस्तै उदाहरण खोजेर लेख्न लगाउने । | ७०% | ३०% | ०% | ०% |
| ख) | विद्यार्थीलाई प्रथमादेखि सप्तमी विभक्ति लागेका वाक्यका प्रशस्त उदाहरण दिने र उनीहरूलाई त्यस्तै अन्य वाक्यका उदाहरण खोजेर लेख्न लगाउने | ६०% | ३०% | १०% | ०% |
| ग) | कारक र विभक्तिमा भएको भिन्नता विद्यार्थीलाई खोज्न र लेख्न लगाउने । | ६०% | ३०% | १०% | ०% |
| घ) | कारक र विभक्तिको परिभाषा तथा तिनीहरूमा भएको भिन्नता शिक्षक आफैंले बताइदिने । | ३०% | ७०% | ०% | ०% |
| ङ) | सम्पूर्ण समस्याको समाधान शिक्षक आफैले गरिदिने | ३०% | २०% | ३०% | २०% |

तालिका ७ अनुसार ७०% शिक्षकले कर्ता कर्म,करण,सम्प्रदान,अपदान र अधिकरणका प्रशस्त उदाहारण दिने र विद्यार्थीलाई त्यस्तै अन्य उदाहरण खोजेर लेख्न धेरैजसो लगाउने र ३०% शिक्षकले कहिलेकाहीँ लगाउने गरेको पाइयो । ६०% शिक्षकले प्रथमादेखि सप्तमी विभक्ति लागेका वाक्यमा उदाहरण दिने र विद्यार्थीलाई अन्य त्यस्तै वाक्यका उदाहरण खोजेर लेख्न धेरैजसो लगाउने ३०% शिक्षकले कहिलेकाहीँ लगाउने र १०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । ६०% शिक्षकले कारक र विभक्तिमा भएको भिन्नता विद्यार्थीलाई खोज्न र लेख्न धेरैजसो लगाउने ३०% शिक्षकले कहिलेकाहीँ लगाउने र १०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । ३०%शिक्षकले कारक र विभक्तिको परिभाषा तथा तिनीहरूमा भएको भिन्नता शिक्षक आफैले धेरैजसो बताइदिने र ७०% शिक्षकले कहिलेकाहीँ बताईदिने गरेको पाइयो । यसैगरी ३०%शिक्षकले सम्पूर्ण समस्याको समाधान आफैले गरिदिने १०% शिक्षकले कहिलेकाहीँ गरिदिने ३०% शिक्षकले ज्यादै कम आफूले समाधान गरिदिने र ३०% शिक्षकले आफूले समाधान नगरिदिने गरेको पाइयो ।

### ३.२.३.५ लेख्य चिन्ह शिक्षणका कार्यकलापहरू

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले लेख्य चिन्ह शिक्षण गर्दा अपनाउदै आएका कार्यकलापहरूको तथ्यलाई तल तालिका ८ मा देखाइएको छ :

**तालिका ८: लेख्य चिन्ह शिक्षणका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क) | विद्यार्थीहरूलाई पाठ्यपुस्तकको कुनै निश्चित पाठ पढन लगाउने र त्यहाँबाट कुन लेख्य चिन्ह कहाँ,कसरी र किन प्रयोग भएको हो सो पहिचान गर्न लगाउने । | ७०% | २०% | १०% | ०% |
| ख) | विद्यार्थीहरूलाई श्रुतिलेखन गराउने र उनीहरूले उपयुक्त ठाउँमा लेख्य चिन्ह प्रयोग गरे नगरेको हेर्ने । | ६०% | ४०% | ०% | ०% |
| ग) | विद्यार्थीलाई नै पूर्णविराम,अल्पविराम,प्रश्नचिन्ह, योजकचिन्ह,कोष्ठकचिन्ह कहाँ कसरी र किन प्रयोग गर्ने भन्ने कुरा बताउन लगाउने । | ५०% | ३०% | २०% | ०% |

| | | | | | |
|---|---|---|---|---|---|
| घ) | लेख्यचिन्हको उपयुक्त प्रयोग गरी कुनै एउटा शीर्षकमा विद्यार्थीलाई संवाद तयार गर्न लगाउने । | ३०% | ५०% | २०% | ०% |
| ङ) | लेख्य चिन्हको परिचय, प्रयोग, आवश्यकता र महÎवबारे शिक्षकले बताइदिने । | ३०% | ५०% | १०% | १०% |

तालिका ८ अनुसार ७०% शिक्षकले विद्यार्थीलाई पाठयपुस्तकको पाठ पढ्न लगाउने र त्यहाँबाट कुन लेख्य चिन्ह कहाँ कसरी र किन प्रयोग गरिएको हो सो पहिचान गर्न धेरैजसो लगाउने २०% शिक्षकले कहिकाहीँ लगाउने र १०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । ५०% शिक्षकले विद्यार्थीलाई श्रुतिलेखन गराउने र लेख्य चिन्हको सही रूपमा प्रयोग गरे नगरेको धेरैजसो हेर्ने र ४०% शिक्षकले कहिलेकाहीँ हेर्ने गरेको पाइयो । ५०% शिक्षकले विद्यार्थीलाई नै पूर्णविराम अल्पविराम,प्रश्न चिन्ह,योजक चिन्ह,कोष्ठक चिन्ह कहाँ कसरी र किन प्रयोग गर्ने भन्ने कुरा बताउन धेरै जसो लगाउने ३०% शिक्षकले कहिलेकाहीँ लगाउने र २०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । ३०% शिक्षकले लेख्य चिन्हको प्रयोग गरी कुनै एउटा शीर्षकमा विद्यार्थीलाई संवाद तयार गर्न धेरैजसो लगाउने ५०% शिक्षकले कहिलेकाहीँ लगाउने र २०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । त्यसैगरी ३०% शिक्षकले लेख्य चिन्हको परिचय,प्रयोग,आवश्यकता र महत्वबारे आफैले बताइदिने ५०% ले कहिलेकाहीँ बताइदिने र १०% शिक्षकले ज्यादै कम र १०% शिक्षकले नबताइदिने गरेको पाइयो ।

### ३.२.३.६ भाव वा अर्थ शिक्षणका कार्यकलापहरू

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले भाव वा अर्थ शिक्षण गर्दा अपनाउदै आएका कार्यकलापहरूको तथ्यलाई तल तालिका ९ मा देखाइएको छ :

**तालिका ९: भाव वा अर्थ शिक्षणका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क) | विभिन्न प्रकारका भाव वा अर्थ जनाउने वाक्यका प्रशस्त उदाहरण दिने र सोही अनुसार विद्यार्थीलाई पनि उदाहरण खोज्न र लेख्न लगाउने । | ७०% | २०% | १०% | ०% |
| ख) | भाव वा अर्थका फरक फरक वाक्य एकै ठाउँमा मिसाएर दिने र तिनीहरूबाट भाव र अर्थका प्रकार सहित वाक्य छुट्याएर विद्यार्थीलाई लेख्न लगाउने । | ६०% | २०% | १०% | ०% |
| ग) | वाक्य सहित निर्देशन दिएर विद्यार्थीलाई सोही निर्देशनका आधारमा विभिन्न भाव वा अर्थमा वाक्य परिर्वतन गर्न लगाउने । | ६०% | ३०% | १०% | ०% |
| घ) | विद्यार्थीलाई भाव र अर्थको परिभाषा र प्रकार बताउन लगाउने । | ४०% | ५०% | १०% | ०% |
| ङ) | शिक्षक आफैँले अर्थ वा भावको परिभाषा, प्रकार तथा उदाहारण बताइदिने । | २०% | १०% | ३०% | ४०% |

तलिका ९ अनुसार ७०% शिक्षकले विभिन्न प्रकारका भाव वा अर्थ जनाउने वाक्यका प्रशस्त उदाहरण दिने र सोही अनुसार विद्यार्थीलाई पनि उदाहरण खोज्न र लेख्न धेरैजसो लगाउने २०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । ६०% शिक्षकले भाव वा अर्थका फरक फरक वाक्यका एकै ठाँउमा मिलाएर दिने र तिनीहरूबाट भाव वा अर्थका प्रकार सहित वाक्य छुट्याएर विद्यार्थीलाई धेरैजसो लेख्न लगाउने २०% शिक्षकले कहिलेकाहीँ लगाउने र २०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । ६०% शिक्षकले विभिन्न भाव वा अर्थका वाक्य सहित निर्देशन दिएर विद्यार्थीलाई अन्य भाव वा अर्थमा वाक्य परिवर्तन गर्न धेरैजसो लगाउने ३०% शिक्षकले कहिलेकाहीँ लगाउने र १०% शिक्षकले ज्यादै कम लगाउने गरेको पाइयो । त्यस्तै ४०% शिक्षकले भाव र अर्थको परिभाषा र प्रकार धेरैजसो बताउने ५०% शिक्षकले कहीलेकाहीँ र १०% शिक्षकले ज्यादै कम गराउने गरेको पाइयो । २०% शिक्षकले विद्यार्थीलाई

परिभाषा र प्रकार धेरैजसो बताउने, १०% ले कहिलेकाहीँ, ३०% ज्यादै कम र ४०% शिक्षकले नगर्ने गरेको पाइयो ।

### ३.२.३.७ वर्णविन्यास शिक्षणका कार्यकलापहरू

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले वर्णविन्यास शिक्षण गर्दा अपनाँउदै आएका कार्यकलापहरूको तथ्यलाई तल तालिका १० मा प्रस्तुत गरिएको छ ।

**तालिका १०: वर्णविन्यास शिक्षणका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क) | विद्यार्थीलाई श्रुतिलेखन गराउने । | ७०% | ३०% | ०% | ०% |
| ख) | विद्यार्थीलाई वर्णविन्यासका दृष्टिले कठिन लागेका अनुच्छेद तथा पाठका अंश तोकी सार्न लगाउने । | ४०% | ६०% | ०% | ०% |
| ग) | विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिने । | ९०% | १०% | ०% | ०% |
| घ) | वर्णविन्यास नियम लागेका शब्दहरूका प्रशस्त उदाहरण विद्यार्थीलाई भन्न लगाउने | ६०% | १०% | ३०% | ०% |
| ङ) | वर्णविन्यासको परिचय दिँदै यसको आवश्यकता र नियम सम्बन्धमा विद्यार्थी शिक्षक बीच अन्तर्क्रिया गर्ने । | ५०% | ४०% | १०% | ०% |
| च) | शिक्षक आफैले वर्णविन्यासको नियम, आवश्यकता र महत्व बताइदिने । | २०% | ५०% | १०% | २०% |

तालिकामा १० अनुसार ७०% शिक्षकले विद्यार्थीलाई धेरैजसो श्रुतिलेखन गराउने र ३०% शिक्षकले कहिलेकाहीँ श्रुतिलेखन गराउने गरेको पाइयो । ४०% शिक्षकले वर्णविन्यासका दृष्टिकोणले कठिन लागेका अनुच्छेद धेरैजसो पढ्न र सार्न लगाउने र ६०% शिक्षकले

कहिलेकाहीँ पढ्न र सार्न लगाउने गरेको पाइयो । ९०% शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण धेरैजसो गरिदिने र १०% शिक्षकले कहिलेकाहीँ शुद्धीकरण गरिदिने गरेको पाइयो । ६०% शिक्षकले वर्णविन्यास नियम लागेका शब्दहरु प्रंशस्त उदाहरण विद्यार्थीलाई धेरैजसो भन्न लगाउने १०% शिक्षकले कहिलेकाहीँ भन्न लगाउने र ३०% शिक्षकले ज्यादै कम भन्न लगाउने गरेको पाइयो । ५०% शिक्षकले वर्णविन्यास सम्बन्धमा विद्यार्थी शिक्षक बीच अन्तर्क्रिया गर्ने गरेको पाइयो । त्यसैगरी २०% शिक्षकले आफैले वर्णविन्यासको नियम,आवश्यकता र महÎव धेरैजसो बताइदिने ५०% शिक्षकले कहिलेकाहीँ १०% ले ज्यादै कम र २०% ले नबताउने गरेको पाइयो ।

### ३.२.३.८ समग्रमा व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरू

निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्ने चितवन जिल्लाको पूर्वी क्षेत्रमा सञ्चालित दसओटा विद्यालयका नमुना छनोटमा परेका दस जना शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले अपनाउदै आएका व्याकरण शिक्षणका समग्र कार्यकलापहरूको तथ्य र प्रतिक्रियालाई तल लतलिका ११ मा प्रस्तुत गरिएको छ :

**तलिका ११: समग्रमा व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | सामान्यतया गरिन्छ | सामान्यतया गरिदैन |
|---|---|---|---|
| क) | व्याकरणतत्त्वका उदाहरण विद्यार्थीलाई नै खोज्न र भन्न लगाउने । | ८०% | २०% |
| ख) | विद्यार्थीलाई व्याकरणका विविध तत्त्वहरूमा प्रशस्त अभ्यास गराउने । | ८०% | २०% |
| ग) | व्याकरणतत्त्वहरूको परिचय,परिभाषा,उदाहरण,नियम,संरचना विद्यार्थीलाई नै भन्न र लेख्न लगाउने । | ८०% | २०% |
| घ) | व्याकरण शिक्षणका क्रममा विद्यार्थीहरूसँग छलफल र अन्तर्क्रिया गर्ने । | ७०% | ३०% |
| ङ) | शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण आफै गरिदिने | ९०% | १०% |

| | | | |
|---|---|---|---|
| च) | विद्यार्थीलाई व्यारकरणका तÎवहरूको प्रयोग गरी अलग अलग अनुच्छेद,संवाद कुनै चर्चित व्यक्तिको जीवनी तयार गर्न लगाउने । | ८०% | २०% |
| छ) | व्याकरण शिक्षणका क्रममा व्याकरणकातÎवहरूसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान शिक्षकले गरिदिने । | ७०% | ३०% |

तलिका १२ अनुसार ८०% शिक्षकले समग्र व्याकरण शिक्षणका कार्यकलापहरूमध्ये व्याकरण तत्त्वका उदाहरण विद्यार्थीहरूलाई भन्न लगाउने सामान्यतया गरिन्छ र २०% ले सामान्यतया गरिदैन भन्ने प्रतिक्रिया प्रश्नावलीबाट दिएको पाइयो । ८०% शिक्षकले व्याकरण तत्वमा प्रशस्त अभ्यास विद्यार्थीलाई सामान्यतया गर्ने गरेको पाइयो भने २०% शिक्षकले सामान्यतया नगराउने गरेको पाइयो । ८०% शिक्षकले व्याकरणतत्त्वका परिचय र परिभाषा विद्यार्थीहरूलाई नै भन्न लगाउने सामान्यतया गरिन्छ र २०% ले सामान्तया गरिदैन,७०% शिक्षकले विद्यार्थीसँग छलफल र अन्तरर्क्रिया सामान्यतया गरिन्छ भने ३०% ले सामान्यतया नगराइएको देखियो । त्यसैगरी व्याकरण शिक्षण कार्यकलापमा ९०% गरिएको र १०% ले सामान्यतया गरिदैन । ८०% शिक्षकले व्याकरणतत्त्वहरूको प्रयोग गरी विद्यार्थीलाई अलग अलग अनुच्छेद लेख्न लगाउने सामान्यतया गरिन्छ र २०% ले सामान्तया गरिदैन । त्यस्तै ७०% शिक्षकले व्याकरण शिक्षकणसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान सामान्यतया आफैं गरिदिने गरिन्छ र ३०% ले समान्यतया गरिदैन भनी प्रतिक्रिया दिएको पाइयो ।

### ३.२.४ शिक्षण विधि


निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीको आधारमा उनीहरूले शिक्षणका क्रममा शिक्षण सिकाइ कार्यकलपमा विभिन्न शिक्षण विधिहरू अपनाइएको पाइयो । यस क्रममा शिक्षकहरूले भरेको प्रश्नावलीबाट प्राप्त शिक्षण विधि सम्बन्धी तथ्य र प्रतिक्रियालाई तल तालिका १२ मा प्रस्तुत गरिन्छ ।

**तालिका १२: शिक्षण विधिहरू**

| क्रम | शिक्षण विधिहरू | शिक्षक प्रतिक्रिया | | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| | | प्रयोग गर्ने | प्रयोग नगर्ने | |
| क) | आगमन विधि | ४०% | ६०% | १००% |
| ख) | निगमन विधि | ३०% | ७०% | १००% |
| ग) | भाषासंसर्ग विधि | २०% | ८०% | १००% |
| घ) | भाषा पाठ्यपुस्तक विधि | १०% | ९०% | १००% |

**स्तम्भ रेखा चित्र**

**शिक्षण विधिहरू प्रतिशतमा**




तालिका १२ तथा रेखा स्तम्भचित्र अनुसार ४०% शिक्षकहरूले आगमन विधि उपयोग गरेको र ६०% शिक्षकहरूले सो विधि प्रयोग नगरेको पाइयो । त्यसैगरी ३०% शिक्षकले निगमन विधि प्रयोग गरेको र ७०% शिक्षकले उक्त विधि उपयोग नगरेको २०% शिक्षकले भाषासंसर्ग विधि उपयोग गरेको र ८०% ले सो विधि उपयोग नगरेको पाइयो । त्यस्तै १०% शिक्षकहरूले मात्र भाषा पाठयपुस्तक तथा प्रत्यक्ष विधि प्रयोग गरेको एवम् ९०% ले सो विधि नअपनाउने गरेको पाइयो । उपर्युक्त तथ्यले के पुष्टि गरेको छ भने आगमन विधि सबैभन्दा बढी प्रयोग हुने

त्यसपछि निगमन अनि भाषासंसर्ग र अन्त्यमा भाषा पाठयपुस्तक विधि सबैभन्दा कम उपयोग गरिएको छ ।

### ३.२.५ व्याकरण शिक्षणमा प्रभावकारिता

व्याकरण शिक्षण गर्दा कसरी गरिएमा विद्यार्थीहरूमा व्याकरणात्मक धारणा अभिवृद्धि गर्न सकिएला र शिक्षण कार्यमा पनि प्रभावकारिता आउला भनी सोधिएको प्रश्नको उत्तरमा ६०% शिक्षकहरूले मात्र सुझाउ दिएको पाइयो । उक्त सुझाउमा अधिकांश शिक्षकहरूले व्याकरणतत्त्वको वाक्यान्तर गराउनुपर्ने बढीभन्दा बढी पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने,आगमन र पाठयपुस्तक विधिको प्रयोग गर्नुपर्ने शिक्षणका क्रममा विद्यार्थीको समूह विभाजन गरी शिक्षण गर्नुपर्ने विद्यार्थीले गरेको लेखनको शिक्षकले नियमित रूपमा शुद्धीकरण गर्नुपर्ने,विभिन्न किसिमका साहित्यिक पुस्तक तथा पत्रपत्रिका पढ्न लगाउनुपर्ने,विद्यालयमा पाठसँग सम्बन्धित अतिरिक्त क्रियाकलाप गराउनु पर्ने र विद्यार्थीलाई त्यस्ता क्रियाकलापहरूमा भाग लिन अभिप्रेरित गर्नुपर्ने तथा अभिनय र खेल विधिद्धारा शिक्षण गर्नुपर्ने सुझाउ दिएको पाइयो ।

### ३.२.६ प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको सार

चितवन जिल्लाको पूर्वी क्षेत्रभित्रका नमुना छनोटमा परेका निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने दस जना शिक्षकहरूले भरेको प्रश्नावली र यसबाट प्राप्त भएको तथ्याङ्कको अध्ययन गर्दा अधिकांश शिक्षक तालिम प्राप्त र एक जना शिक्षक तालिम अप्राप्त पाइयो । अधिकांश शिक्षकले वार्षिक कार्ययोजना, दैनिक पाठयोजना बनाएको पाइयो भने थोरै शिक्षकले एकाइ योजना बनाएको पाइयो । यसैगरी थोरैमात्र शिक्षकले शिक्षणका क्रममा दैनिक प्रयोगमा आउने शैक्षिक सामग्रीको मात्र प्रयोग गरेको र धेरैजसो शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्री बाहेक गोजी तालिका, शब्दपत्ति अर्थपत्ति,फलाटिन पाटी,सन्दर्भ पाठयपुस्तक, चित्र तथा वाक्यपत्तिको समेत प्रयोग गरेको पाइयो । यसैगरी अधिकांश शिक्षकले विद्यार्थी सहभागिता हुने कक्षा कार्यकलापको प्रयोग गरेको विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गर्ने गरेको कक्षामा छलफल र अन्तरर्क्रिया गरी शिक्षण गरेको व्याकरणतत्त्वको प्रयोग गरी विद्यार्थीलाई अनुच्छेद लेख्न लगाउने गरेको र व्याकरण शिक्षण सम्बन्धी आइपरेका सम्पूर्ण समस्याको समाधान आफैँले गरिदिने गरेको पाइयो । यसैगरी आधाजसो शिक्षकले आगमन विधिको उपयोग गरेको त्यसपछि निगमन अनि भाषासंसर्ग र अन्त्यमा सबैभन्दा कम शिक्षकले भाषापाठ्यपुस्तक विधि उपयोग गरेको पाइयो । अतः समग्रमा कक्षा कार्यकलाप योजना शैक्षिक सामग्री प्रयोग र शिक्षण विधिको उपयोग सन्तोषजनक पाइयो ।

# अध्याय : चार

## कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

यस अध्यायमा अवलोकित कक्षा शिक्षणका विभिन्न पक्षहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । अवलोकन गरिएका निम्न माध्यमिक तहका दसओटा विद्यालयका दस जना शिक्षकका कक्षा अवलोकन गरी त्यसबाट प्राप्त तथ्यहरूको आधारमा शिक्षणका क्रममा शिक्षकहरूले प्रयोग गरेको शिक्षणका विविध पक्षलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

## ४.२ कक्षा अवलोकनको व्याख्या तथा विश्लेषण

### ४.२.१ सिकाइ वातावरण

निम्न माध्यमिक तहमा भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले शिक्षण गर्दाको अवस्थामा देखिएको कक्षाकोठाभित्रको वातावरणलाई तल तालिका-१३ मा देखाइएको छ :

**तालिका १३ : सिकाइ वातावरण**

| क्रम | सिकाइ वातावरण | छ | छैन |
|---|---|---|---|
| क) | कक्षा कोठामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त | ७०% | ३०% |
| ख) | कक्षामा कमजोर विद्यार्थीलाई उचित ध्यान दिइएको | ८०% | २०% |
| ग) | कक्षा कोठाका भित्ताहरूमा शैक्षिक सामग्री राखिएको | २०% | ८०% |
| घ) | कक्षा कोठामा प्रकाशको व्यवस्था उचित | ८०% | २०% |
| ङ) | शिक्षणका क्रममा विद्यार्थी शिक्षकबीच अन्तर्क्रिया गरिएको | ४०% | ६०% |

| | | | |
|---|---|---|---|
| च) | कक्षा कोठामा बाह्य वातावरणको प्रत्यक्ष प्रभाव | ३०% | ७०% |

तलिका १३ अनुसार ७०% विद्यालयमा कक्षामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त रहेको देखियो । ३०% विद्यालयमा विद्यार्थीहरूको बसाइ व्यवस्था अनुपयुक्त रहेको देखियो । ८०% विद्यालयका कक्षामा कमजोर विद्यार्थीलाई उचित ध्यान दिएर शिक्षण कार्य गरेको देखियो भने २०% विद्यालयमा उक्त कार्य पाइएन । २०% विद्यालयमा कक्षा कोठाका भित्ताहरुमा शैक्षिक सामग्री राखेको र ८०% विद्यालयका कक्षा कोठामा शैक्षिक सामग्री राखेको पाइएन । ८०% विद्यालयका कक्षा कोठामा उपयुक्त प्रकाशको व्यवस्था रहेको र २०% मा अनुपयुक्त भएको देखियो । शिक्षणका क्रममा ४०% विद्यालयमा शिक्षक र विद्यार्थी बीच विषयवस्तुसँग सम्बन्धित भई अन्तर्क्रिया भएको र ६०% विद्यालयमा शिक्षक विद्यार्थी बीच अन्तर्क्रिया भएको देखिएन । त्यसैगरी ३०% विद्यालयका कक्षाकोठामा बाह्य वातावरणको प्रभाव र ७०% विद्यालयका कक्षा कोठामा बाह्य वातावरणको प्रभाव नरहेको पाइयो ।

### ४.२.२ शिक्षकको व्यक्तित्व

निम्न माध्यमिक तहमा भाषा र व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकको व्यक्तित्व कस्तो रह्यो भन्ने कुराको अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका १४ मा प्रस्तुत गरिएको छ :

**तालिका १४: शिक्षकको व्यक्तित्व**

| क्रम | शिक्षकको व्यक्तित्व | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| क) | सरसफाइ | ८०% | २०% | ०% |
| ख) | स्पष्टवक्ता | ९०% | १०% | ०% |
| ग) | आत्मविश्वास | ७०% | ३०% | ०% |
| घ) | भाषिक स्पष्टता | ८०% | २०% | ०% |
| ङ) | मिलनसारिता | ७०% | ३०% | ०% |
| च) | सहयोगी र व्यवहारिक | ८०% | २०% | ०% |

तालिका १४ अनुसार सरसफाइमा ८०%, स्पष्टवक्तामा ९०%, आत्मविश्वास ७०%, भाषिक स्पष्टता ८०%, मिलनसारितामा ७०% र सहयोगी र व्यवहारिकमा ८०% उत्तम रहेको पाइयो ।

यसरी हेर्दा २०% सरसफाइमा, मध्यम १०% स्पष्टवक्तामा  मध्यम, ३०% आत्मविश्वासमा मध्यम, २०% स्पष्टता, ३०% मिलनसारिता र २०% सहयोगी र व्यवहारिक तहमा मध्यम रहेको देखियो भने निम्नमा सबै ०% रहेको देखियो ।

### ४.२.३ कक्षाको सुरुआत

निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकâारा कसरी कक्षा सुरुआत गरियो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका १५ मा देखाइएको छ :

**तालिका १५: कक्षा सुरुआत**

| क्रम | कक्षाको सुरुआत | छ | छैन |
|---|---|---|---|
| क) | पाठसँग सम्बन्धित भई रमाइलो ढङ्गबाट कक्षा सुरु गरिएको | ७०% | ३०% |
| ख) | शिक्षक कक्षामा प्रवेश गर्दा हँसिलो र मिलनसार व्यवहारका साथ प्रवेश गरेको | ९०% | १०% |
| ग) | पूर्वपाठमा आधारित भई कक्षा सुरुआत गरिएको | ९०% | १०% |
| घ) | पाठको उद्देश्यअनुरूप शिक्षण गरिएको | ९०% | १०% |
| ङ) | पाठ शिक्षणको उद्देश्य विद्यार्थीलाई बताइएको | ३०% | ७०% |
| च) | वैयक्तिक क्षमता अनुसार विद्यार्थीलाई सिक्ने वातावरण सिर्जना गरिएको | ८०% | २०% |
| छ) | विद्यार्थीको इच्छा, चाहना, रुचि क्षमता आवश्यकता र विशेषतासँग मिल्ने शिक्षण विधि तथा कार्यकलापको प्रयोग गरिएको | ६०% | ४०% |

तालिका १५ अनुसार ७०% शिक्षकले पाठसँग सम्बन्धित भई रमाइलो ढङगबाट कक्षाको सुरुआत गरेको, ९०% शिक्षक हँसिलो मुद्रामा कक्षामा प्रवेश गरेको ९०% शिक्षकले पूर्वपाठमा आधारित भई शिक्षण सुरुआत गरेको, ९०% शिक्षकले पाठको उद्देश्यअनुरूप शिक्षण गरेको, ३०% शिक्षकले विद्यार्थीहरूलाई पाठको उद्देश्य बताएको, ८०% शिक्षकले विद्यार्थीको वैयक्तिक

क्षमता बुझेर शिक्षण गरेको र ६०% शिक्षकले विद्यार्थीको रुचि, चाहना आवश्यकता तथा विशेषतासँग मिल्ने विधि तथा कार्यकलापको उपयोग गरी शिक्षण गरेको पाइयो । अतः अन्य शिक्षकहरूको सन्दर्भमा उक्त कार्य कम शिक्षकबाट नगरेको देखियो ।

### **४.२.४ शिक्षणीय पाठको प्रस्तुतीकरण**

निम्न माध्यमिक तहमा भाषा तथा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरूद्वारा कसरी पाठको प्रस्तुती करण गरियो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका १६ मा प्रस्तुत गरिएको छ :

**तालिका १६ः शिक्षणीय पाठको प्रस्तुतीकरण**

| क्रम | पाठको प्रस्तुतीकरण | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| क) | विषयवस्तुको ज्ञान | ६०% | ४०% | ०% |
| ख) | पाठको क्रमबद्ध शिक्षण | ३०% | ६०% | १०% |
| ग) | पाठको उपयुक्त प्रस्तुतीकरण | ५०% | ५०% | ०% |
| घ) | पाठको स्तरयुक्तता | ६०% | ४०% | ०% |
| ङ) | उदाहरणको प्रस्तुतीकरण | ५०% | ४०% | १०% |

तलिका १६ अनुसार ६०% शिक्षकमा विषयवस्तुप्रतिको ज्ञान उत्तम र ४०% शिक्षकमा मध्यम स्तरको रहेको देखियो । ३०% शिक्षकको शिक्षण क्रमबद्ध र उत्तम अनि ६०% शिक्षकको शिक्षण मध्यम रहेको पाइयो भने १०% शिक्षकको निम्न रहेको देखियो । ५०% शिक्षकले पाठको उत्तम प्रस्तुतीकरण र ५०% शिक्षकले पाठको मध्यम प्रस्तुतीकरण गरेको देखियो । ६०% शिक्षकले प्रस्तुत गरेको पाठको स्तरीयता उत्तम रहेको ४०% शिक्षकले प्रस्तुत गरेको पाठको स्तरीयता मध्यम रहेको पाइयो । ५०% शिक्षकले उत्तम ढङ्गबाट उदाहरणहरू प्रस्तुत गरेको र १०% शिक्षकले भने उदाहरण नै प्रस्तुत नगरेको पाइयो ।

### **४.२.५ कक्षा कार्यकलाप**

निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरूद्वारा के कस्ता कार्यकलापहरू अपनाएर शिक्षण गरियो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका १७ मा देखाइएको छ :

**तालिका १७ : कक्षा कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | सामान्यतया गरियो | सामान्यतया गरिएन |
|---|---|---|---|
| क) | व्याकरणतत्वका उदाहरण विद्यार्थीहरूलाई नै भन्न र खोज्न लगाउने । | ४०% | ६०% |
| ख) | विद्यार्थीलाई व्याकरणका विविध तत्त्वहरूमा प्रशस्त अभ्यास गराउने । | ४०% | ६०% |
| ग) | व्याकरणतत्त्वहरूको परिचय, परिभाषा, उदाहरण, नियम संरचना, विद्यार्थीलाई नै भन्न र लेख्न लगाउने । | १०% | ९०% |
| घ) | व्याकरण शिक्षणका क्रममा विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने । | ७०% | ३०% |
| ङ) | शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिने । | ८०% | २०% |
| च) | विद्यार्थीलाई व्याकरणका तÎवहरूको प्रयोग गरी अलग अलग अनुच्छेद तथा संवाद लेख्न अभ्यास गराउने । | १०% | ९०% |
| छ) | व्याकरण शिक्षणका क्रममा व्याकरणका तÎवहरूसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान शिक्षक आफैंले गरिदिने । | ६०% | ४०% |

तालिका १७ अनुसार ४०% शिक्षकहरूले व्याकरणतत्त्वका उदाहरण विद्यार्थीलाई भन्न लगाउने गरेको र ६०% शिक्षकले विद्यार्थीलाई भन्न लगाउने नगरेको पाइयो । ४०% शिक्षकले विद्यार्थीलाई व्याकरणतत्त्वमा बढी अभ्यास गराएको र ६०% शिक्षकले अभ्यास नगराएको पाइयो । यसैगरी १०% शिक्षकले व्याकरणतत्त्वको परिचय, परिभाषा, उदाहरण, नियम, संरचना विद्यार्थीलाई भन्न तथा लेख्न लगाउने र ९०% शिक्षकले उक्त कार्य नगराउने ७०% शिक्षकले

विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने ३०% शिक्षकले विद्यार्थीसँग छलफल र अन्तर्क्रिया नगर्ने, ८०% शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिने र २०% शिक्षकले शुद्धीकरण नगरिदिने १०% शिक्षकले अलग-अलग व्याकरणतत्त्वको प्रयोग गरी विद्यार्थीलाई अनुच्छेद, संवाद लेख्न लगाउने र ९०% शिक्षकले उक्त कार्य नगराउने र ६०% शिक्षकले शिक्षणका क्रममा व्याकरणतत्त्व सम्बन्धी आएका समस्या आफैँले समाधान गरिदिने र ४०% शिक्षकले उक्त समस्याको समाधान नगरिदिने गरेको पाइयो ।


### ४.२.६ शिक्षण विधि

निम्न माध्यमिक तहमा व्यकरण शिक्षण गर्ने क्रममा शिक्षकहरूद्वारा कुन कुन विधिको उपयोग गरी शिक्षण गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तल तालिका १८ मा देखाइएको छ :

**तालिका १८ : शिक्षण विधि**

| क्रम | शिक्षण विधि | कक्षा अवलोकनको स्थिति |
|---|---|---|
| क) | आगमन विधि | ३०% |
| ख) | निगमन विधि | ५०% |
| ग) | भषासंसर्ग विधि | ०% |
| घ) | भाषा पाठ्यपुस्तक तथा प्रत्यक्ष विधि | २०% |

20% 30%




तालिका १८ अनुसार ३०% शिक्षकले आगमन विधि, ५०% शिक्षकले निगमन विधि र २०% शिक्षकले भाषापाठयपुस्तक विधि प्रयोग गरेको पाइयो । तर कुनै पनि शिक्षकले भाषासंसर्ग विधिको प्रयोग गरेको पाइएन । आगमन विधिको प्रयोग गरी शिक्षण गरिएको कक्षामा पाठयांशका थोरै अंशमात्र शिक्षण गरेको पाइयो । निगमन विधि अनुसार शिक्षण गरिएका कक्षामा विद्यार्थीको सहभागिता कम भएको र शिक्षक केन्द्रित शिक्षण भएको पाइयो । आगमन विधि र भाषापाठयपुस्तक विधि अनुसार शिक्षण गरिएका कक्षामा बढी प्रभावकारीता देखिए तापनि समग्रमा कक्षामा प्रयोग गरिएका विधिहरू पूर्ण रूपमा प्रभावकारी हुन नसकेको पाइयो ।

### ४.२.७ विद्यार्थी मूल्याङ्कन

**तालिका १९: विद्यार्थी मूल्याङ्कन**

| क्रम | विद्यार्थी मूल्याङ्कन | प्रशस्त | ज्यादै कम | छैन |
|---|---|---|---|---|
| क) | शिक्षणका क्रममा बीचबीचमा विद्यार्थीलाई प्रश्न गरिएको | ३०% | ७०% | ०% |
| ख) | मूल्याङ्कनमा सबै विद्यार्थीलाई बराबर सहभागी गराइएको | ३०% | ५०% | २०% |

| | | | | |
|---|---|---|---|---|
| ग) | पठको उद्देश्य अनुसार मूल्याङ्कन गरिएको | ४०% | ६०% | ०% |
| घ) | कक्षा कार्य गराइएको | २०% | ८०% | १०% |
| ङ) | प्रत्येक प्रश्नोत्तर पछि विद्यार्थीलाई पृष्ठपोषण प्रदान गरिएको | ५०% | ४०% | १०% |

तालिका १९ अनुसार ३०% शिक्षकद्वारा शिक्षणका क्रममा बीच-बीचमा विद्यार्थीलाई प्रशस्त प्रश्न गरिएको ७०% शिक्षकद्वारा ज्यादै कम प्रश्न गरिएको, ३०% शिक्षकद्वारा विद्यार्थीलाई मूल्याङ्कनमा प्रशस्त सहभागी गराइएको, ५०% शिक्षकद्वारा ज्यादै कम मूल्याङ्कन गरिएका, २०% शिक्षकद्वारा प्रशस्त कक्षाकार्य गराइएको, ८०% शिक्षकद्वारा ज्यादै कम कक्षा कार्य गराइएको र १०% शिक्षकद्वारा कक्षाकार्य नै नगराइएको पाइयो । ५०% शिक्षकद्वारा प्रश्नोत्तर पछि विद्यार्थीलाई पृष्ठपोषण प्रदान प्रशस्त गरिएको, ४०% शिक्षकद्वारा ज्यादै कम पृष्ठपोषण प्रदान गरिएको र १०% शिक्षकद्वारा विद्यार्थीलाई पृष्ठपोषण नै प्रदान नगरिएको देखियो ।

### ४.२.८ पाठयोजना निर्माण

निम्न माध्यमिक तहमा व्याकरण शिक्षा गर्ने क्रममा शिक्षकद्वारा पाठयोजना निर्माण गरिएको छ या छैन भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका २० मा प्रस्तुत गरिएको छ :

**तालिका २० : दैनिक पाठयोजना निर्माण**

| क्रम | दैनिक पाठयोजनाको प्रकृति | छ | छैन |
|---|---|---|---|
| क) | लिखित पाठयोजना निमार्ण गरिएको | ०% | १००% |
| घ) | बुँदामात्र टिपोट गरिएको | ३०% | ७०% |
| ग) | शिक्षक निर्देशिकाको प्रयोग गरिएको | ५०% | ५०% |
| घ) | शिक्षकले मानसिक रूपमा मात्र योजना बनाएको | १००% | ०% |

तालिका २० अनुसार कक्षा अवलोकनको क्रममा लिखित पाठयोजना निर्माण गर्ने कार्य कुनै पनि शिक्षकबाट नभएको देखियो । ३०% शिक्षकले कक्षा शिक्षणका क्रममा बुँदा टिपोट डायरीमा गरी शिक्षण गरेको र ७०% शिक्षकले सो पनि नगरेको देखियो । शिक्षक निर्देशिकाको प्रयोग गरी

शिक्षण कार्य गर्ने शिक्षक ५०% र नगर्ने ५०% रहेको पाइयो । मानसिक रूपमै १००% शिक्षकले शिक्षण योजना सञ्चालन गर्ने गरेको भेटियो ।

### ४.२.९ गृहकार्य

निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकद्वारा विद्यार्थीलाई कसरी गृहकार्य दिइयो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका २१ मा देखाइएको छ :

**तालिका २१ : गृहकार्यको प्रकृति**

| क्रम | गृहकार्यहरू | कक्षा अवलोकनको स्थिति |
|---|---|---|
| क) | पढेर आउने | १०% |
| ख) | प्रश्नको उत्तर लेखेर ल्याउने | ५०% |
| ग) | विद्यार्थीले उदाहरण आफैँ खोजेर ल्याउने | २०% |
| घ) | पाठमा दिइएको अभ्यास गरेर ल्याउने | २०% |

तालिका २१ अनुसार विद्यार्थीलाई गृहकार्य दिने शिक्षकहरूमध्ये १०% शिक्षकले पढेर आउने, ५०% शिक्षकले प्रश्नको उत्तर लेखेर ल्याउनु पर्ने, २०% विद्यार्थीले उदाहरण आफैँ खाजेर ल्याउनु पर्ने, २०% शिक्षकले पाठमा दिइएका अभ्यास गरेर ल्याउनु पर्ने प्रकृतिका गृहकार्य दिइएको पाइयो ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क अनुसार विद्यार्थीलाई गृहकार्य दिने शिक्षकहरूमध्ये ५०% शिक्षकले गृहकार्य सङ्कलन गर्ने र जाँच्ने, ३०% शिक्षकले विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्ने गरेको र २०% शिक्षकले गृहकार्य नगर्ने विद्यार्थीलाई सचेत गराउने गरेको पाइयो । अन्य कुनै पनि शिक्षकले उक्त कार्य गरेको पाइएन ।

### ४.२.१० व्याकरण शिक्षणको प्रभावकारिता

निम्म मध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्याङ्कअनुसार अधिकांश शिक्षकहरूले व्याकरण शिक्षण गर्दा शिक्षक निर्देशिकाको उपयोग गरेको पाइएन । पाठसँग सम्बन्धित उपयुक्त र सान्दर्भिक शैक्षिक सामग्रीको उपयोग पनि गरेको पाइएन । शिक्षण गर्दा उपयुक्त शिक्षण विधिको उपयोग गर्न

नसकेको पाइयो । थोरै शिक्षकहरूले मात्र विद्यार्थीको सिर्जनात्मक क्षमता बढाउने कार्यकलापको उपयोग गरेको पाइयो । शिक्षणका क्रममा विद्यार्थी सहभागिता न्यून रहेको र सबै कक्षाहरूमा स्तरीय शिक्षण हुन नसकेको पनि पाइयो । समग्रमा व्याकरण शिक्षणको प्रभावकारिता आंशिक रूपमा मात्र सन्तोषजनक रहेको पाइयो ।

### ४.२.११ कक्षामा उपयोग गरिएका विधि तथा यिनीहरूको मूल्याङ्कन

निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकन गर्दा थोरै शिक्षकले मात्र आगमन विधिको उपयोग गरी शिक्षण गरेको पाइयो । आगमन विधिको उपयोग गरी शिक्षण गर्दा सिकाइमा बढी प्रभावकारिता र विद्यार्थी केन्द्रित भएको पाइयो । शिक्षकले विद्यार्थीलाई उदाहरण दिन लगाउने, अभ्यास गराउने, नियम तथा परिभाषा बताउन लगाउने गरेको पाइयो । यस विधिद्वारा शिक्षण गर्दा कक्षा रोचक, छलफल युक्त र अन्तर्क्रिया केन्द्रित भई सिकाइ प्रभावकारी भएको तर थोरै मात्र पाठ्यांश शिक्षण गर्न सकिएको भेटियो । यसरी हेर्दा आगमन विधिको प्रयोग गरी व्याकरण शिक्षण कार्य गर्दा तोकिएको समयभार अपुग हुने देखिन्छ ।

कक्षा अवलोकन तथ्याङ्क हेर्दा निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्ने नमुना छनोटमा दस जना शिक्षकहरूमध्ये करीब आधाले आगमन त्यसपछि निगमन विधिको उपयोग गरी शिक्षण गरेको पाइयो । निगमन विधिको उपयोग गर्दा आफैँले बताइ दिने गरेको पाइयो । यस विधिअनुसार शिक्षण कक्षा कार्यकलापमा शिक्षकमात्र सक्रिय रहने, व्याकरणका नियम, परिभाषा, संरचना शिक्षक आफैँले बतइदिने गरेको पाइयो । यस विधि अनुसार शिक्षण गर्दा कक्षा रोचक र सिकाइ प्रभावकारी हुन नसकेको पाइयो । निगमन विधिको उपयोग गरी शिक्षण गरिएका कक्षाहरूमा शिक्षण पश्चात विद्यार्थी मूल्याङ्कन गर्दा विद्यार्थीले अपेक्षित उद्देश्य हाँसिल हुने गरी प्रश्नको उत्तर दिन नसकेको पाइयो । अतः शिक्षणका क्रममा निगमन विधि उपयोगी र प्रभावकारी हुन नसकेको पाइयो ।

कक्षा अवलोकनको क्रममा शिक्षकले भाषा पाठ्यपुस्तक विधिको पनि उपयोग गरेको पाइयो । थारै सङ्ख्याका शिक्षकले उपयोग गरेको यो विधि शिक्षणका क्रममा उपयोगी देखियो । पाठ्यपुस्तकमा दिइएका उदाहरण नियम परिभाषा, संरचना विद्यार्थीलाई पढ्न भन्न र लेख्न लगाउने गरेको पाइयो । शिक्षकले पनि व्याकरणका नियम, परिभाषा, उदाहरण बताइदिने,

पाठयपुस्तकमा भएका अभ्यास विद्यार्थीलाई गर्न लगाउने जस्ता कार्यकलापहरू बढी उपयोगी रहेको पाइयो । पाठ्पुस्तक विधिबाट व्याकरण शिक्षण गर्दा यसले शिक्षकको लागि मार्गनिर्देशकको काम गरेको पाइयो ।

### ४.२.१२ कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको सार

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित दसओटा विद्यालयका नमुना छनोटमा परेका दस जना शिक्षकहरूले शिक्षण गर्दाको अवस्थामा कक्षा अवलोकन गरिएको थियो । यस क्रममा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यको अध्ययन गर्दा धेरैजसो विद्यालयको सिकाइ वातावरण उत्तम र थोरैजसो विद्यालयको सिकाइ वातावरण मध्यम रहेको पाइयो । उक्त विद्यालयमा शिक्षण गर्ने अधिकांश शिक्षकरूको व्यक्तित्व उत्तम र थोरै मात्र शिक्षकहरूको व्यक्तित्व मध्यम रहेको पाइयो । व्याकरण शिक्षणका क्रममा धेरैजसो शिक्षक आफैँ सक्रिय रहेको र थोरैजसो शिक्षकले विद्यार्थीलाई सक्रिय बनाइ शिक्षण गरेको पाइयो । यसैगरी शिक्षणका क्रममा बीच-बीचमा थोरै शिक्षकले मात्र विद्यार्थीलाई बराबर सहभागी गराएको पाइयो । यस क्रममा दसओटै विद्यालयका सबै शिक्षकले कुनै पनि लिखित योजना निमार्ण नगरी मानसिक रूपमा मात्र योजना तयार गरी शिक्षण गरेको पाइयो । विद्यार्थीलाई गृहकार्य दिने शिक्षकमध्ये सबैभन्दा बढी शिक्षकले प्रश्नको उत्तर लेखेर ल्याउने प्रकृतिका गृहकार्य दिएको पाइयो भने सबैभन्दा कम शिक्षकले पढेर आउने प्रकृतिका गृहकार्य दिएको पाइयो । आधाजसो शिक्षकले शिक्षणका क्रममा निगमन विधिको उपयोग ज्यादै थोरै शिक्षकले आगमन र भाषा पाठ्यपुस्तक विधिको उपयोग गरेको पाइयो भने भाषासंसर्ग विधि कुनै पनि शिक्षकले उपयोग गरेको पाइएन । नेपाली भाषा र व्याकरण शिक्षण गर्ने सबै शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्रीको मात्र उपयोग गरेको पाइयो । दैनिक उपयोगमा आउने बाहेक अन्य कुनै पनि शिक्षण सामग्री उपयोग गरेको पाइएन । सम्पूर्ण कक्षाहरूको अवलोकनबाट व्याकरण शिक्षण आंशिक रूपमा मात्र प्रभावकारी रहेको पाइयो ।

# अध्याय : पाँच

## शिक्षक प्रतिक्रिया तथा कक्षा अवलोकनको तुलनात्मक विश्लेषण

## ५.१ परिचय

यस अध्यायमा नमुना छनोटमा परेका चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित दसओटा विद्यालयका दस जना नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावली र यसबाट प्राप्त भएको तथ्यहरू अनि शिक्षणका क्रममा गरिएको कक्षा अवलोकन र यसबाट प्राप्त भएको तथ्यहरूबीच तुलना सरकारी र निजी विद्यालयका शिक्षकरूले अपनाएको शिक्षण विधिका बीच तुलना, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले अपनाएका शिक्षण विधि तथा कार्यकलापहरू बीच तुलना गरी त्यसबाट प्राप्त भएका तथ्यहरूको व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ५.२ तुलनात्मक विश्लेषण

### ५.२.१ शैक्षिक योजना

शिक्षकहरूलाई भराइएको प्रश्नावलीबाट प्राप्त तथ्यअनुसार ८०% शिक्षकले वार्षिक कार्ययोजना, ७०% शिक्षकले एकाइ योजना र ८०% शिक्षकले दैनिक पाठयोजना बनाउने गरेको पाइयो । तर कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार ५०% शिक्षकहरूले मात्र वार्षिक कार्ययोजना निर्माण गरेको पाइयो र अन्य कुनै पनि शिक्षकले वार्षिक कार्ययोजना,एकाइ योजना र दैनिक पाठयोजना निर्माण गरेको पाइएन । कक्षा अवलोकनको तथ्यअनुसार ३०% शिक्षकले बुँदा टिपोट गरको पाइयो भने ७०% शिक्षकहरूले कुनै पनि लिखित योजना नबनाएको र सबै शिक्षकले मानसिक रूपमा मात्र योजना तयार गरी शिक्षण गरेको पाइयो । यसबाट के देखिन्छ भने शिक्षणका क्रममा योजना निर्माण गरेर मात्र शिक्षण गर्नु आवश्यक छ ।

### ५.२.२ शैक्षिक सामग्री

प्रश्नवलीअनुसार ७०% शिक्षकले व्याकरण शिक्षण गर्दा दैनिक उपयोगमा आउने शैक्षिक सामग्री चक,डस्टर,कालो/सेतो पाटी र पाठ्यपुस्तक बाहेक अन्य शैक्षिक सामग्रीहरू शब्दपत्ति, वाक्यपत्ति, गोजी तालिका, विभिन्न कार्डहरू, फलाटिन पाटी, सर्न्दभ पाठ्यपुस्तक उपयोग गरिन्छ भनी बताए पनि कक्षा अवलोकन गर्दा दैनिक उपयोगमा आउने शैक्षिक सामग्री बाहेक अन्य कुनै सामग्रीको उपयोग गरेको पाइएन । शैक्षिक सामग्रीले सिकाइलाई बढी सरल,सहज र प्रभावकारी बनाउँछ भनिए तापनि शिक्षणका क्रममा भने उक्त तथ्य पाइएन । अत : पाठयवस्तु अनुरूपका शैक्षिक सामग्रीहरूको सन्दर्भपरक उपयोगमा ध्यान दिनु आवश्यक देखिन्छ ।

### ५.२.३ समग्र व्याकरण शिक्षणका कार्यकलापहरू

प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त भएका समग्र व्याकरण शिक्षणका कार्यकलापहरूको तथ्यलाई तुलनात्मक रूपमा तल तालिका २२ मा देखाइएको छ :

**तालिका २२ : समग्र व्याकरण शिक्षणका कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | शिक्षक प्रतिक्रिया | | कक्षा अवलोकन | |
|---|---|---|---|---|---|
| | | सामान्यतया गरिन्छ | सामान्यतया गरिदैन | सामान्यतया गरियो | सामान्यतया गरिएन |
| क) | व्याकरणतत्त्वका उदाहरण विद्यार्थीहरूलाई नै भन्न र खोज्न लगाउने । | ८०% | २०% | ४०% | ६०% |
| ख) | विद्यार्थीहरूलाई व्याकरणका विविध तÎवहरूमा प्रशस्त अभ्यास गराउने । | ८०% | २०% | ४०% | ६०% |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) | व्याकरणतत्त्वहरूको परिचय,परिभाषा,उदाहरण, नियम,संरचना विद्यार्थीलाई नै भन्न र लेख्न लगाउने । | ८०% | २०% | १०% | ९०% |
| घ) | शिक्षणका क्रममा विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने । | ७०% | ३०% | ७०% | ३०% |
| ङ) | शिक्षकले विद्यार्थीले गरेका लेखनको शुद्धीकरण गरिदिने । | ९०% | १०% | ८०% | २०% |
| च) | विद्यार्थीलाई व्याकरणतत्त्वको प्रयोग गरी अलग-अलग अनुच्छेद, संवाद र कुनै चर्चित व्यक्तित्वको जीवनी लेख्न लगाउने । | ८०% | २०% | १०% | ९०% |
| छ) | व्याकरणतÎव सम्बन्धी सम्पूर्ण समस्याको समाधान शिक्षक आफैले गरिदिने । | ७०% | ३०% | ६०% | ४०% |

तालिका २२ अनुसार प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरूको आधारमा व्याकरण शिक्षण गर्दा विद्यर्थीलाई नै व्याकरणतत्त्वका उदाहरण खोज्न र भन्न लगाउने सामान्यतया गरिन्छ भनी ८०% शिक्षकले प्रतिक्रिया दिएको पाइयो भने कक्षा अवलोकनअनुसार ४०% शिक्षकले मात्र उक्त कार्य गर्ने गरेको पाइयो । प्रश्नावलीअनुसार ८०% शिक्षकले व्याकरणका विविध तत्त्वहरूमा विद्यार्थीलाई अभ्यास सामान्यतया गराइन्छ भनी प्रतिक्रिया दिइएको पाइयो भने कक्षा अवलोकनअनुसार ४०% शिक्षकले मात्र उक्त कार्य गरेको पाइयो । प्रश्नावली अनुसार ८०% शिक्षकले व्यकरणका नियम,परिभाषा,संरचना र परिचय विद्यार्थीलाई नै भन्न लगाउने कार्य सामान्यतया गरिन्छ भनी प्रतिक्रिया दिएको पाइयो भने कक्षा अवलोकन अनुसार १०% ले मात्र उक्त कार्य गरेको पाइयो । प्रश्नावली अनुसार ७०% शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थी शिक्षक बीच अन्तर्क्रिया तथा छलफल सामान्यतया गरिन्छ भनी प्रतिक्रिया दिइएको पाइयो भने कक्षा अवलोकनअनुसार त्यति नै शिक्षकमा उक्त कार्य गरेको भेटियो । प्रश्नावली अनुसार ९०% शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण सामान्यतया गरिन्छ भनी प्रतिक्रिया दिएको पाइयो भने कक्षा अवलोकनका क्रममा ८०% ले मात्र उक्त कार्य गरेको देखियो । प्रश्नावलीअनुसार ८०% शिक्षकले अलग-अलग व्याकरणतत्त्वको प्रयोग गरी विद्यार्थीलाई अनुच्छेद लेख्न लगाउने सामान्यतया गरिन्छ भनी प्रतिक्रिया दिएको पाइयो भने

कक्षा अवलोकनअनुसार १०% ले मात्र उक्त कार्य गरेको पाइयो । त्यसैगरी प्रश्नावली अनुसार ७०% शिक्षकले व्याकरण शिक्षणका क्रममा आएका सम्पूर्ण समस्याको समाधान शिक्षक आफैंले सामान्यतया गरिन्छ भनी प्रतिर्क्रिया दिएको पाइयो भने कक्षा अवलोकनअनुसार ६०% ले उक्त कार्य आफैंले गरेको पाइयो ।

### ५.२.४ शिक्षण विधि

प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त भएको शिक्षण विधि सम्बन्धी तथ्यलाई तल तालिका २३ मा देखाइको छ ।

**तालिका २३: शिक्षण विधि**

| क्रम | शिक्षण विधि | शिक्षक प्रतिक्रिया | | कक्षा अवलोकन |
|---|---|---|---|---|
| | | प्रयोग गरिन्छ | प्रयोग गरिदैन | |
| (क) | आगमन विधि | ४०% | ६०% | ३०% |
| (ख) | निगमन विधि | ३०% | ७०% | ५०% |
| (ग) | भाषासंसर्ग विधि | २०% | ८०% | ०% |
| (घ) | भाषापाठ्यपुस्तक तथा प्रत्यक्ष विधि | १०% | ९०% | २०% |

तालिका २३ अनुसार प्रश्नावलीबाट प्राप्त तथ्यहरूको आधारमा व्याकरण शिक्षण गर्दा ४०% शिक्षकले आगमन विधिको उपयोग गरेको पाइयो भने कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार ३०% शिक्षकले मात्र निगमन विधिको उपयोग गरेको पाइयो भने कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार ५०% शिक्षकले भाषासंसर्ग विधिको उपयोग गरेको पाइयो भने कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार कसैले पनि सो विधि उपयोग गरेको भेटिएन । प्रश्नावली

अनुसार १०% शिक्षकले भाषा पाठ्यपुस्तक तथा प्रत्यक्ष विधिको उपयोग गरेको पाइयो भने कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार २०% शिक्षकले उक्त विधिको अवलम्बन गरेको देखियो । अतः धेरै सङ्ख्याका शिक्षकहरूले अझै पनि प्राचीन निगमन विधिलाई बढी र अन्य विधिलाई कम महत्त्व दिई शिक्षण गरेको पाइयो । यद्यपी निगमन विधि बाहेक अन्य विधिको उपयोग गरी शिक्षण गर्नु उपयुक्त र प्रभावकारी हुने देखिन्छ ।

### ५.२.५ प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्यको तुलनात्मक सार

प्रश्नावली र कक्षा अवलोकनको तुलनात्मक तथ्यअनुसार शिक्षकले प्रश्नावलीमा दिएको प्रतिक्रिया र कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यबीच प्रशस्त अन्तर पाइयो । प्रश्नावली अनुसार अधिकांश शिक्षकले वार्षिक कार्ययोजना र दैनिक पाठयोजना निर्माण गरेको पाइयो भने थारै मात्र शिक्षकले एकाइ योजना निर्माण गरेको पाइयो तर कक्षा अवलोकनबाट प्राप्त तथ्य अनुसार आधा सङ्ख्याका शिक्षकले वार्षिक कार्ययोजना निर्माण गरेको बाहेक अन्य कुनै पनि शिक्षकले एकाइ योजना र दैनिक पाठयोजना निर्माण गरेको पाइएन । सबै शिक्षकले लिखित योजना निर्माण नगरी अलिखित र मानसिक रूपमा मात्र योजना बनाई शिक्षण गरेको पाइयो । प्रश्नावली अनुसार थोरै शिक्षकले मात्र दैनिक उपयोगमा आउने बाहेकका अन्य शैक्षिक सामग्रीको उपयोग गरेको पाइयो भने कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार सबै शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्रीको मात्र उपयोग गरेको पाइयो । प्रश्नावली अनुसार अधिकांश शिक्षकले विद्यार्थी केन्द्रित शिक्षण कार्यकलापको उपयोग गरेको पाइयो भने कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार अघिकाँश शिक्षक आफै सक्रिय भई व्याकरणगत समस्याको समाधान गरेको पाइयो । प्रश्नावली अनुसार र करिब आधाजसो शिक्षकले भाषा पाठ्यपुस्तक तथा प्रत्यक्ष विधिको उपयोग गरी शिक्षण गरेको पाइयो भने कक्षा अवलोकनबाट प्राप्त तथ्य अनुसार थारैमात्र शिक्षकले आगमन, आधाजसो शिक्षकले निगमन र थोरै शिक्षकले भाषापाठ्यपुस्तक विधिको उपयोग गरी शिक्षण गरेको पाइयो । अतः शिक्षकहरूले प्रश्नावलीमा दिएको प्रतिक्रिया र कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यहरूबीच प्रशस्त भिन्नता रहेको पाइयो । यसबाट शिक्षकको भनाइ र गराइ बीचमा तालमेल नरहेको तथ्य स्पष्ट हुन आउछ । शिक्षणका यस्ता भिन्नताको अन्त्य हुनुपर्दछ ।

### ५.३ कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा सरकारी र निजी विद्यालयहरूको तुलना

यस अध्ययनमा नमुना छनोटमा परेमा चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित दसओटा विद्यालयहरूमध्ये पाँचओटा सरकारी र पाँचओटा निजी रहेका थिए । उक्त दसओटा विद्यालयहरूमा निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने दस जना शिक्षकले अपनाएका शिक्षणका विभिन्न पक्षमा कक्षा अवलोकन गरी यसबाट प्राप्त भएका तथ्यहरूको तुलनात्मक अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ५.३.१ शैक्षणिक योजना

**तालिका २४: शैक्षणिक योजनाको किसिम**

| क्रम | पाठयोजनाको प्रकृति | सरकारी विद्यालय | निजी विद्यालय |
|---|---|---|---|
| (क) | लिखित पाठयोजना बनाइएको छ , | ०% | ०% |
| (ख) | बुँदागत टिपोट गरिएको छ , | ०% | २०% |
| (ग) | शिक्षक निर्देशिका उपयोग गरिएको छ , | ०% | ०% |
| (घ) | शिक्षक मानसिक रूपमा अलिखित योजना बनाइएको छ । | १००% | १००% |

तालिका २५ अनुसार पाठयोजनाका किसिम अन्तर्गत लिखित विस्तृत योजना सरकारी तथा निजी दुबै क्षेत्रका विद्यालयका शिक्षकहरूले बनाइएको पाइएन । यसैगरी सरकारी तथा निजी दुबै क्षेत्रका विद्यालयमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले शिक्षणका क्रममा कुनै लिखित शिक्षणीय बुँदाको टिपोट तथा शिक्षक निर्देशिकाको उपयोग गरको नपाइए पनि २०% शिक्षकले बुँदा टिपोट गरी अध्यापन निजी विद्यालयमा भएको पाइयो । सरकारी तथा निजी दुबै क्षेत्रका विद्यालयमा व्याकरण शिक्षण गर्ने सबै शिक्षकहरूले अलिखित र मानसिक रूपमा मात्र योजना तयार गरेको पाइयो ।

### ५.३.२ सिकाइ वातावरण

सरकारी र निजी विद्यालयहरूमा कक्षा शिक्षणका क्रममा सिकाइ वातावरण कस्तो रहयो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तल तालिका २५ मा देखाइएको छ ।

**तालिका २५: सिकाइ वातावरण**

| क्रम | सिकाइ वातावरण | सरकारी | निजी विद्यालय |
|---|---|---|---|

| | | विद्यालय | | | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| (क) | कक्षा कोठामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त | ८०% | २०% | १००% | ०% |
| (ख) | कक्षामा कमजोर विद्यार्थीलाई उचित ध्यान दिइएको | ३०% | ७०% | ७०% | ३०% |
| (ग) | कक्षा कोठाका भित्तामा शैक्षिक सामग्री सजाएर राखिएको | ३०% | ७०% | ३०% | ७०% |
| (घ) | कक्षा कोठामा प्रकाशको व्यवस्था उचित | ५०% | ५०% | ५०% | ५०% |
| (ङ) | शिक्षणका क्रममा विद्यार्थी शिक्षकबीच अन्तर्क्रिया गरिएको | २०% | ८०% | ७०% | ३०% |
| (च) | कक्षा कोठामा वाह्य वातावरणको प्रत्यक्ष प्रभाव | ३०% | ७०% | ५०% | ५०% |

तालिका २५ अनुसार ८०% सरकारी विद्यालयमा कक्षा कोठामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त ढङ्गबाट मिलाइएको र २०% विद्यालयमा  विद्यार्थी बसाइ व्यवस्था उपयुक्त पाइएन भने १००% निजी विद्यालयमा कक्षा कोठामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त ढङ्गबाट मिलाइएको देखिएको । सरकारी विद्यालयमा शिक्षण गर्ने ३०% शिक्षकले कक्षामा कमजोर विद्यार्थीलाई ध्यान दिएर कक्षा शिक्षण गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ७०% शिक्षकले कक्षा शिक्षण गर्ने क्रममा कक्षाका कमजोर विद्यार्थीलाई उचित ध्यान दिएर कक्षा शिक्षण गरेको पाइयो । ३०% सरकारी र निजी विद्यालयका कक्षा कोठाका भित्ताहरूमा शैक्षिक सामग्री सजाएर राखिएको पाइयो । ५०% सरकारी र निजी विद्यालयका कक्षाकोठामा उपयुक्त प्रकाशको व्यवस्था रहेको पाइयो । २०% सरकारी विद्यालयमा कक्षा शिक्षणका क्रममा शिक्षक विद्यार्थीबीच छलफल र अन्तर्क्रिया भएको पाइयो भने ७०% निजी विद्यालयमा कक्षा शिक्षणका क्रममा शिक्षक विद्यार्थीबीच छलफल र अन्तर्क्रिया भएको पाइयो । त्यसैगरी ३०% सरकारी विद्यालयका कक्षा कोठामा बाह्य वातावरणको प्रत्यक्ष प्रभाव परेको पाइयो भने ५०% निजी विद्यालयका कक्षा कोठामा बाह्य वातावरणको प्रत्यक्ष प्रभाव परेको पाइयो ।

### ५.३.३ कक्षाको सुरुआत

सरकारी र निजी विद्यालयमा कक्षा शिक्षण गर्दा शिक्षकहरूद्वारा के कसरी कक्षा सुरूआत गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तुलनात्मक रूपमा तल तालिका २६ मा देखाइएको छ ।

**तालिका २६: कक्षाको सुरुआत**

| क्रम | सिकाइ वातावरण | सरकारी विद्यालय | | निजी विद्यालय | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| (क) | पाठसंग सम्बन्धित भई रमाइलो ढङ्गबाट कक्षा सुरु गरिएको | ६०% | ४०% | ६०% | ४०% |
| (ख) | शिक्षक कक्षामा प्रवेश गर्दा हँसिलो र मिलनसार व्यवहारका साथ प्रवेश गरेको । | १००% | ०% | ८०% | २०% |
| (ग) | पूर्वपाठमा आधारित भई कक्षा सुरुआत गरिएको | ८०% | २०% | १००% | ०% |
| (घ) | पाठको उद्देश्य अनुरूप शिक्षण गरिएको | ८०% | २०% | १००% | ०% |
| (ङ) | पाठको उद्देश्य विद्यार्थीलाई बताइएको | २०% | ८०% | १००% | ०% |
| (च) | वैयक्तिक क्षमता अनुसार विद्यार्थीलाई सिक्ने वातावरण सिर्जना गरिएको । | ६०% | ४०% | १००% | ०% |
| (छ) | विद्यार्थीको इच्छा चाहना रुचि क्षमता, आवश्यकता र विशेषतासँग मिल्ने शिक्षण विधि तथा कार्यकलापको उपयोग गरिएको | ६०% | ४०% | ६०% | ४०% |

तालिका २६ अनुसार सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले रमाइलोसँग कक्षा सुरु गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने १००% नै शिक्षक मिलनसार र हँसिलो व्यवहारका साथ कक्षामा प्रवेश गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ८०% शिक्षक हँसिलो र मिलनसार व्यवहारका साथ कक्षामा प्रवेश गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ८०% शिक्षकले पूर्वपाठमा आधारित भई कक्षा शिक्षण सुरु गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने १००% शिक्षक नै पूर्वपाठमा आधारित भई कक्षा शिक्षणको सुरुआत गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ८०% शिक्षकले पाठको उद्देश्य अनुरूप शिक्षण गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने १००% शिक्षकले नै पाठको उद्देश्य अनुरूप शिक्षण गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले पाठको उद्देश्य विद्यार्थीलाई बताइएको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले पाठको उद्देश्य विद्यार्थीलाई बताइएको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले विद्यार्थीको वैयक्तिक क्षमता अनुसार उनीहरूलाई सिक्ने वातावरणको सिर्जना गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने १००% शिक्षकले नै उक्त कार्य गरेको पाइयो । त्यसैगरी सरकारी

विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले विद्यार्थीको इच्छा, चाहना, रुचि, क्षमता र विशेषतासँग मिल्ने शिक्षण विधि तथा कार्यकलापको उपयोग गरी शिक्षण गरको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले उक्त कार्य गरेको पाइयो । समग्रमा हेर्दा सरकारी विद्यालयमा शिक्षण गर्ने शिक्षकभन्दा निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकले कक्षा शिक्षणको सुरुआत उपयुक्त किसिमबाट गरेको पाइयो ।

### ५.३.४ पाठको प्रस्तुतीकरण

सरकारी र निजी विद्यालयमा कक्षा शिक्षण गर्दा शिक्षकहरूद्वारा पाठको प्रस्तुति कसरी गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तुलनात्मक रूपमा तल तालिका २७ मा देखाइएको छ :

**तालिका २७ पाठको प्रस्तुतीकरण**

| क्रम | पाठको प्रस्तुतीकरण | सरकारी विद्यालय | | | निजी विद्यालय | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | माध्यम | निम्न | उत्तम | माध्यम | निम्न |
| (क) | विषयवस्तुको ज्ञान | ६०% | ४०% | ०% | ६०% | ४०% | ०% |
| (ख) | पाठको क्रमबद्ध शिक्षण | २०% | ८०% | ०% | ३०% | ५०% | २०% |
| (ग) | पाठको प्रस्तुतीकरण | ३०% | ७०% | ०% | ५०% | ५०% | ०% |
| (घ) | पाठको स्तरयुक्तता | ७०% | ३०% | ०% | ५०% | ५०% | ०% |
| (ङ) | उदाहरणको प्रस्तुतीकरण | ३०% | ५०% | २०% | ७०% | ३०% | ०% |

तालिका २७ अनुसार सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकमा विषयवस्तुको ज्ञान उत्तम रहेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले उत्तम ढङ्गले पाठको क्रमबद्ध शिक्षण गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ३०% ले पाठको उत्तम र क्रमबद्ध शिक्षण गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ३०% शिक्षकले पाठको

उत्तम प्रस्तुतीकरण गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ७०% शिक्षकले पाठको उत्तम प्रस्तुतीकरण गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ७०% शिक्षकले पाठको स्तरयुक्ततालाई उत्तम ढङ्गले ध्यान दिएको त्यसैगरी सरकारी विद्यालयमा शिक्षण गर्ने ३०% शिक्षकले उदाहरणको उत्तम प्रस्तुतीकरण गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ७०% शिक्षकले उदाहरणको उत्तम प्रस्तुतीकरण पाइयो । समग्रमा हेर्दा सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूका बीचमा शिक्षणीय पाठको प्रस्तुतीकरण गर्ने क्रममा धेरै अन्तर भने पाइएन ।

### ५.३.५ कक्षा कार्यकलाप

सरकारी र निजी विद्यालयमा कक्षा शिक्षण गर्दा शिक्षकहरूâारा कस्ता कक्षा कार्यकलापहरू अपनाइयो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तुलनात्मक रूपमा तल तालिका २८ मा देखाइएको छ ।

**तालिका २८ कक्षा कार्यकलापहरू**

| क्रम | सिकाइ वातावरण | सरकारी विद्यालय | | निजी विद्यालय | |
|---|---|---|---|---|---|
| | | सामान्यतया गरियो | सामान्यतया गरिएन | सामान्यतया गरियो | सामान्यतया गरिएन |
| (क) | व्याकरणत्मक उदाहरण विद्यार्थीहरूलाई खोज्न र भन्न लगाउने । | २०% | ८०% | ४०% | ६०% |
| (ख) | विद्यार्थीलाई व्याकरणका विविध तत्त्वमा अभ्यास गराउने । | ४०% | ८०% | ४०% | ६०% |
| (ग) | व्याकरणतत्त्वको परिचय, परिभाषा नियम तथा संरचना विद्यार्थीलाई नै भन्न लगाउने । | ०% | १००% | २०% | ८०% |
| (घ) | व्याकरण शिक्षणका क्रममा विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने । | २०% | ८०% | ४०% | ६०% |
| ङ) | शिक्षकले विद्यार्थीले गरेको लेखनको | २०% | ८०% | ६०% | ४०% |

| | | | | | |
|---|---|---|---|---|---|
| | शुद्धीकरण गरिदिने | | | | |
| च) | विद्यार्थीलाई व्याकरणका तÎवहरूको प्रयोग गरी अलग-अलग अनुच्छेद लेख्न लगाउने । | ४०% | ६०% | ४०% | ६०% |
| छ) | व्याकरण शिक्षणका क्रममा व्याकरणसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान शिक्षक आफैँले गरिदिने । | ८०% | २०% | ६०% | ४०% |

तालिका २८ अनुसार सरकारी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले व्याकरणतत्वका उदाहरण विद्यार्थीलाई खोजेर भन्न लगाउने गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले उक्त कार्य गर्ने गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले व्याकरणतÎवहरूमा विद्यार्थीलाई अभ्यास गराएको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले विद्यार्थीलाई अभ्यास गराएको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने सबै १००% शिक्षकले नै व्याकरणतत्त्वको परिचय, परिभाषा, नियम, संरचना विद्यार्थीलाई भन्न लगाएको पाइएन भने निजी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले व्याकरणतÎवका नियम, संरचना, परिभाषा विद्यार्थीलाई भन्न लगाउने गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिएको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिने गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले विद्यार्थीलाई अलग-अलग अनुच्छेद लेख्न लगाउने गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ४०% उक्त कार्य गराइएको पाइयो । यसैगरी सरकारी विद्यालयमा शिक्षण गर्ने ८०% शिक्षकले व्याकरण शिक्षणसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान आफैँले गरिदिने गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले उक्त कार्य आफैँले गरिदिने गरेको पाइयो । समग्रमा सरकारी विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूको तुलनामा

निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकले बढी विद्यार्थी क्रियाकलाप र सक्रियतामा ध्यान दिएको पाइयो ।

### ५.३.६ गृहकार्य

सरकारी तथा निजी विद्यालयमा शिक्षण कार्य गर्ने शिक्षकहरूâरा विद्यार्थीलाई कस्तो किसिमको गृहकार्य दिइयो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तल तालिका २९ मा प्रस्तुत गरिएको छ :

**तालिका २९: गृहकार्यको प्रकृति**

| क्रम | गृहकार्यको प्रकृति | सरकारी विद्यालय | निजी विद्यालय |
|---|---|---|---|
| क) | पढेर आउने | २०% | ०% |
| ख) | प्रश्नको उत्तर लेखेर ल्याउने | ४०% | ४०% |
| ग) | विद्यार्थीले उदाहरण खोजेर ल्याउने | २०% | २०% |
| घ) | पाठमा दिएको अभ्यास गरेर ल्याउने | ४०% | ४०% |


तालिका २९ अनुसार सरकारी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले विद्यार्थीलाई पढेर आउन लगाउने प्रकृतिको गृहकार्य दिएको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने कुनै पनि शिक्षकले उक्त प्रकृतिको गृहकार्य दिएको पाइएन । सरकारी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले विद्यार्थीलाई प्रश्नको उत्तर लेखेर ल्याउने प्रकृतिको गृहकार्य दिएको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले उक्त प्रकृतिको गृहकार्य दिएको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने २०% र निजी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले विद्यार्थीलाई आफैले उदाहरण खोजेर र लेखेर ल्याउनु पर्ने प्रकृतिको गृहकार्य दिएको पाइयो । त्यसैगरी सरकारी तथा निजी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले विद्यार्थीलाई पाठमा दिएको अभ्यास गरेर ल्याउने प्रकृतिको गृहकार्य दिएको पाइयो । समग्रमा सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकले दिएको गृहकार्यको प्रकृतिमा धेरै अन्तर पाइएन ।

### ५.३.७ शिक्षण विधि

सरकारी र निजी विद्यालयहरूमा कक्षा शिक्षण गर्दा शिक्षकहरूâरा कस्ता-कस्ता शिक्षण विधिहरु उपयोग गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यलाई तल तालिका ३० मा प्रस्तुत गरिएको छ :

**तालिका ३०: शिक्षण विधिहरू**

| **क्रम** | **शिक्षण विधिहरू** | **सरकारी विद्यालय** | **निजी विद्यालय** |
|---|---|---|---|
| क) | आगमन विधि | २०% | २०% |
| ख) | निगमन विधि | ६०% | ४०% |
| ग) | भाषासंसर्ग विधि | ०% | ०% |
| घ) | भाषा पाठ्पुस्तक तथा प्रत्यक्ष विधि | २०% | ४०% |




तालिका ३० तथा रेखा स्तम्भ चित्र अनुसार सरकारी र निजी दुबै विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकले समान रूपमा आगमन विधि अवलम्बन गरेको देखियो । सरकारी विद्यालयमा शिक्षण गर्ने ६०% शिक्षकले निगमन विधि र निजी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले निगमन विधिको उपयोग गरेको पाइयो । त्यसैगरी सरकारी शिक्षालयमा शिक्षण गर्ने २०% शिक्षकले भाषापाठयपुस्तक विधिको उपयोग गरी शिक्षण गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले भाषा पाठयपुस्तक विधिको उपयोग गरी शिक्षण गरेको पाइयो । सरकारी र निजी दुवै विद्यालयमा शिक्षण गर्ने सबै शिक्षकले भाषासंसर्ग विधिको उपयोग गरेको पाइएन । समग्रमा सरकारी विद्यालयमा शिक्षण गर्ने शिक्षकले निगमन विधिलाई नै बढी अपनाएको पाइयो

भने निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकले पनि यस विधिलाई पूर्णत त्यागेको पाइएन । अन्य विधिको उपयोगमा भने धेरै भिन्नता पाइएन ।

### ५.३.८ सरकारी र निजी विद्यालयको तथ्याङ्कहरूको तुलनात्मक सार

कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेर्दा सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने अति न्यून शिक्षकले मात्र लिखित सामग्रीको प्रयोग गरेतापनि शैक्षिक योजना निर्माण गरेको देखिएन् सरकारी विद्यालयको सिकाइ वातावरण भन्दा निजी विद्यालयको सिकाइ वातावरण उपयुक्त रहेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने सबै शिक्षकहरूको विद्यार्थीप्रतिको व्यवहार उत्तम पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने सबै शिक्षकले पूर्वपाठमा आधारित भई, पाठको उद्देश्य अनुरूप र विद्यार्थीको वैयक्तिक क्षमता अनुसार शिक्षण विधि उपयोग गरी शिक्षण गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूको तुलनामा निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकले उत्तम ढङ्गबाट पाठको प्रस्तुतीकरण गरेको पाइयो । त्यसैगरी सरकारी विद्यालयमा शिक्षण गर्ने धेरै शिक्षकहरूले आफै सक्रिय भई शिक्षण गरेको देखियो भने निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकले विद्यार्थीहरूको क्रियाकलाप र सक्रियतामा बढी जोड दिएको पाइयो । सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकले दिएको गृहकार्यको प्रकृतिमा धेरै अन्तर पाइएन । त्यसैगरी सरकारी विद्यालयमा शिक्षण गर्ने थोरै शिक्षकले आगमन र भाषा पाठयपुस्तक विधि, आधाभन्दा बढी शिक्षकले निगमन विधिको उपयोग गरी शिक्षण गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने थोरै शिक्षकले आगमन र भाषा पाठ्यपुस्तक र आधाजसो शिक्षकले निगमन विधिको उपयोग गरी कक्षा शिक्षण गरेको पाइयो । समग्रमा सरकारी विद्यालयका शिक्षकहरूको निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकको तुलनामा निगमन विधिलाई बढी अपनाउने गरको पाइयो ।

## ५.४ कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कका आधारमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

यस उपखण्डमा नमुना छनोटमा परेका पूर्वी चितवन स्थित पाँचओटा सरकारी र पाँचओटा निजी विद्यालयमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूलाई समावेश गरिएको छ । यस अध्ययनमा समावेश गरिएका निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने

शिक्षकहरूमध्ये ८०% तालिम प्राप्त र २०% तालिम अप्राप्त रहेको पाइयो । यहाँ तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकले कक्षा शिक्षण गर्दाका क्रममा कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यहरूको तुलनात्मक व्याख्या तथा विश्लेषण प्रस्तुत गरिएको छ ।

### ५.४.१ कक्षा शिक्षणको सुरुआत

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूमध्ये तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकåारा कक्षा सुरुआत कसरी गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यहरूलाई तुलनात्मक रूपमा तल तालिका ३१ मा प्रस्तुत गरिएके छ ।

**तालिका ३१: कक्षा शिक्षणको सुरुआत**

| क्रम | सिकाइ वातावरण | तालिम प्राप्त | | तालि अप्राप्त | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| (क) | पाठसँग सम्बन्धित भई रमाइलो ढङ्गबाट कक्षा सुरु गरिएको | ६०% | ४०% | ४०% | ६०% |
| (ख) | शिक्षक कक्षामा प्रवेश गर्दा हँसिलो र मिलनसार व्यवहारसाथ प्रवेश गरेको | ८०% | २०% | १००% | ०% |
| (ग) | पूर्वपाठमा आधारित भई कक्षा सुरु गरिएको | ८०% | २०% | ०% | १००% |
| (घ) | पाठको उद्देश्य अनुसार शिक्षण गरिएको | ८०% | २०% | ०% | १००% |
| (ङ) | पाठको उद्देश्य विद्यार्थीलाई बताइएको | ४०% | ६०% | २०% | ८०% |
| (च) | वैयक्तिक क्षमता अनुसार विद्यार्थीलाई सिक्ने वातावरण सिर्जना गरिएको | ६०% | ४०% | ४०% | ८०% |
| (छं) | विद्यार्थीको इच्छा, चाहना, रुचि, क्षमता, आवश्यकता र विशेषतासँग मिल्ने शिक्षण विधि र कार्यकलापको उपयोग गरिएको | ८०% | २०% | ०% | १००% |

तालिका ३१ अनुसार ६०% तालिम प्राप्त शिक्षकले कक्षा शिक्षणको सुरुआत पाठसँग सम्बन्धित भई रमाइलो ढङ्गबाट गरेको पाइयो भने ४०% तालिम अप्राप्त शिक्षकले उक्त किसिमले कक्षा शिक्षणको सुरुआत गरेको पाइयो । ८०% तालिम प्राप्त शिक्षकले कक्षामा प्रवेश गर्दा हँसिलो र

मिलनसार व्यवहार साथ प्रवेश गरेको पाइयो भने १००% नै तालिम अप्राप्त शिक्षक उक्त व्यवहारसाथ कक्षामा प्रवेश गरेको पाइयो । ८०% तालिम प्राप्त शिक्षकले पाठको उद्देश्य अनरूप शिक्षण गरेको पाइयो भने तालिम अप्राप्त शिक्षकले उक्त कार्य नगरेको देखियो । त्यसैगरी ४०% तालिम प्राप्त शिक्षकले पाठको उद्देश्य विद्यार्थीलाई बताएको पाइयो भने २०% तालिम अप्राप्त शिक्षकले मात्र उक्त कार्य गरेको पाइयो । ६०% तालिम प्राप्त शिक्षकले विद्यार्थीको वैयक्तिक क्षमता अनुरूप सिक्ने वातावरण सिजृना गरेको पाइयो भने ४०% तालिम अप्राप्त शिक्षकले उक्त कार्य गरेको पाइयो । त्यसैगरी ८०% तालिम प्राप्त शिक्षकले विद्यार्थीको रुचि,चाहना,इच्छा, क्षमता र आवश्यकतासँग मिल्ने शिक्षण कार्यकलापको उपयोग गरेको पाइयो भने तालिम अप्राप्त कुनै पनि पनि शिक्षकले उक्त कुरालाई ख्याल गरेको पाइएन । समग्रमा तालिम प्राप्त शिक्षकले अप्राप्त शिक्षकभन्दा बढी प्रभावकारी रूपमा कक्षा शिक्षणको सुरुआत गरेको पाइयो ।

### ५.४.२ कक्षा कार्यकलाप

निम्न माध्यमिक तहमा भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूमध्ये तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूâारा कस्ता-कस्ता कक्षा शिक्षण कार्यकलापहरू गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यहरूलाई तुलनात्मक रूपमा तल तालिका ३२ मा प्रस्तुत गरिएको छ :

**तालिका ३२ : कक्षा शिक्षण कार्यकलापहरू**

| क्रम | कार्यकलापहरू | तालिम प्राप्त | | तालिम अप्राप्त | |
|---|---|---|---|---|---|
| | | सामान्यतया गरियो | सामान्यतया गरिएन | सामान्यतया गरियो | सामान्यतया गरिएन |
| क) | व्याकरणतत्त्वका उदाहरण विद्यार्थीलाई भन्न र खोज्न लगाउने । | ४०% | ६०% | ०% | १००% |
| ख) | विद्यार्थीहरूलाई व्याकरणका विविध तत्त्वहरूमा प्रशस्त अभ्यास गराउने | ४०% | ६०% | २०% | ८०% |
| ग) | व्याकरणतत्त्वहरूको परिचय, परिभाषा, | २०% | ८०% | ०% | १००% |

| | | | | | |
|---|---|---|---|---|---|
| | उदाहरण,नियम,संरचना विद्यार्थीलाई भन्न र लेख्न लगाउने । | | | | |
| घ) | व्याकरण शिक्षणका क्रममा विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने । | २०% | ८०% | २०% | ८०% |
| ङ) | शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिने । | ४०% | ६०% | २०% | ८०% |
| च) | विद्यार्थीलाई अलग-अलग अनुच्छेद लेख्न लगाउने । | ४०% | ६०% | ०% | १००% |
| छ) | व्याकरण शिक्षणका क्रममा व्याकरणका तत्त्वहरूसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान शिक्षकले आफैं गरिदिने । | ८०% | २०% | १००% | ०% |

तालिका ३२ अनुसार ४०% तालिम प्राप्त शिक्षकले व्याकरणतत्त्वका उदाहरण विद्यार्थीलाई भन्न लगाउने गरेको पाइयो भने तालिम अप्राप्त कुनै पनि शिक्षकले उक्त कार्य गराएको पाइएन । ४०% तालिम प्राप्त शिक्षकले विद्यार्थीलाई व्याकरणका तत्त्वहरूमा अभ्यास गराउने गरेको पाइयो भने २०% तालिम अप्राप्त शिक्षकले उक्त कार्य गरेको पाइयो । २०% तालिम प्राप्त शिक्षकले व्याकरणतत्त्वको परिचय, परिभाषा, नियम, संरचना बताउन लगाउने गरेको पाइयो भने तालिम अप्राप्त कुनै पनि शिक्षकले उक्त कार्य गराएको पाइएन । २०% तालिम प्राप्त र अप्राप्त शिक्षकले कक्षा शिक्षणका क्रममा शिक्षक विद्यार्थीबीच छलफल र अन्तर्क्रिया गरेको पाइयो । त्यस्तै ४०% तालिम प्राप्त शिक्षकले विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिएको पाइयो भने २०% तालिम अप्राप्त शिक्षकले उक्त कार्य गरेको पाइयो । ४०% तालिम प्राप्त शिक्षकले अलग–अलग व्याकरणतत्त्वको प्रयोग गरी विद्यार्थीलाई अलग-अलग अनुच्छेद लेख्न लगाउने गरेको पाइयो भने १००% नै तालिम अप्राप्त शिक्षकले उक्त कार्य गरेको पाइएन । त्यसैगरी ८०% तालिम प्राप्त शिक्षकले व्याकरण शिक्षणका क्रममा आएका सम्पूर्ण समस्याको समाधान आफैं गरिदिएको पाइयो भने १००% नै तालिम अप्राप्त शिक्षकले उक्त कार्य आफैंले गरिदिएको पाइयो । समग्रमा तालिम प्राप्त शिक्षकले गरेको कक्षा शिक्षणमा अपनाएको कक्षा

कार्यकलाप तथा विद्यार्थी सहभागिता प्रभावकारी रहेको पाइयो भने तालिम अप्राप्त शिक्षकले गरेको कक्षा शिक्षण कार्य प्रभावकारी र शिक्षक केन्द्रित रहेको पाइयो ।

### ५.४.३ शैक्षिण योजना

निम्न माध्यिमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूमध्ये तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूâारा कक्षा शिक्षण गर्दा कस्तो शैक्षणिक योजना निर्माण गरी शिक्षण गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तुलनात्मक रूपमा तल तालिका ३३ मा प्रस्तुत गरिएको छ :

**तालिका ३३ : पाठयोजनाका  प्रकारहरू**

| क्रम | दैनिक पाठयोजना | तालिम प्राप्त | | तालिम अप्राप्त | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| क) | लिखित पाठयोजना निर्माण गरिएको | ०% | १००% | ०% | १००% |
| ख) | शिक्षणीय बुँदामात्र टिपोट गरिएको | ०% | १००% | ४०% | ६०% |
| ग) | शिक्षक निर्देशिकाको प्रयोग गरिएको | ०% | १००% | ०% | १००% |
| घ) | अलिखित तर मानसिक तयारी गरिएको | १००% | ०% | १००% | ०% |

तालिका ३३ अनुसार तालिम प्राप्त र अप्राप्त दुवै प्रकारका शिक्षकले पाठ योजना बनाउने क्रममा १००% नै अलिखित तर मानसिक तयारी मात्र गरेको देखिन्छ । ४०% तालिम अप्राप्त शिक्षकले शिक्षणीय बुँदामात्र डायरीमा टिपोट गरी शिक्षण गर्ने गरेको देखियो । समग्रमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकमा शिक्षणीय योजनामा कुनै भिन्नता देखिएन ।

### ५.४.४ शिक्षण विधि

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूद्वारा कक्षा शिक्षणका क्रममा कस्ता विधिहरूको उपयोग गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यलाई तुलनात्मक रूपमा तल तालिका ३४ मा देखाइएको छ :

**तालिका ३४ : शिक्षण विधि**

| क्रम | शिक्षण विधि | तालिम प्राप्त | तालिम अप्राप्त |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| क) | आगमन विधि | २०% | ०% |
| ख) | निगमन विधि | ४०% | ८०% |
| ग) | भाषासंसर्ग विधि | ०% | ०% |
| घ) | भाषापाठ्यपुस्तक तथा प्रत्यक्ष विधि | ४०% | २०% |

तालिका ३४ अनुसार तालिम प्राप्त शिक्षकहरू मध्ये २०% ले आगमन विधि, ४०% ले निगमन विधि र ४०% ले भाषा पाठयपुस्तक तथा प्रत्यक्ष विधिको उपयोग गरी कक्षा शिक्षण गरेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरूमध्ये ८०% ले निगमन विधि र २०% ले भाषा पाठ्यपुस्तक तथा प्रत्यक्ष विधिको उपयोग गरी कक्षा शिक्षण गरेको पाइयो । समग्रमा तालिम अप्राप्त शिक्षकले कक्षा शिक्षण गर्दा आगमन विधिको उपयोग गरेको पाइएन र निगमन विधिलाई बढी अपनाएको पाइयो । तालिम प्राप्त शिक्षकहरूमध्ये थोरै सङ्ख्याका शिक्षकले मात्र आगमन विधिको उपयोग गरेको पाइयो भने निगमन विधिलाई बढी अपनाएको पाइयो । तालिम प्राप्त ४०% शिक्षकले भाषापाठ्यपुस्तक विधिको उपयोग गरेको पाइयो भने २०% तालिम अप्राप्त शिक्षकले उक्त विधि अपनाएको पाइयो ।

### ५.४.५ अन्य

कक्षा अवलोकनबाट प्राप्त तथ्यअनुसार विद्यार्थी मूल्याङ्कन गर्ने क्रममा अधिकांश तालिम प्राप्त शिक्षकले शिक्षणका क्रममा विद्यार्थीलाई बराबर सहभागी गराउने,कक्षा कार्य गराउने तथा प्रश्नोत्तर पछि विद्यार्थीलाई पृष्ठपोषण गर्ने गरेको पाइयो भने थोरै जसो तालिम अप्राप्त शिक्षकले विद्यार्थीलाई सिर्जनात्मक ज्ञान बढाउने र उदाहरण आफैँ खोजेर ल्याउने किसिमका गृहकार्य दिइएको पाइयो ।

### ५.४.६ निष्कर्ष

तालिम प्राप्त तथा अप्राप्त शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गर्दा पाठयोजना निर्माणमा अधिकांश तालिम प्राप्त तथा अप्राप्त शिक्षकहरूले अलिखित तर मानसिक तयारी मात्र गरेको पाइयो । व्याकरण शिक्षण गर्दा थोरै मात्र तालिम प्राप्त शिक्षकले आगमन विधि, आधाभन्दा कमले निगमन विधि र थोरैले भाषा पाठ्यपुस्तक विधिको उपयोग गरेको पाइयो भने धेरैजसो तालिम अप्राप्त शिक्षकले निगमन र थोरै शिक्षकले भाषा

पाठयपुस्तक विधिको प्रयोग गरेको भेटियो । तालिम अप्राप्त शिक्षकले आगमन विधि र भाषासंसर्ग विधिको बिलकुलै प्रयोग गरेको देखिएन । तालिम प्राप्त र अप्राप्त दुबैमा भाषासंसर्ग विधिको उपयोग गरी शिक्षण कार्य भएको देखिएन । अधिकांश तालिम प्राप्त शिक्षकले विद्यार्थी मूल्याङ्कन पाठको उद्देश्य अनुरूप र विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्दै गरेको पाइयो भने थोरै मात्र तालिम अप्राप्त शिक्षकले उक्त कार्य गरेको पाइयो । अधिकांश तालिम प्राप्त शिक्षकले विद्यार्थीको सिर्जनात्मक क्षमता बढ्ने किसिमको गृहकार्य दिएको पाइयो भने तालिम अप्राप्त शिक्षकले भने पाठकै अभ्यास गरेर ल्याउने प्रकृतिका गृहकार्य दिएको पाइयो ।

# अध्याय : छ

## निष्कर्ष तथा सुझाउहरू

### ६.१ निष्कर्ष

प्रस्तुत शोधकार्यका लागि प्रतिनिधि नमुना स्थलका रूपमा चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित दसओटा विद्यालय र ती विद्यालयमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने दस जना शिक्षकलाई नमुना जनसङ्ख्याका रूपमा लिइयो । प्रस्तुत शोधअध्ययनका लागि शिक्षकले भरेको

प्रश्नावली र कक्षा अवलोकन फारामलाई शोधउपकरणका रूपमा प्रयोग  गरियो । प्रस्तुत अध्ययनमा नमुना छनोटमा परेका विद्यालयका शिक्षकलाई प्रश्नावली भराउने र शोधकर्ता आफैँ उपस्थित भई कक्षा अवलोकन गर्ने कार्य गरियो । प्रश्नावली र कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यहरूलाई तालिकीकरण गरी प्रतिशतका आधारमा उक्त तथ्यको व्याख्या विश्लेषण तथा तुलना सहित अध्ययन गरियो ।

### ६.१.१ व्याकरण शिक्षणसम्बन्धी शिक्षकले दिएको प्रतिक्रियाको निर्ष्कष

निम्न माध्यमिक तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने दस जना शिक्षकले भरेको प्रश्नावली अनुसार अधिकंश शिक्षकले वार्षिक कार्ययोजना निर्माण गरेको पाइयो भने थोरै मात्र शिक्षकले एकाइ योजना बनाएको पाइयो । यसबाट वार्षिक कार्ययोजना र दैनिक पाठयोजना निर्माण गर्ने  शिक्षकहरूको सङ्ख्या सन्तोषजनक रहेको पाइयो । कक्षा शिक्षणको क्रममा धेरैजसो शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्री, पाठयपुस्तक, चक, डस्टर, कालो÷सेतोपाटी बाहेक शब्दपत्ति, वाक्यपत्ति, गोजी तालिका, फलाटिन पाटी, सन्दर्भ पाठ्यपुस्तक, चार्टहरू, चित्रहरू,तस्बिर जस्ता शैक्षिक सामग्रीको उपयोग गरेको पाइयो । अधिकांश शिक्षकले विद्यार्थीलाई व्याकरणतÎवका उदाहरण खोज्न र भन्न लगाउने, व्याकरणतÎवमा प्रशस्त अभ्यास गराउने, व्याकरणतÎवको परिचय, परिभाषा, नियम, संरचना विद्यार्थीलाई नै भन्न लगाउने अलग-अलग व्यकरणतÎवको प्रयोग गरी विद्यार्थीलाई अनुच्छेद लेख्न लगाउने विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गर्ने कार्य सामान्यतया गरिन्छ भनी प्रतिक्रिया दिएको पाइयो । आधाजसो शिक्षकले आगमन, आधाभन्दा कम शिक्षकले भाषा पाठयपुस्तक र ज्यादै कम शिक्षकले निगमन विधिको उपयोग गरी शिक्षण कार्य गर्ने गरेको पाइयो । कुनै पनि शिक्षकले भाषासंसर्ग विधिको उपयोग गरेको पाइएन । समग्रमा प्रश्नावली अनुसार शिक्षण विधि, शैक्षिक सामग्री, कक्षा कार्यकलाप र विद्यार्थी केन्द्रित क्रियाकलापहरू सन्तोषजनक रहेको पाइयो ।

प्रश्नावलीसँगै व्याकरणतÎवको शिक्षणमा प्रभावकारिता ल्याउन के गर्नुपर्छ भनी सोधिएको प्रश्नको उत्तरमा आधा जति शिक्षकले मात्र सुझाउ दिएको पाइयो । शिक्षकले दिएको सुझाउमा आगमन विधिको उपयोग गर्नुपर्ने, पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोग

गर्नुपर्ने,शिक्षणका क्रममा विद्यार्थीको समूह विभाजन गरी शिक्षण गर्नुपर्ने, विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गर्नुपर्ने,विद्यार्थीलाई विभिन्न किसिमका साहित्यिक पुस्तक पढ्न र प्रतियोगीतामा भाग लिन अभिप्रेरित गर्नुपर्ने तथा खेल विधि र अभिनय विधि अपनाई शिक्षण कार्य गर्नुपर्ने  रहेको पाइयो ।

### ६.१.२ कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको तुलनात्मक निष्कर्ष

कक्षा अवलोकन अनुसार अधिकांश विद्यालयहरूमा विद्यार्थीको बसाइ व्यवस्था र शैक्षिक वातावरण उपयुक्त रहेको पाइयो । आधाजसो विद्यालयमा पाठसँग सम्बन्धित भई शिक्षक र विद्यार्थीबीच अन्तर्क्रिया गरिएको र बाह्य वातावरणको प्रभाव नरहेको पाइयो । कक्षा शिक्षणका क्रममा धेरै शिक्षकको व्यक्तित्व उत्तम रहेको पाइयो । अधिकांश शिक्षकले कक्षा शिक्षणका क्रममा मिलनसार व्यवहार प्रस्तुत गरेको ,पूर्वपाठमा आधारित भई कक्षा शिक्षणको सुरुआत गरेको र पाठको उद्देश्य अनुरूप शिक्षण गरेको पाइयो । अधिकांश शिक्षकले विद्यार्थीको वैयक्तिक क्षमता अनुसार सिक्ने वातावरण सिर्जना गरेको र आधाभन्दा बढीले विद्यार्थीको रुचि अनुसारको शिक्षण विधि उपयोग गरेको पाइयो । आधाभन्दा कम शिक्षकले उत्तम ढङ्गबाट पाठको प्रस्तुतिकरण गरेको पाइयो । थोरैजसो शिक्षकले व्याकरणतÎवका उदाहरण विद्यार्थीलाई भन्न लगाउने आधाभन्दा कमले विद्यार्थीलाई व्याकरणतÎवमा अभ्यास गराउने,ज्यादै कमले परिभाषा,नियम,संरचना बताउने अलग-अलग व्याकरणतÎवको प्रयोग गरी अनुच्छेद लेख्न लगाउने र अधिकांश व्याकरण शिक्षणका क्रममा व्याकरणतÎवसम्बन्धी आएका सम्पूर्ण समस्याको समाधान आफैँले गरिदिने गरेको पाइयो । विद्यार्थी मूल्याङ्कन गर्ने क्रममा थोरैजसो शिक्षकले शिक्षणका बीच बीचमा विद्यार्थीलाई प्रश्न गरेको, आधाभन्दा कम शिक्षकले पाठको उद्देश्य अनुरूप शिक्षण गरेको र आधाजसो शिक्षकले प्रत्येक प्रश्नोत्तर पछि विद्यार्थीलाई पृष्ठपोषण प्रदान गरेको पाइयो । कुनै पनि शिक्षकले पूर्ण रूपमा लिखित शैक्षणिक योजना निर्माण गरेको पाइएन । विद्यार्थीलाई गृहकार्य दिने शिक्षकमध्ये ज्यादै कम शिक्षकले पढेर आउने, आधाजसो शिक्षकले उत्तर लेखेर ल्याउनुपर्ने, थोरै शिक्षकले उदाहरण आफैँ खोजेर ल्याउनुपर्ने र पाठको अभ्यास गरेर ल्याउनुपर्ने किसिमका गृहकार्य विद्यार्थीलाई दिएको पाइयो ।

समग्रमा शिक्षणका क्रममा विद्यार्थी सहभागिता न्यून रहेको सबै कक्षामा स्तरीय शिक्षण हुन नसकेको पाइयो ।

अत : व्याकरण शिक्षणको प्रभावकारिता आंशिक रूपमा मात्र सन्तोषजनक रहेको, कक्षामा उपयुक्त विधिको उपयोग गरी शिक्षण नगरिएको, भाषा पाठ्यपुस्तक र आगमन विधिलाई भन्दा निगमन विधिलाई बढी उपयोग गरेको पाइयो । सम्पूर्ण कक्षाहरूको अवलोकन गर्दा व्याकरण शिक्षणको प्रभावकारिता आंशिक रूपमा रह्यो ।

### ६.१.३ प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्यको तुलनात्मक निष्कर्ष

प्रश्नावली अनुसार १००% शिक्षकले वार्षिक कार्ययोजना र दैनिक पाठयोजना, थोरैमात्र शिक्षकले एकाइ योजना निर्माण गरेको पाइयो भने कक्षा अवलोकन गर्दा आधाजसो शिक्षकले लिखित योजना निर्माण गरेको बाहेक अन्य कुनै पनि शिक्षकले लिखित योजना निर्माण गरेको पाइएन । प्रश्नावली अनुसार धेरैजसो शिक्षकले शिक्षण गर्दा दैनिक उपयोगमा आउने शैक्षिक सामग्री चक, डस्टर, कालोपाटी, पाठ्पुस्तक बाहेक अन्य सन्दर्भ पाठ्यपुस्तक, फलाटिन पाटी, शब्द-वाक्यपत्ति,गोजी तालिका, चार्ट,तस्बिर जस्ता शैक्षिक सामग्रीको प्रयोग गरिन्छ भनी प्रतिक्रिया दिए तापनि कक्षा अवलोकन गर्दा दैनिक उपयोगमा आउने बाहेक अन्य कुनै पनि शैक्षिक सामग्रीको उपयोग गरेको पाइएन । प्रश्नावली अनुसार अधिकांश शिक्षकले व्याकरणतÎवका विविध पक्षमा अभ्यास गराउने, व्याकरणतÎवको परिचय,परिभाषा,नियम,संरचना विद्यार्थीलाई भन्न लगाउने,विद्यार्थी शिक्षकबीच कक्षामा छलफल र अन्तर्क्रिया गर्ने विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिने शिक्षणको क्रममा व्याकरणतत्त्व सम्बन्धी आएका सम्पूर्ण समस्याको समाधान आफैंले गरिदिने गरेको पाइयो भने कक्षा अवलोकन अनुसार थोरैजसो शिक्षकले मात्र व्याकरणतÎवका उदाहरण विद्यार्थीलाई खोज्न र भन्न लगाउने, व्याकरणतÎवमा विद्यार्थीलाई अभ्यास गराउने व्याकरणतÎवका परिचय, परिभाषा, नियम संरचना विद्यार्थीलाई नै बताउन लगाउने, विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गर्ने विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिएको र धेरैजसो शिक्षकले व्याकरणसम्बन्धी सबै समस्याको समाधान आफैंले गरिदिएको पाइयो । प्रश्नावली अनुसार आधाजसो शिक्षकले आगमन र आधाभन्दा कम शिक्षकले निगमन र भाषा पाठ्पुस्तक विधिको उपयोग गरी कक्षा

शिक्षण गरेको पाइयो भने कक्षा अवलोकन अनुसार थोरैजसो शिक्षकले आगमन र भाषा पाठ्पुस्तक तथा आधाजसो शिक्षकले निगमन विधिको उपयोग गरी शिक्षण गरेको पाइयो । समग्रमा शिक्षकको बोलाइ र काम गराइमा ठूलो अन्तर रहेको  पाइयो । सैद्धान्तिक रूपमा जानकार रहे तापनि व्यवहारमा अपनाएको देखिएन ।

### ६.१.४ सरकारी र निजी विद्यालयका तथ्यको तुलनात्मक निष्कर्ष

सरकारी र निजी विद्यालयबाट प्राप्त तथ्याङ्कको तुलना गर्दा प्रश्नावलीबाट प्राप्त सूचना अनुसार दुवै विद्यालयका १००% शिक्षकले वार्षिक कार्ययोजना ,सरकारी विद्यालयका शतप्रतिशत शिक्षकहरू अलिखित तर मानसिक तयारी मात्र गरेको पाइयो भने निजी विद्यायका २०% शिक्षकले शिक्षण टिपोट गरेको पाइयो । सरकारी विद्यालयको तुलनामा विद्यार्थी सङ्ख्या कम भएकोले निजी विद्यालयका शिक्षकले कक्षा व्यवस्थापनमा बढी ध्यान दिएको पाइयो ।  दैनिक उपयोगमा आउने शैक्षिक सामग्री बाहेक अन्य शैक्षिक सामग्रीहरू दुवैथरी विद्यालयका शिक्षकले प्रयोग गरेको पाइएन । सरकारी विद्यालयको तुलनामा निजी तथा आवासीय विद्यालयका शिक्षकले विषयवस्तुको प्रस्तुतीकरण उत्तम किसिमले गरेको पाइयो । व्याकरण शिक्षणका कार्यकलापहरूमध्ये विद्यार्थी सक्रिय रहने कार्यकलापहरू सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका शिक्षकले बढी मात्रामा गराइएको पाइयो । यसैगरी सरकारी विद्यालयमा शिक्षण गर्ने थोरैजसो शिक्षकले आगमन र धेरैजसोले भाषापाठ्पुस्तक तथा निगमन विधिको उपयोग गरी कक्षा शिक्षण गरेको पाइयो भने निजी विद्यालयमा शिक्षण गर्ने थोरैजसो शिक्षकले आगमन र आधाले भाषापाठ्यपुस्तक र निगमन विधिको उपयोग गरी कक्षा शिक्षण गरेको पाइयो । समग्रमा कक्षा कार्यकलाप,शिक्षण विधि,मूल्याङ्कन प्रक्रिया,पाठको प्रस्तुतीकरण जस्ता पक्षहरूमा सरकारी विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूको तुलनामा निजी विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूले उपयुक्त,प्रभावकारी र विद्यार्थी क्रियाकलापमा बढी ध्यान दिएर शिक्षण गरेको पाइयो ।

### ६.१.५ तालिम प्राप्त र अप्राप्त शिक्षकहरूका बीचको तुलनात्मक निर्ष्कष

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षा शिक्षण गर्दाको अवस्थामा कक्षा अवलोकन गर्दा दैनिक पाठयोजना निर्माणमा अधिकंश तालिम प्राप्त र तालिम अप्राप्त दुवैथरी शिक्षकले

अलिखित तर मानसिक तयारी गरेको पाइयो । वार्षिक कार्ययोजना भने तालिम अप्राप्तका तुलनामा तालिम प्राप्तले बढी मात्रामा बनाउने गरेको पाइयो । व्याकरण शिक्षणका कार्यकलापहरूमध्ये नयाँ धाराणाको अर्थ स्पष्ट पार्ने र मुख्य कुरालाई विशेष जोड दिई शिक्षण गर्ने कार्य तालिम अप्राप्तको तुलनामा तालिम प्राप्त शिक्षकले बढी गर्ने गरेको पाइयो । अन्य कार्यकलाप भने तालिम प्राप्त तथा अप्राप्त शिक्षकहरूमा प्राय : समानता देखिन्छ । कक्षागत मूल्याङ्कन तथा विद्यार्थी सहभागिता जस्ता कार्यहरू तालिम अप्राप्तको तुलनामा तालिम प्राप्त शिक्षकले बढी गरेको पाइयो । शैक्षिक सामग्रीको सन्दर्भमा दुबैथरी शिक्षकले दैनिक उपायोगका सामग्री बाहेक अन्य सामग्री प्रयोग गरेको पाइएन । तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकले विद्यार्थी केन्द्रित शिक्षण सिकाइमा बढी जोड दिएको पाइयो । समग्र कक्षाहरूको अवलोकनबाट तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकको शिक्षण कार्य बढी प्रभावकारी रहेको पाइयो । यसबाट तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकको कार्यदक्षता बढी राम्रो छ भन्न सकिन्छ ।

### ६.२ सुझाउहरू

प्रस्तुत शोधपत्र अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझाउहरू प्रस्तुत गरिएका छन् :

- ❖ विद्यालयमा सिकाइ वातावरणलाई प्रमुख पक्ष मानिन्छ । यसका लागि विद्यालयमा बाहिरी वातावरणको नकरात्मक प्रभाव पर्न नदिई, कमजोर विद्यार्थीलाई उचित ध्यान दिएर कक्षा शिक्षण गर्नुपर्ने,कक्षा कोठामा उपयुक्त शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने र विद्यार्थीको रुचि, आवश्यकता इच्छा, चाहना र क्षमता अनुसार उपयुक्त शिक्षण विधि र कार्यकलापको उपयोग गरी कक्षा शिक्षण गर्नुपर्ने देखिन्छ ।
- ❖ पाठसँग सम्बन्धित भई उपयुक्त, सान्दर्भिक र स्तरीय शैक्षिक सामग्रीको उपयोग गर्नाले सिकाइलाई बढी सरल,प्रभावकारी र दिगो बनाउँछ ।यसको लागि उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गरी व्याकरण शिक्षण गर्नुपर्ने देखिन्छ ।
- ❖ कक्षा कोठामा उपयुक्त वातावरण निर्माण गर्न कक्षा कोठाका भित्ताहरूमा पाठ र पाठ्पुस्तकसँग सम्बन्धित शैक्षिक सामग्रीहरू सजाएर राख्नुपर्ने देखिन्छ ।
- ❖ विद्यार्थी केन्द्रित विधि तथा कार्यकलापको उपयोग गरी व्याकरणतत्त्वका विविध पक्षमा प्रशस्त अभ्यास गराउनुपर्ने देखिन्छ ।

- ❖ विद्यार्थीहरूको रुचि चाहना,इच्छा,क्षमता तथा विशेषताका आधारमा समूह विभाजन गरी सिक्ने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ ।
- ❖ शिक्षक र विद्यार्थीबीच प्रशस्त छलफल,अन्तर्क्रिया र प्रश्नोत्तर गरी कक्षा शिक्षणका कार्यकलापहरू अगाडि बढाउनेपर्ने देखिन्छ ।
- ❖ शिक्षणका क्रममा आगमन र भाषापाठ्यपुस्तक विधि बढी उपयोग गर्नुपर्ने देखिन्छ ।
- ❖ शिक्षक निर्देशिकाको उपयोग गर्दै त्यसले तोकेका कक्षा कार्यकलापहरूमा जोडदिनुपर्ने देखिन्छ ।
- ❖ सबै शिक्षकहरूले गृहकार्य सङ्कलन गर्ने, जाँच्ने र विद्यार्थीलाई आवश्यक पृष्ठपोषण गर्नुपर्ने देखिन्छ ।
- ❖ शिक्षणका क्रममा कक्षाका कमजोर विद्यार्थीलाई बढी ध्यान दिनुपर्ने र विद्यार्थीको रुचि, इच्छा, चाहनासँग मेलखाने शिक्षण विधि तथा कार्यकलापको बढी उपयोग गर्नुपर्ने देखिन्छ ।
- ❖ शिक्षकको भनाइ र गराइमा एकरूपता ल्याउन जति बोलिन्छ त्यति काम गर्नुपर्ने र जति काम गरिन्छ त्यति मात्र बोल्नुपर्ने देखिन्छ ।
- ❖ निजी विद्यालयको तुलनामा सरकारी विद्यालयमा शिक्षण गर्ने शिक्षकलाई बढी जिम्मेवारी बनाउनुपर्ने, यसका लागि सम्बन्धित निकायबाट समयसमयमा अनुगमन र सुधारको लागि आवश्यक सुझाउ,सल्लाह र निर्देशन दिनुपर्ने देखिन्छ ।

### ६.३ शैक्षिक प्रयोजन

अध्येताले प्रस्तुत अध्ययनको शैक्षिक प्रयोजन यसप्रकार भएको सुनिश्चित गरेको छ :

- ➢ यस अध्ययनले निम्न माध्यमिक तथा अन्य तहमा नेपाली भाषाको व्याकरण शिक्षण गर्ने शिक्षकहरूलाई शिक्षण सिकाइ कार्यकलापमा प्रभावकारिता ल्याउन सहयोग पुऱ्याउनेछ ।
- ➢ यस अध्ययनले व्याकरण शिक्षण गर्दा शिक्षकहरूले अपनाउदै आएका कार्यकलापहरूमा सुधार गरी प्रभावकारी ढङ्गले शिक्षण गर्न सचेत बनाउनेछ ।
- ➢ सरकारी र निजी विद्यालयका शिक्षकहरू बीचको शिक्षणकार्यको अन्तरलाई स्पष्ट पार्दै सुधारको मार्ग प्रशस्त गर्नेछ ।

- प्रस्तुत शोधपत्र अध्ययन शैक्षिक क्षेत्रमा संलग्न योजनाकार,कार्यान्वयनकर्ता तथा मूल्याङ्कनकर्ताका साथै अध्ययन अनुसन्धानमा संलग्न हुने सबैका लागि उपयोगी हुनेछ ।
- प्राथमिक स्रोतबाट सूचना सङ्कन गरी त्यसैका आधारमा तयार पारिएको प्रस्तुत शोत्रपत्रले नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूलाई आवश्यक तालिम प्रदान गर्नका लागि नीति तय गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउनेछ ।
- तालिम प्राप्त शिक्षकको महÎव दर्साइ तालिम अप्राप्त शिक्षकलाई तालिम लिन प्रोत्साहित गर्नेछ ।

## ६.४ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

- प्राथमिक तहमा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,
- माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,
- प्राथमिक तहमा उपयोग गरिने व्याकरण शिक्षणको मूल्याङ्कन प्रक्रियाको अध्ययन,
- निम्न माध्यमिक तहमा उपयोग गरिने व्याकरण शिक्षणको मूल्याङ्कन प्रक्रियाको अध्ययन,
- माध्यमिक तहमा उपयोग गरिने व्याकरण शिक्षणको मूल्याङ्कन प्रक्रियाको अध्ययन,
- निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन ,
- माध्यमिक तहमा गरिने निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियाको अध्ययन,
- विद्यालय तहमा व्याकरण शिक्षणका विधिहरूको प्रभावकारिताको अध्ययन ।

# सन्दर्भग्रन्थसूची

अधिकारी, हेमाङ्गराज (२०३९), **नेपाली भाषा शिक्षण** ,काठमाडौं : पाठयक्रम विकास केन्द्र,त्रि.वि

अधिकारी, हेमाङ्गराज (२०३९), **समसामयिक नेपाली व्याकरण**,काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी हेमाङ्गराज (२०५३), **भाषा शिक्षण परिप्रेक्ष्य तथा पद्धति**, द्वि.सं., काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई(सम्पा २०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**,काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि ।

अधिकारी हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६२), **'प्रारम्भिक नेपाली शिक्षण',** काठमाडौँ : पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद र रामप्रसाद गौतम (२०६५), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : दीक्षान्त प्रकाशन ।

अंगाई, मीनामाया (२०६०), **कक्षा नौमा गद्यविधा शिक्षण गर्दा अपनाइउका शिक्षणविधिहरूको अध्ययन**,महेन्द्ररत्न क्याम्पस (अप्र.शोधपत्र )

खनाल पेशल (२०६४), **भाषिक अनुसन्धान पद्धति**, काठमाडौँ : सनलाइट पब्लिकेशन

थापा, गीरमान (२०५६), **कक्षा नौमा नेपाली भाषा शिक्षण गर्दा अपनाइएका शिक्षण सिकाइ कार्यकलापको अध्ययन**,काडमाडौँ : महेन्द्ररत्न, ताहाचाल (अप्र : शोध)

न्यौपाने हिमलाल (२०५७), **कक्षा नौ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,** कीर्तिपुर (अप्र.शोधपत्र)

पाठ्यक्रम विकास केन्द्र(दो.सं.२०६४) **निम्न माध्यमिक तहको पाठ्यक्रम,** नेपाल सरकार तथा खेलकुद मन्त्रालय, सानोठमी, भक्तपुर ।

पोखरेल, बालकृष्ण (संयो), (२०४०), **नेपाली बृहत शब्दकोश,**काठमाडौंःने.रा.प्र.प्र ।

बन्धु चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**,काठमाडौँ : रत्न पुरस्कार भण्डार ।

भण्डारी, पारसमणि,रामनाथ ओझा र डोलराज अर्याल (२०३८), **भाषिक अनुसन्धान विधि,**काठमाडौँ : पिनाकल पब्लिकेसन ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : शुभकामना प्रकाशन ।

मरहठ्ठा, शिवराम (२०६२), **चितवन जिल्लाका सरकारी विद्यालयमा कक्षा नौमा अध्ययन गर्ने थारूभाषी विद्यार्थीहरूले वर्णविन्यास क्षेत्रमा गर्ने त्रुटिहरूको अध्ययन** त्रि.वि. कीर्तिपुर (अप्र. शोधपत्र)

लामिछाने, यादव प्रकाश (२०६२), **नेपाली भाषा शिक्षण परिचय,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५), **शोधविधि,** द्वि.सं.,काठमाडौँ :साझा प्रकाशन

शर्मा, सुकुम (२०५६), **नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण,**काठमाडौँ : वाङ्मय प्रकाशन ।

सुवेदी, सीता (२०६०), **कक्षा नौमा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,** ताहाचल : महेन्द्ररत्न क्याम्पस (अप्र. शोधपत्र) ।

## परिशिष्टहरू

**परिशिष्ट** (क)

## शोधपत्रमा छनोट गरिएका विद्यालयको नाम ठेगाना

| क.सं | विद्यालयको नाम | ठेगाना | विद्यालयको किसिम |
|---|---|---|---|
| १ | झुवानी उच्च मा.वि | वछौली- ९, झुवानी | सरकारी |
| २ | मोहना मा.वि. | रत्ननगर, मोहना | सरकारी |
| ३ | कपरफोरी मा.वि. | रत्ननगर, कपरफोरी | सरकारी |
| ४ | श्री वकुलहर मा.वि. | रत्ननगर, वकुलहर | सरकारी |
| ५ | श्री राष्ट्रिय नि.मा.वि. | रत्ननगर, देवौली | सरकारी |
| ६ | पारिजात ई.वो. स्कूल | गीतानगर-१०, चोकबजार | निजी |
| ७ | एकता शिशु निकेतन | रत्ननगर, टाँडी | निजी |
| ८ | श्री लिटिल स्टार आ.मा.वि. | बछौली, चित्रासारी | निजी |
| ९ | शिक्षा विकास उच्च मा.वि. | रत्ननगर-१३, जयमंगला | निजी |
| १० | लाइसियम ई.वो. स्कूल | रत्ननगर, टाँडी | निजी |

**परिशिष्ट (ख)**

## कक्षा अवलोकन फाराम

१.विद्यालयको नाम ठेगाना : मितिः

२. कक्षा : विद्यार्थी सङ्ख्या :

३. विषय :नेपाली छात्र :

४.विधा : छात्रा :

५. पाठ : घण्टी :

६. पाठ्यवस्तु :

७. शैक्षिक योग्यता :

८. सङ्काय : शिक्षा/मानविकी

१.सिकाइ वातावरण

क) कक्षामा विद्यार्थीको बसाइ कस्तो छ ?

उत्तम ☐ dWod ☐ cg'k☐Qm

V_ कक्षामा कमजोर विद्यार्थीलाई उचित ध्यान दिइएको छ ☐ छैन ☐

ग) कक्षा कोठा भित्र भित्तामा शैक्षिक सामग्री राखिएको छ ? छ ☐ छैन ☐

घ) कक्षा कोठामा बाह्य वातावरणको प्रभाव छ ☐ कम छ ☐ छैन ☐

ङ) कक्षा कोठा भित्र प्रकाशको व्यवस्था उपयुक्त छ ☐ मध्यम ☐ अनुपयुक्त ☐

च) शिक्षणका क्रममा विद्यार्थी शिक्षकबीच प्रशस्त अन्तर्क्रिया हुन्छ ?

हुन्छ ☐ ज्यादै कम हुन्छ ☐ हुदैन ☐

२.

| **क्रम** | **शिक्षकको व्यक्तिTव** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्युनतम** |
|---|---|---|---|---|---|
| क) | सरसफाइ | | | | |
| ख) | स्पष्ट वक्ता | | | | |
| ग) | आत्मविश्वास | | | | |
| घ) | भाषिक स्पष्टता | | | | |
| ङ) | मिलनसारिता | | | | |
| च) | सहयोगी र व्यवहारिक | | | | |

३.

| क्रम | कक्षाको सुरुआत | छ | छैन |
|---|---|---|---|
| क) | विद्यार्थीलाई ध्यानाकर्षण गर्न रमाइलो ढङ्गले कक्षा प्रारम्भ भएको | | |
| ख) | शिक्षक कक्षामा हँसिलो र मिलनसार व्यवहारका साथै प्रवेश गरेको | | |
| ग) | पूर्वपाठमा आधारित भई कक्षा सुरुआत गरिएको | | |
| घ) | पाठ शिक्षणको उद्देश्य अनुरूप शिक्षण गरिएको | | |
| ङ) | पाठ शिक्षणको उद्देश्य विद्यार्थीलाई बताइएको | | |
| च) | वैयक्तिक क्षमता अनुसार विद्यार्थीलाई सिक्ने वातावरणको सिर्जना गरिएको | | |
| छ) | विद्यार्थीको इच्छा, रुचि, चाहना, क्षमता, आवश्यकता र विशेषतासँग मिल्ने शिक्षण विधि तथा कार्यकलापको उपयोग गरिएको । | | |

४.

| क्रम | शिक्षणीय पाठको प्रस्तुतीकरण | उत्तम | मध्यम | निम्न | न्युनतम |
|---|---|---|---|---|---|
| क) | विषयवस्तुको ज्ञान | | | | |
| ख) | पाठको क्रमबद्ध शिक्षण | | | | |
| ग) | पाठको प्रस्तुतीकरण उपयुक्त | | | | |
| घ) | पाठको स्तरयुक्तता | | | | |
| ङ) | उदाहरणको प्रस्तुतीकरण | | | | |

५.

| क्रम | कार्यकलापहरू | सामान्यतया गरिन्छ | सामान्यतया गरिदैन |
|---|---|---|---|
| क) | व्याकरणतÎवका उदाहरण विद्यार्थीहरूलाई नै खोज्न र भन्न लगाउने । | | |
| ख) | विद्यार्थीहरूलाई व्याकरणका विविध तÎवहरूमा प्रशस्त अभ्यास गराउने । | | |
| ग) | व्याकरणतÎjxरूको परिचय, परिभाषा, उदाहरण, नियम, संरचना, विद्यार्थीहरूलाई नै भन्न र लेख्न लगाउने । | | |
| घ) | व्याकरण शिक्षणका क्रममा विद्यार्थीहरूसँग | | |

| | | | |
|---|---|---|---|
| | छलफल र अन्तर्क्रिया गर्ने, । | | |
| ङ) | शिक्षकले विद्यार्थीहरूले गरेको लेखनको शुद्धीकरण गरिदिने । | | |
| च) | विद्यार्थीहरूलाई व्याकरणका तÎवहरूको प्रयोग गरी अलग-अलग अनुच्छेद, संवाद, कुनै चर्चित व्यक्तिको जीवनी तयार गर्न लगाउने । | | |
| छ) | व्याकरण शिक्षणको क्रममा व्याकरणका तÎवहरूसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान शिक्षक आफैँले गरिदिने । | | |

**६.शिक्षण विधि**

क) आगमन विधि ख) निगमन भाषासंसर्ग विधि

ग) भाषा पाठ्यपुस्तक विधि

७.

| क्रम | विद्यार्थी मूल्याङ्कन | प्रशस्त | आशिंक | छैन |
|---|---|---|---|---|
| क) | शिक्षणकाक्रममा बीच-बीचमा विद्यार्थीहरूलाई प्रश्न गरिएको | | | |
| ख) | मूल्याङ्कनमा सबै विद्यार्थीलाई बराबर सहभागिता गराइएको | | | |
| ग) | पाठको उद्देश्यअनुसार मूल्याङ्कन गरिएको | | | |
| घ) | कक्षा कार्य गराइएको | | | |
| ङ) | प्रत्येक प्रश्नोत्तर पछि विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गरिएको | | | |

८. शिक्षणका क्रममा दैनिक पाठयोजना निर्माण गरिएको छ छैन

९. शिक्षकले योजना निर्माण गरेको छ भने कस्तो खालको छ ?

क) दैनिक पाठयोजना

ख) बुँदा टिपोट मात्र गरिएको

ग) शिक्षक निर्देशिकाको उपयोग गरिएको

घ) लिखित योजना नबनाइएको तर मानसिक रूपमा मात्र तयार गरिएको ।

ङ) अन्य.......................................

१०. शिक्षकåf/f of]hgfsf] kfngf /fd|f];u ul/Psf]

% %}g

**11**= sIffsf] cGTodf u[xsfo{ lbOPsf] %

%}g

**12**= u[xsfo{sf] k|s[lt

s_ k(]/ cfpg]

v_ k|Zgf]Q/ u/]/ Nofpg]

u_ pbfx/)f vf]h]/ l;h{gfTds Ifdtf a(fpg] vfnsf]

#_ kf&df lbOPsf] cEof; dfq u/]/ Nofpg]

**13**_ u[xsfo{ ;ª\sng ug]{ / k/LIf)f ug]{ fd ePsf] % %}g

**14**_ u[xsfo{ hfFr]/ k[i&kf]if)f k|  ul/Psf]

% %}g

**15**_ u[xsfo{ gug]{ ljBfyL{nfO{ ;r  u/f  f]

% %}g

**16_** Jofs/)f lzIf)fsf] k|efjsfl/tf

==========================================

==========================================

==========================================

====

**17_** sIffdf pkof]u ul/Psf] ljlwsf] d"Nofª\sg

**परिशिष्ट** (ग)

# <u>k|ZgfjnL</u>

lzIfssf] gfd M ldlt M

ljBfnosf] gfd M cWofkg

ug]{ ljifo M

z}lIfs of]Uotf M lnË M

lzIfssf] dft[efiffM

cg'ej jif{ M

lzIf)f ub}{ u/]sf] sIff M

cWoog u/]sf] ;ªsfo M

शिक्षक पद : स्थायी ☐ अस्थायी ☐

१. व्याकरण शिक्षणको लागि पाठयोजना बनाउनु हुन्छ ?

क) बनाउँछु　　　　　　　　　　　　ख) बनाउँदिन

२. यदि पाठयोजना बनाउनु हुन्छ भने त्यसबाट भएका फाइदाहरू कुन हदसम्म अनुभव गर्नु भएको छ ?

| क्रम | फाइदाहरू | अति धेरै | धेरै | थोरै | ज्यादै कम |
|---|---|---|---|---|---|
| क | शिक्षण कार्यलाई नियमित, व्यवस्थित र योजनाबद्ध गर्छ । | | | | |
| ख | के, कति, किन, कसरी, सिकाउने भन्ने कुरामा शिक्षकलाई अन्योल हुँदैन । | | | | |
| ग | निर्दिष्ट समयभित्र अपेक्षित उद्देश्य पूरा हुन्छ । | | | | |
| घ | शिक्षण सिकाइ पाठ्यक्रम र विद्यार्थी अनुकुल हुन्छ । | | | | |
| ङ | अन्य | | | | |

३. यदि पाठयोजना बनाउने गर्नु भएको छैन भने किन ?

क) फुर्सद नभएर　　ख) बनाउने तरिका थाहा नभएर　　ग) आवश्यक नभएर

४. व्याकरण शिक्षण कुन उद्देश्यका लागि बढी आवश्यक ठान्नु हुन्छ ?

क) भाषिक सीप विकासका लागि　　　　ख) भाषिक शुद्धताका लागि

ग) भाषिक सीप विकास, शुद्धता, व्याकरणतत्त्वको पहिचान  र तिनको उपयुक्त प्रयोगका लागि

५. निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्नुको उद्देश्य के होला ?

क) भाषिक शुद्धताको विकास गर्नु　　ख) व्याकरणको नियम सिकाउनु

ग) भाषिक सीप विकास शुद्धता,व्याकरणतत्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमताको विकास गर्नु ।

६. आफूले पढाउने विषयमा वार्षिक कार्ययोजना बनाउने गर्नु भएको छ ?

क) छ　　　　　　　　ख) छैन

७. यदि वार्षिक कार्ययोजना बनाउने गर्नुभएको छ भने त्यसको प्रयोगबाट के, कति र कस्ता फाइदाहरूको गर्नुभएको छ ?

| क्रम | फाइदाहरू | अति धेरै | धेरै | थोरै | ज्यादैकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| क) | शैक्षिक गतिविधिको रूपरेखा प्रस्तुत गर्दछ । | | | | |
| ख) | समय र पाठ्यवस्तुका बीचमा अनुकुलन र सन्तुलन मिलाउँछ । | | | | |
| ग) | पाठ्यक्रमका उद्देश्य, पाठ्यपुस्तक,शिक्षण सामग्रीको उपलब्धता,विद्यालयको शैक्षिक वातावरण जस्ता कुराहरू प्रतिबिम्वित हुन्छन् | | | | |
| घ) | शैक्षिक सत्रको अन्त्यसम्ममा कुनै पाठ्यवस्तु अपूर्ण रहने अवस्था रहँदैन । | | | | |
| ङ) | समय र श्रमको उचित व्यवस्थापन भई शिक्षणमा अन्योल हट्छ । | | | | |

८. वार्षिक कार्ययोजना र दैनिक पाठयोजना बाहेक अन्य कुनै शैक्षणिक योजना बनाउने गर्नु भएको छ ?

क) गरेको छु ख) गरेको छैन

९. व्याकरण शिक्षण गर्दा दैनिक उपयोगमा आउने शैक्षिक सामग्री पनि प्रयोग गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

१०. यदि प्रयोग गर्नुहुन्छ भने ती के के हुन् ?

कं)........................

ख)........................

ग)..........................

घ) ..........................

११. यदि अन्य सामग्रीको प्रयोग गर्नुहुन्न भने किन ?

क) सामग्री निर्माण गर्ने सीप नभएर ख) त्यसको उपयोगिता थाहा नभएर

ग) समय नभएर घ) आवश्यक नभएर

१२. व्याकरण शिक्षण गर्दा कुन-कुन विधि उपयोग गर्नु हुन्छ ?

क) आगमन विधि      ख) निगमन विधि      ग) भाषासंसर्ग विधि

घ) भाषा पाठ्यपुस्तक विधि    ङ) अन्य विधि

१३. शब्दवर्ग शिक्षण गर्दा के कस्ता कार्यकलाप गर्दै गराउँदै आउनु भएको छ ?

| क्रम | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गराएको छैन |
|---|---|---|---|---|---|
| क) | प्रत्येक शब्दवर्गका प्रशस्त उदाहरण विद्यार्थी स्वयमलाई भन्न लगाउने । | | | | |
| ख) | प्रत्येक शब्दवर्गको वर्गीकरण गरी परिभाषा पनि उनीहरूलाई भन्न लगाउने । | | | | |
| ग) | सबै शब्दवर्गको वर्गीकरण र परिभाषा शिक्षक स्वयम्ले भनिदिने । | | | | |
| घ) | विद्यार्थीलाई कुनै अनुच्छेद पढ्न दिने, त्यसमा भएका सबै वर्गका शब्द रेखाङ्कित गरी तिनीहरूको वर्गीकरण गर्न लगाउने । | | | | |
| ङ) | शिक्षक स्वयम्ले सम्पूर्ण समस्या समाधान गरिदिने । | | | | |

शब्दवर्ग र यसको किसिम शिक्षण गर्दा के कसरी गरिएमा शिक्षणमा प्रभावकारिता आउन सक्ला ?

१४. काल र पक्ष शिक्षण गर्दा के कस्ता कार्यकलाप गर्दै गराँउदै आउनुभएको छ ?

| क्रम | कार्यकलापहरू | धेरैजसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|---|
| क) | भूत,वर्तमान र भविष्यत् काल तथा यिनीहरूका विभिन्न पक्ष जनाउने क्रियापदका प्रशस्त उदाहरण पाठ्यपुस्तककै पाठबाट विद्यार्थीलाई नै खोज्न लगाउने । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) | विद्यार्थीबाटै काल र पक्षका परिभाषा र नियम खोज्न लगाउने । | | | | |
| ग) | सबै काल र पक्ष जनाउने विभिन्न वाक्यहरू दिने र निर्देशनका आधारमा तिनीहरूको परिवर्तन गर्न लगाउने । | | | | |
| घ) | विद्यार्थीलाई भूतकाल त्यसका पक्षको एकओटा वर्तमानकाल र यसका पक्षका एकओटा र भविष्यत्काल र यसका पक्षको एकओटा गरी तीनओटा अनुच्छेद लेख्न लगाउने | | | | |
| ङ) | शिक्षक स्वयम्ले सबै काल पक्षका उदाहरण पार्टीमा लेखिदिने र सबै काल पक्षको परिभाषा, नियम र संरचना बताइदिने । | | | | |

काल र यसका पक्ष शिक्षण गर्दा कसरी गरिएमा व्याकरणमा प्रभावकारिता आउन सक्छ ?

**१५.** पदसङ्गति शिक्षण गर्दा यस सम्बन्धी अवधारणाको विकासको लागि के-कस्ता कार्यकलापहरू गर्दै गराँउदै आउनु भएको छ ?

| **क्रम** | **कार्यकलापहरू** | **धेरैजसो** | **कहिले काहीँ** | **ज्यादैकम** | **गराएको छैन** |
|---|---|---|---|---|---|
| क) | लिङ्ग,वचन,पुरुष,आदर नमिलेका वाक्य कालो/सेतो पाटीमा लेख्ने र विद्यार्थीलाई ती वाक्य मिलाउन लगाउने । | | | | |
| ख) | विद्यार्थीहरूलाई पदसङ्गति नमिलेका र अभ्यासमा दिइएका वाक्यहरूमा प्रशस्त अभ्यास गराउने । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) | पदसङ्गति मिलेका र नमिलेका वाक्य मिसाएर दिने र विद्यार्थीहरूलाई छुट्याउन लगाउने । | | | | |
| घ) | विद्यार्थीलाई नै पदसङ्गतिको परिभाषा गर्न लगाउने । | | | | |
| ङ) | लिङ्ग,वचन,पुरुष,आदर मिलाएर विद्यार्थीलाई कुनै राष्ट्रिय व्यक्तित्वको बारेमा एक अनुच्छेद लेख्न लगाउने । | | | | |
| च) | शिक्षक आफैँले पदसङ्गतिको परिभाषा र यसका नियम बताइदिने । | | | | |

पदसङ्गतिको शिक्षण के कसरी गरिएमा व्याकरण शिक्षणमा अझ प्रभावकारिता आउन सक्छ ?

**१६.** कारक र विभक्ति शिक्षण गर्दा विद्यार्थीमा उपयुक्त अवधारणा विकास गर्दा के-कस्ता कार्यकलापहरू गर्नु उचित ठान्नुहुन्छ ?

| **क्रम** | **कार्यकलापहरू** | **धेरैजसो** | **कहिले काहीँ** | **ज्यादै कम** | **गराएको छैन** |
|---|---|---|---|---|---|
| क) | कर्ता, कर्म, करण, सम्प्रदान, अपदान र अधिकरण कारकको प्रशस्त उदाहरण दिने र विद्यार्थीहरूलाई त्यस्तै अन्य उदाहरण खोजेर लेख्न लगाउने । | | | | |
| ख) | प्रथमा देखि सप्तमी विभक्ति लागेका वाक्यका | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रशस्त उदाहरण दिने र त्यस्तै अन्य वाक्यका उदाहरण खोजेर विद्यार्थीलाई लेख्न लगाउने । | | | | |
| ग) | कारक र विभक्तिमा भएको भिन्नता विद्यार्थीहरूलाई खोज्न लगाउने । | | | | |
| घ) | कारक र विभक्ति भएका वाक्यदिने र त्यसबाट कारक कुन र विभक्ति कुन भनी विद्यार्थीलाई छुट्याउन लगाउने । | | | | |
| ङ) | सम्पूर्ण समस्याको समाधान शिक्षक आफैले गरिदिने । | | | | |
| च) | कारक र विभक्तिको परिभाषा तथा तिनीहरूमा भएको भिन्नता शिक्षक स्वयंमले बताउने । | | | | |

कारक र विभक्ति शिक्षण गर्दा के कसरी गरिएमा व्याकरण शिक्षणमा प्रभावकारिता आउन सक्छ ?

**१७**. व्याकरण शिक्षणमा लेख्य चिन्हको प्रयोग र यसको अवधारणा विकासका लागि के कस्ता कार्यकलापहरू गर्नु गराउनु उपयुक्त हुन्छ ?

| **क्रम** | **कार्यकलापहरू** | **धेरैजसो** | **कहिले काहीँ** | **ज्यादै कम** | **गराएको छैन** |
|---|---|---|---|---|---|
| क) | विद्यार्थीहरूलाई कुनै निश्चित पाठभित्रका अनुच्छेद पढ्न लगाउने र लेख्य चिन्हको प्रयोग,कुन,कहाँ,कसरी भएको छ सो पहिचान गर्न लगाउने । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) | विद्यार्थीलाई श्रुतिलेखन गराउने र लेख्य चिन्हको सही रूपमा प्रयोग गरे नगरेको हेर्ने । | | | | |
| ग) | विद्यार्थीलाई नै पूर्ण विराम,अल्प विराम,प्रश्न चिन्ह, उद्‌गार चिन्ह योजक चिन्ह, कोष्ठक चिन्ह,कहाँ कसरी र किन प्रयोग गर्ने भन्ने कुरा खोज्न बुझ्न र बताउन लगाउने । | | | | |
| घ) | लेख्य चिन्हको उपयुक्त प्रयोग गरी कुनै एउटा शीर्षकमा संवाद तयार गर्न लगाउने । | | | | |
| ङ) | लेख्य चिन्हको परिचय,प्रयोगबारे शिक्षक स्वयंमले बताइदिने । | | | | |

के कसरी शिक्षण गरिएको खण्डमा विद्यार्थीहरूले लेख्य चिन्ह प्रयोगको उपयुक्त अवधारणा विकास गर्न सक्छन ?

**१८**. अर्थ वा भाव र यसका प्रकार सम्बन्धी ज्ञानको अभिवृद्धिका लागि के-कस्ता कार्यकलाप गराउनदै आउनु भएको छ ?

| **क्रम** | **कार्यकलापहरू** | **धेरैजसो** | **कहिले काही** | **ज्यादै कम** | **गराएको छैन** |
|---|---|---|---|---|---|
| क) | विभिन्न प्रकारका भाव जनाउने वाक्यका प्रशस्त उदाहरण दिने र सोही अनुसार विद्यार्थीहरूलाई पनि उदाहरण खोज्न लगाउने । | | | | |
| ख) | विद्यार्थीहरूबाट अर्थ वा भावको परिभाषा यसका प्रकार तथा उदाहरण भन्न लगाउने । | | | | |
| ग) | प्रशस्त वाक्यहरु दिने र विद्यार्थीहरूलाई तिनीहरूको भाव वा अर्थ र प्रकार छुट्याएर लेख्न लगाउने । | | | | |
| घ) | वाक्य सहित निर्देशन दिएर विद्यार्थीहरूलाई सोही निर्देशनका आधारमा अर्थ वा भाव | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | परिवर्तन गर्न लगाउने । | | | | |
| ङ) | शिक्षक स्वयम्ले अर्थ वा भावको परिभाषा, प्रकार तथा उदाहरण बताइने । | | | | |

अर्थ वा भाव र यसका प्रकार शिक्षण गर्दा कसरी गरिएमा शिक्षणमा प्रभावकारिता आउन सक्ला ?

१९. विद्यार्थीहरूमा वर्णविन्यास सम्बन्धी व्यवहारिक ज्ञान अभिवृद्धि गर्नका लागि के कस्ता कार्यकलाप गर्दै गराउदै आउनुभएको छ ?

| **क्रम** | **कार्यकलापहरू** | **धेरैजसो** | **कहिले काही** | **ज्यादै कम** | **गराएको छैन** |
|---|---|---|---|---|---|
| क | विद्यार्थीहरूलाई श्रुतिलेखन गराउने | | | | |
| ख | विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले कठिन लागेका अनुच्छेद तथा पाठका अंश तोकी सार्न लगाउने । | | | | |
| ग | विद्यार्थीले गरेको लेखनको शुद्धिकरण गरिदिने | | | | |
| घ | वर्णविन्यास नियम लागेका शब्दहरूका प्रशस्त उदाहरण विद्यार्थीहरूलाई भन्न लगाउने । | | | | |
| ङ | वर्णविन्यासको परिचय, यसको आवश्यकता र नियम सम्बन्धमा विद्यार्थीसँग छलफल गर्ने । | | | | |
| च | शिक्षक स्वयम्ले वर्णविन्यस सम्बन्धी सम्पूर्ण समस्या समाधान गरिदिने । | | | | |

२०. वर्णविन्यास शिक्षण गर्दा कसरी गरिएमा शिक्षणमा र विद्यार्थीको अवधारणा विकास गर्न सक्छन ?

## शोधकर्ताको सङ्क्षिप्त परिचय

नाम : शुकदेव सुवेदी

जन्म मिति : २०२६-०१-३०

जन्म स्थान : माकुम जङ्सन, आसाम, भारत

पिता : नारायणप्रसाद सुवेदी

माता : कलावती सुवेदी

ठेगाना : भरतपुर-८,चितवन

शैक्षिक योग्यता : एम्.एड् (नेपाली )

सर्म्पक फोन : ९८४५०४६८३२

नागरिकता : नेपाली

धर्म : हिन्दु

मातृभाषा : नेपाली

रूचि : अध्ययन-अध्यापन

अध्यापनरत : श्री झुवानी उच्च मा.वि बछौली-९, चितवन

शैक्षिक अनुभव : १८ वर्ष

| **क्र.सं** | **शिक्षा** | **उत्तीर्ण वर्ष** | **शैक्षिक संस्था** |
|---|---|---|---|
| १. | एस.एल.सी. | २०४४ | प्रेमवस्ती उच्च मा.वि.,प्रेमवस्ती |
| २. | आइ.एस्सी | २०४८ | बीरेन्द्रं बहुमुखी क्याम्पस, भरतपुर |
| ३. | वि.एड्. | २०५४ | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर |
| ४. | एम्.एड्. | २०६८ | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर |